नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शनिबार, भदौ १७, २०७४ | Saturday, September 2, 2017 | www.newsofnepal.com | नेसं ११३७ ञला थ्वः ११ | वर्ष २३, अंक २३५ | पृष्ठ १२ | मूल्य रू. १०/–




## अचानक साथीको मृत्यु हुँदा....

काठमाडौं, (नेस)

अभिनेता कृष्ण मल्ल र अभिनेत्री शर्मिला मल्लका पुत्र सक्रिय मल्ललाई प्रहरीले हिरासतमा लिएको छ। गत मंगलबार राजधानीको रातोपुलस्थित निवासमा बस्ने गरी पुगेका साथी श्याम पाण्डेको निधन भएपछि अनुसन्धानका लागि महानगरीय प्रहरी वृत्त गौशालाले उनलाई हिरासतमा लिएको हो।

(क्रमशः पृष्ठ ९ मा)

# 'भ्रष्टाचारी' बारे खैलाबैला

## कांग्रेस सांसदबीच नै विवाद, अर्को बैठक सोमबार बस्ने

बीपी साह, काठमाडौं

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा भ्रष्टहरूलाई सहभागी हुन दिने कि नदिने भन्ने विषय राज्य व्यवस्था समितिले शुक्रबार पनि टुंगो लगाउन सकेन। लामो समयदेखि विवादित रहँदै आएको यस विषयमा शुक्रबार टुंगो लगाउने भनिए पनि समितिमा विवाद भएपछि बैठक स्थगित भएको हो।

कांग्रेस सांसदहरूले दर्ता गराएका भ्रष्टलाई निर्वाचनमा लड्न दिने विषयसहित अन्य विषयमा सहमति जुट्न नसकेपछि बैठक सोमबारसम्मका लागि स्थगित भएको समितिका सभापति दिलबहादुर घर्तीले नेपाल समाचारपत्रलाई बताउनुभयो।

घर्तीले भन्नुभयो- 'भ्रष्टाचारीको विषय त छँदै छ, महिलाको विषयमा पनि सहमति हुन सकेन। अन्य संशोधनहरू पनि छन्। भ्रष्टाचारीका विषयमा मोटामोटी छलफल भइसकेको छ। तर हामीसँग अझै केही समय रहेकाले सोमबारका लागि बैठक स्थगित गरिएको छ।'

बैठकमा कांग्रेस सांसदहरूबीच नै संशोधनका विषयमा विवाद भएको थियो। एक पक्षले हाल रहेको विधेयकलाई जस्ताको त्यस्तै पठाउनुपर्ने तर्क गर्दै आएका छन् भने भ्रष्टलाई पनि चुनाव लड्न दिने व्यवस्था राख्नुपर्ने पक्षमा संशोधन हालेका सांसदहरूले संशोधन गरेर अगाडि बढ्नुपर्ने तर्क गर्दै आएका छन्।

शुक्रबारको बैठकमा एमाले सांसद गंगालाल तुलाधरले भ्रष्टाचारमा सजाय पाएकालाई कुनै पनि हालतमा निर्वाचनमा सहभागी गराउन नहुने बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले फौजदारी कानुनबाट सजाय पाएकाहरूलाई निर्वाचनमा सहभागी गराउने कांग्रेस सांसदहरूको मनसाय पूरा नहुने दाबी गर्नुभयो।

त्यस्तै, राजपाका सांसद बृजेश गुप्ताले पनि भ्रष्टहरूलाई निर्वाचनमा सहभागी गराउन नहुने तर्क गर्नुभयो।

यता निर्वाचन आयोगले प्रदेशसभा सदस्य र प्रतिनिधिसभा सदस्यसम्बन्धी ऐनका लागि ताकेता गर्दै आएको छ। तर हालसम्म विधेयक समितिमै अड्किएको छ।

नेपाली कांग्रेसका १९ जना सांसदले भ्रष्टाचारमा सजाय पाइसकेकालाई तीन वर्षपछि निर्वाचनमा सहभागी गराउनुपर्ने व्यवस्था गर्न विधेयकमाथि संशोधन दर्ता गराएका छन्।

(क्रमशः पृष्ठ ९ मा)



## भ्रष्टाचार नियन्त्रण गर्न संसद्मा संकल्प प्रस्ताव

काठमाडौं, (नेस)

भ्रष्टाचार नियन्त्रण गर्न सांसदहरूले संकल्प प्रस्ताव दर्ता गराएका छन्। सांसद जनकराज जोशीसहित छ जना सांसदहरूले भ्रष्टाचार नियन्त्रण सम्बन्धमा व्यवस्थापिका संसद्मा संकल्प प्रस्ताव दर्ता गराउनुभएको हो। संकल्प प्रस्तावमा अनुचित कार्य सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई १५ दिनभित्र विधेयक पेस गर्न निर्देशनको माग गरिएको छ।

व्यवस्थापिका संसद्को नियमावली २०७३ परिच्छेद १५ को नियम ९९ देखि १०८ को अधीनमा रही संसद्मा सरकार र भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरूलाई निर्देशन दिन संसद्मा प्रस्ताव दर्ता गराएको सांसद जोशीले बताउनुभयो।

'कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका भ्रष्टाचारबाट मुक्त रहन सकेन', प्रस्तावमा भनिएको छ- 'भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी खास गरी राजनीतिक क्षेत्रको भ्रष्टाचार छानविन गर्न निरीह बनेको अवस्था रह्यो। शक्ति सन्तुलन र नियन्त्रण स्वार्थ प्रेरित भई सन्तुलन न्यून र नियन्त्रण ज्यादा भएकाले परिणाम हाम्रो सामु जगजाहेर छ।'

त्यस्तै, भ्रष्टाचारजन्य कार्यलाई छानविन गर्ने निकायहरू छरिएर रहेकाले तिनलाई एकीकृत गरी त्यहीअनुसारको नीतिगत र कानुनी संरचना बनाउन कार्यदल पेस गर्न सरकारलाई संसद्ले निर्देशन दिनुपर्ने माग गरिएको छ। कार्यदलले २ महिनाभित्र संसदसमक्ष प्रतिवेदन पेस गर्नुपर्ने सांसदहरूको माग रहेको छ। संकल्प प्रस्तावमा सांसदहरू अकवाल अहमद शाह, नरसिंह चौधरी, हर्कबोल राई र अनिताकुमारी परियारले हस्ताक्षर गर्नुभएको छ।

## प्रधानमन्त्री अस्वस्थ

काठमाडौं, (नेस)

प्रधानमन्त्रीसमेत रहनुभएका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले तेस्रो चरणअन्तर्गत प्रदेश नम्बर २ मा हुन लागेको स्थानीय तहको निर्वाचनका लागि उम्मेदवार तय गरेलगत्तै केन्द्रीय पदाधिकारी मनोनित गर्ने तयारी गर्नुभएको छ।

महाकाली नदीमा चार लेनको पुल शिलान्यास गरेर कञ्चनपुरबाट फर्किएलगत्तै अस्वस्थ हुनुभएका प्रधानमन्त्री देउवा घरमै आराम गरी बस्नुभएकाले प्रदेश नम्बर २ को उम्मेदवार तय गर्न महामन्त्री डा. शशांक कोइराला, नेता विमलेन्द्र निधिलगायतका नेताहरू शुक्रबार दिनभर छलफलमा व्यस्त भएका थिए।

प्रधानमन्त्री अस्वस्थ भएको बारे उहाँका निजी सचिव भानु देउवाले भन्नुभयो- 'प्रधानमन्त्री देउवालाई सामान्य रुघाखोकी लागेर आराम गरी बस्नुभएको छ।'

स्थानीय तहको निर्वाचनको प्रदेश नम्बर २ मा उम्मेदवार चयन गरेलगत्तै केन्द्रीय पदाधिकारी मनोनित गरी दशैं आनन्दसँग मनाउने योजनामा प्रधानमन्त्री रहेको देउवा निकट स्रोतले जानकारी दिएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## आचारसंहितामा कडाइ गरिने

काठमाडौं, (नेस)

निर्वाचन आयुक्त सुधीरकुमार शाहले तेस्रो चरणको स्थानीय तह तथा प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनमा आचारसंहिता पालनामा कडाइ गर्न आवश्यक रणनीति र संयन्त्रको विकास गरिएको बताउनुभएको छ।

निर्वाचन आयोगमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो- 'आचारसंहिता नैतिकता र मर्यादासँग जोडिएको प्रश्न भएकाले मर्यादा नमान्नेलाई कानुनी दायरामा ल्याइनेछ।'

विगतमा आचारसंहिता पालना गराउन निर्वाचन आयोगबाट सशक्त र प्रभावकारी भूमिका हुन नसकेको स्वीकार गर्दै उहाँले अघिल्ला निर्वाचनमा पनि उपप्रधानमन्त्री र मन्त्रीहरूलाई समेत आचारसंहितको बारेमा जानकारी माग गरिएको घटनाको स्मरण गराउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# टेक्सासमा नेपाली पनि अलपत्र



भगवती तिमल्सिना
नर्थ क्यारोलिना, अमेरिका

अमेरिकाको टेक्सास क्षेत्रमा आँधीका कारण जनजीवन अस्तव्यस्त भएको छ। अमेरिकाको चौथो ठूलो शहर टेक्सासमा ठूलो संख्यामा रहेका नेपालीका दर्जनौं परिवार अलपत्र परेको अवस्थामा रहेको ह्युस्टनमा बसोबास गर्दै आउनुभएका नेपाल टेलिभिजनका पूर्वअध्यक्ष तथा वरिष्ठ पत्रकार तारा बराल बताउनुहुन्छ।

'आँधीसहितको वर्षात्का कारण ह्युस्टनको उद्योगधन्दा, व्यापार, स्कुल, विमानस्थल पूरै बन्द छ। मानिसहरू घरबाहिर निस्कनसमेत सकेका छैनन्' -बरालले भन्नुभयो। उहाँका अनुसार ह्युस्टन महानगरको डाउनटाउन, मेयरल्यान्ड, साइप्रस, केटी, रिचमन्ड, क्लियरलेक, लिगसिटी, मेडिकल सेन्टर र रोजन्सवर्ग सर्वाधिक प्रभावित भएका छन्। प्रायः सबै हाइवे र फिडर रोडहरू यतिखेर नदी र तलाउमा परिणत भएका छन्। जहाँ गाडी होइन डुंगाहरू देखिन्छन्।

पत्रकार बरालका अनुसार स्थानीय चर्चित बेन्टब हस्पिटलमा समेत सबै बेड खाली गरेर बिरामीलाई अन्यत्रै सारिएको छ। मौसम विभागले आउँदो बुधबारसम्म वर्षा जारी रहने जनाएको छ। आँधीसहितको वर्षाले झन्डै एक दर्जनभन्दा धेरै नेपाली परिवार विस्थापित भएर सुरक्षित स्थानमा सरेका छन्। यसबाट प्रभावित हुने नेपालीको संख्या अझै बढ्न सक्ने निश्चित भएको बताइएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# नेपालको सडकमा भारतीय बालबालिका

सुरेश तामाङ, काठमाडौं

काठमाडौं उपत्यकाका अति व्यस्त स्थानहरूमा फर्जी कागजात देखाउँदै पैसा माग्दै हिँडेका भारतीय बालबालिका र तिनका अभिभावकका कारण नेपालका सरकारी निकायहरू हैरान भएका छन्।

जोखिमयुक्त अवस्थामा पैसा मागी बस्ने र बसाउने बालबालिका र तिनका अभिभावकसमेतलाई उद्धार गरे पनि तिनीहरू फेरि सडकमै पुग्ने समस्याले गर्दा केन्द्रीय बाल कल्याण समिति र बालबालिका खोजतलास समन्वय केन्द्र हैरानीमा परेका हुन्।

शहरका अति व्यस्त स्थानहरूमा फर्जी कागजात देखाउँदै पैसा माग्दै हिँडेका भारतीय बालबालिका र तिनका अभिभावक समेतबाट शहरका बटुवालाई समेत हैरानी पारेपछि केन्द्रले उनीहरूलाई सडकबाट उद्धार गरी पुनः सडकमा बस्न बसाउन नहुने बारेमा ४ देखि ६ घण्टासम्म राखी सचेतना अभिवृद्धि गरेको केन्द्रका अधिकृत सन्तोष अधिकारीले बताउनुभयो।

केन्द्रले अति व्यस्त हुने शहरका विभिन्न ठाउँहरूको पहिचान गर्दै ५२ बालक, ४५ बालिका र २६ अभिभावक फर्जी कागजात देखाउँदै पैसा माग्दै हिँड्ने गरेको विवरण केन्द्रीय बाल कल्याण समितिलाई बुझाएको छ।

केशरमहल, दरबारमार्ग, सुन्धारा, पुरानो बसपार्क, गौशाला पशुपति, विमानस्थल क्षेत्र, कोटेश्वर, जावलाखेल, कलंकी, स्वयम्भु, थापाथली पुल, नयाँ बसपार्क (बालाजु), बल्खु सुकुम्बासी बस्ती र लोकन्थलीको सुकुम्बासी बस्तीमा धेरैजसो भारतीय बालबालिका तथा तिनका अभिभावकसहित पैसा माग्दै हिँड्ने गरेको विवरणमा उल्लेख छ।

### सरकारी निकाय हैरान

उद्धार गरिएका बालबालिका र अभिभावकले आफूहरू भारतका रूपैडिया, गौंडाका रहेको बताएको समितिका बालसंरक्षण अधिकृत सुनिता शाहले बताउनुभयो। उहाँका अनुसार अधिकांश भारतीय नागरिक भएको बुझिए पनि केहीको भने रासन कार्ड रहेको छ।

सडकमा यस्तो अवस्थामा भारतीय बालबालिका र तिनका अभिभावक देखिएपछि यसको समस्या समाधानका लागि समितिले भारतीय राजदूतावाससँग सहकार्य गर्न लागिएको जनाएको छ।

समितिका कार्यकारी निर्देशक तारक धितालले भारतीय बालबालिका र तिनका अभिभावकका विषय व्यवस्थापनका लागि भारतीय दूतावाससँग सहकार्य गर्न लागिएको बताउनुभयो। 'हामीले राजदूतावाससँग मौखिकरूपमा कुरा राख्दा समस्याको व्यवस्थापनका लागि सहमतिजस्तो भएको छ', उहाँले भन्नुभयो- 'दूतावासले विवरण माग गर्ने र समस्याको व्यवस्थापनका लागि सहकार्य गर्ने भनिएको छ। आशा छ, यो समस्या चाँडै टुंगो लाग्नेछ।'

केन्द्रले समितिसँग सहकार्य गर्दै सडकमा बालबालिका बस्नुपर्दैन र सडकमा बालबालिका बस्न पाइँदैन भन्ने अभियान स्वरूप समितिसँगको समन्वयमा २०६३ वैशाखदेखि निरन्तररूपमा सडकमा जोखिमयुक्त अवस्थामा आश्रितहरूको उद्धार गर्दै आइरहेको छ।

समितिले सडकबाट उद्धार गर्नेमा नेपाली बालबालिका पनि छन्। हालसम्म ६ सय ५६ जना नेपाली बालबालिकालाई उद्धार गरिएको जनाएको छ। यो तथ्यांक साउन मसान्तसम्मको हो। यी बालबालिकाहरू ६ वर्षदेखि १८ वर्षमुनिका छन्।

यसरी सडकबाट उद्धार गरिएकामध्ये १ सय ८३ जनालाई परिवारमा पुनर्मिलन गरिसकेको समितिले जनायो। २४ जनाले सीपमूलक तालिम लिइरहेका र १८ जनाले तालिमपछि काम गरिरहेका छन्।

त्यसमध्ये ८ जना बालगृहमा छन् भने २ सय ५८ जना समितिसँगको सहकार्यमा रहेका विभिन्न संस्थाको सेल्टरमा छन्।

# महानगर

रेक क्षेत्रमा पागल भएर लाग्नु मान्छेको सफलताको सूत्र हो। यसले यसो भन्ला कि उसले उसो भन्ला कि भनेर रोकिँदै अगाडि बढ्ने मान्छे सफल बन्न सक्दैन। आफू नाटककै लागि जन्मेको भन्ने पूरा बुझिसकेका अशेषले आफूलाई नाटकको पागल मान्छे मान्छन्।



Go Ahead

# सर्वनामका सारथि



कमल ढकाल
dhakal_kamal@hotmail.com

'नाटक रंगमञ्चको सीमाभित्र बाँधिँदैन, नाट्य प्रस्तुति स्वयंले आफ्नो समय र स्थल आफै निर्माण गर्छ।' नाटकमा लाग्नेको लागि महान् वाणी हो यो। अशेष मल्लको जिन्दगीको भोगाइबाट निक्लेको दर्शन हो यो। कालिकास्थान बाँसघारी नजिकैको सर्वनाम थिएटरमा लेखिएको यो उद्गारले नाटकमा लाग्नेलाई नाट्य प्रस्तुतिमा विशेष ध्यान दिन सूचित गरिरहेको छ।

जिन्दगी डेरामै बित्छ कि भनेर घोत्लिनेलाई घर बनाउँदा जति खुसी हुन्छ, त्योभन्दा बढी खुसी छन् अशेष। सर्वनाम थिएटरको घर गौरवको विषय बनेको छ अशेषका लागि। परिकल्पना र सृजना शीर्षकको हेडलाइन हालेर कसैको सुका पैसा नलागेको नाटक र सडक नाटकबाट जोगाएको तिलदाम जोडेर भवन ठडयाइएको भन्दै शिलालेख नै छपाएका छन् उनले।

हरेक मान्छे सम्भावना लिएर जन्मेको हुन्छ। धनकुटामा जन्मेका अशेष पनि आफ्नो सम्भावना नाटकमा देखेर लागे। सांस्कृतिक विकासको चरम युगमा जन्मे अशेष। धनकुटामा जताततै मादल, सितार, सारंगीका आवाज सुन्थे। पुजारीलाई घण्टको आवाजले तानेजस्तै अशेषलाई त्यही माहोलले तान्यो, जहाँ उनी कवि बन्न पुगे। अभिनय गर्ने कलाकार बन्न पुगे। साहित्य र नाटकमा रुचि बढ्दै गयो। किशोर अवस्थामै कलाकार समूह बनाएर लागे नाटकमै। २०३१ देखि लागेको त्यो समय अब चालिस प्लस हुँदै अगाडि बढिरहेको छ।

२०३२ मा आफैले लेखेको नाटक तुवाँलोले ढाकेको आकाश लिएर धनकुटाबाट धरान, विराटनगर वीरगन्ज हुँदै राजधानी शहर आए। ५५ जनाको डफ्फा थियो त्यो। सबै यहाँ भाग्य अजमाउन आएका थिए। अरू हिँडे, अशेष अडिए। अशेष मात्र भाग्यमानी बने। एक महिनासम्म एकेडेमीमा भिडमभिडले नाटक चल्यो। फिल्ममा जस्तै टिकट काटेर नाटक देखाउने सपना विपना बनेपछि अशेषले १५ सय कमाए। त्यो १५ सय थिएन। १५ लाख थिएन। त्यो १५ करोड पनि थिएन। त्यो १५ सय उनको जीवन नाटकमा लगाउने जीवनद्वार थियो।

सकारात्मक ढंगले हेरेपछि गाली पनि औषधि बन्छ। नकारात्मक सोच्नेलाई अर्ती पनि विष हुन्छ। राजपरिवारसमेत आएर हेरी अपार सफलता पाएको नाटकबाट गदगद बनेका थिए अशेष। त्यही नाटकलाई साहित्यकार विजय मल्लले यस्तो थोत्रो पनि नाटक हुन्छ, तिमीले नेपाली नाटकलाई ५० वर्ष धकेल्यौ, आधुनिक नाटक लेख अनि देखाऊ भनेर ठूलो स्वरमा झपारे। मिठो निन्द्रामा पानी हालेर झस्याङ भएजस्तै भए अशेष। साहित्यकार विजय मल्लको भनाइ उनको जिन्दगीमा आकाशवाणी भयो। विजय मल्ल एक मोड बने अशेषको जिन्दगीको। गाली नपाएको भए अशेष आधुनिक नाटक खोज्न दौडँदैनथे। त्यसरी नदौडेको भए आजको अशेष हुन सम्भव थिएन।

आधुनिक नाटक बुझ्न ब्रिटिस, अमेरिकन र भारतीय लाइब्रेरी खुब धाए अशेष। नाटक भावको अभिव्यक्ति हो। यही बुझे पढाइले। त्यसपछि बिहानदेखि बेलुकीसम्म असनमा हुने दिनचर्यालाई लिएर सिंगो असनलाई नाटकको डोकोमा हाले। त्यही डोको घोप्ट्याए अशेषले सडकदेखि सडकसम्ममा। त्यही बन्यो उनका लागि आधुनिक नाटक। जसबाट प्रशंसा पनि निकै पाए।

२०३८ चैत्रमा सर्वनाम नाट्य समूह स्थापना गरे अशेषले। आज सर्वनाम ३६ वर्ष भइसकेको छ। यहाँसम्म आउँदा अशेषको जिन्दगीमा पनि धेरै नयाँ आयाम आएको छ। सडक नाटक देखाउने नेपालकै पायोनियर मान्छे बनेका छन् अशेष। त्रिविका प्रोफेसर बनेका छन्। सयभन्दा बढी नाटकका लेखक र प्रदर्शनका द्रष्टा। नेपाल एकेडेमीका भूतपूर्व प्राज्ञ। नाममाथि अनेक विशेषण झुन्डिएको छ अशेषको।

हरेक सपना विपना बन्न समय लाग्दो रहेछ। अहिले यही बुझेका छन् अशेषले। २३ वर्ष अगाडि अशेषले एक सपना देखेका थिए। हङकङमा खुला आँखाले देखेको सपना थियो त्यो। अहिले पूरा भएको छ। एकै घरमा कतै साहित्यको कुरा भइरहेको, कतै आर्टमा मान्छे झुम्मिइरहेका, कतै रंगमञ्चको काम भइरहेको, त्यही चिकया चमेना गर्दै असभ्य राजधानीलाई सभ्यताको परिचय दिन लागिपरेका त्यस्तो एक घर बनाउन पाए भन्ने सपना सर्वनाम थिएटरले पूरा गरेको छ। संसारमा जहाँ पनि नाटक देखाउनेलाई स्पेसले पिरोल्ने व्यथाबाट मुक्ति पाउन खोज्दा नै अशेषले दुई काम गरे। एक खेतका गरा, चोक, डबलीमा सडक नाटक देखाएर नेपालका सडक नाटकका प्रणेता, अर्को सर्वनामको आफ्नै भवन।

हरेक क्षेत्रमा पागल भएर लाग्नु मान्छेको सफलताको सूत्र हो। यसले यसो भन्ला कि उसले उसो भन्ला कि भनेर रोकिँदै अगाडि बढ्ने मान्छे सफल बन्न सक्दैन। आफू नाटककै लागि जन्मेको भन्ने पूरा बुझिसकेका अशेषले आफूलाई नाटकको पागल मान्छे मान्छन्। चार दशक बढी समय लगातार एकै क्षेत्रमा पैसा आए पनि नआए पनि निरन्तर लाग्नु पागलपन नभए के हो त? उनको प्रतिप्रश्न छ। भन्दै थिए, श्रीमान् पागल भएर लाग्नेको श्रीमती पनि पागल हुनुपर्छ, सफल भइहाल्छ।

श्रीमती डा. सावित्री मल्ल पनि नाटकमै विद्यावारिधि गरेकी रहिछन्। छोरी सम्पदा बलिउडमा आफ्नो फिल्मि लेखन कर्म गरिरहेकी छिन्। छोरा पढिरहेका छन्। परिवारबाट पनि सन्तुष्ट बनेका छन् उनी। अशेष आफूलाई भाग्यवादी र ईश्वरवादी मान्छन्। सर्वनामकै छेउछाउमा बाँसको झयाङमा चरा कराएजस्तै थिएटरमा कल्याङकुलुङग आएपछि अशेष आनन्द मान्छन्।


अशेषले गौंथलीले चुच्चोमा माटो ल्याएर आफ्नो घर बनाएजस्तै गरी सर्वनाम तयार गरेका हुन्। संसारको जुन कुनामा पुगे पनि त्यहाँको नाटक कस्तो छ भनेर हेर्छन्, अनि त्यसमा मनमनै सर्वनाम मिसाउँछन्। के सुधार गर्नुपर्छ, गर्छन्। नाममाथि सर्वनाम लागेजस्तै अहिले अशेष मल्ल भन्नेबित्तिकै सर्वनाम थिएटर र नाटकका मान्छे भन्ने सर्वनाम उनमा आइहाल्छ। जानेर नजानेर जीवनमा सर्वनाम उनको प्रिय शब्द बन्यो। उनी त्यो शब्दका सारथि बने।

अशेषले गौंथलीले चुच्चोमा माटो ल्याएर आफ्नो घर बनाएजस्तै गरी सर्वनाम तयार गरेका हुन्। संसारको जुन कुनामा पुगे पनि त्यहाँको नाटक कस्तो छ भनेर हेर्छन्, अनि त्यसमा मनमनै सर्वनाम मिसाउँछन्। के सुधार गर्नुपर्छ, गर्छन्। नाममाथि सर्वनाम लागेजस्तै अहिले अशेष मल्ल भन्नेबित्तिकै सर्वनाम थिएटर र नाटकका मान्छे भन्ने सर्वनाम उनमा आइहाल्छ। जानेर नजानेर जीवनमा सर्वनाम उनको प्रिय शब्द बन्यो। उनी त्यो शब्दका सारथि बने।

## बलिउडका ५ चर्चित
# अनस्क्रिन जोडी

बलिउडमा यस्ता कयौं जोडी छन्, जुन जोडीले सिल्भर स्क्रिनमा आफ्नो जादु देखाएर दर्शकको मुटुमा बस्न सफल भएका छन्। चाहे त्यो ८० को दशकको ऋषि कपुर-डिम्पल कपाडियाको जोडी होस् या ९० को दशकको अक्षय कुमार-रवीना टन्डन र शाहरुखका जोलको जोडी नै किन नहोस्?

यी अनस्क्रिन जोडीको केमेस्ट्री आज पनि कयौं मानिसहरु पर्दामा हेर्न चाहन्छन्। यद्यपि यी जोडीहरुको विवाह भइसकेको छ। तर आज पनि दर्शकहरु यिनीहरुलाई रियल लाइफ पार्टनरभन्दा बढी अनस्क्रिन पार्टनरसँग देख्न चाहन्छन्। बलिउड अनस्क्रिन जोडीहरु जसका लागि दर्शकहरु मरिहत्ते गर्छन्, तिनीहरु यस्ता छन् :



### २ काजोल-शाहरुख


काजोल र शाहरुख खानको अनस्क्रिन जोडीलाई पनि बलिउडमा चर्चित र हिट जोडीका रूपमा लिइन्छ। यो जोडीले *बाजीगर, करनअर्जुन, दिलवाले दुल्हनिया ले जाएंगे, कुछ कुछ होता है, कभी खुशी कभी गम* र *दिलवाले*जस्ता चर्चित फिल्ममा स्क्रिन साटासाट गरे। काजोलले अजय देवगनसँग विवाह गरिन् भने शाहरुखले गौरी खानसँग विवाह गरे।

### ३ श्रीदेवी-अनिल

बलिउडमा श्रीदेवी र अनिल कपुरको अनस्क्रिन जोडीलाई पनि निकै रुचाइन्छ। *मिस्टर इन्डिया, राम अवतार, हीररांझा, लाडला, मिस्टर बेचारा, जुदाई*जस्ता फिल्ममा सँगै देखिएको यो जोडीले पर्दामा निकै किस्सा साटासाट गर्‍यो। यद्यपि श्रीदेवीले पहिला मिथुन चक्रवर्तीसँग र पछि बोनी कपुरसँग विवाह गरिन् भने अनिलले सुनिता कपुरलाई जीवनसंगीनीका रुपमा अपनाए।







### ४ अमिताभ-रेखा

बलिउडका दिग्गज अभिनेता अमिताभ बच्चन र रेखाको अनस्क्रिन जोडीलाई रुचाउनेको संख्या पनि कम्ती छैन। नमक हराम, दो अनजानो, मिस्टर नटवरलाल, सुहाग, सिलसिलाजस्ता फिल्ममा देखिएको जोडीले पर्दामा निकै रोमान्स गर्‍यो। अमिताभले जया बच्चनसँग विवाह गर्दा रेखाले मुकेश अग्रवालसँग १ वर्षमात्र बिताइन्। किनकि सन् १९९१ माा मुकेशले आत्महत्या गरे।

### ५ ऋषि-डिम्पल

त्यस्तै ९० को दशकमा हिट भएको अर्को अनस्क्रिन जोडीमा ऋषि कपुर र डिम्पल कपाडिया पर्छन्। यो जोडीले *बब्बी, सागर, अजुवा, प्यारमे ट्विस्ट, पटियाला हाउस*जस्ता फिल्ममा काम गर्‍यो। पछि ऋषि कपुरले नितु सिंहसँग विवाह गरे भने डिम्पलले राजेश खन्नासँग विवाह गरिन्। राजेशको सन् २०१२ मा निधन भएको थियो।



### १ अक्षय-रविना

अक्षय कुमार र रविना टन्डनको अनस्क्रिन जोडीलाई नै बलिउडमा सबैभन्दा धेरै रुचाइएको जोडीका रूपमा लिइएको छ। यो जोडीले *मोहरा, खिलाडियोंका खिलाडी, कीमत, बारुद, पुलिस फोर्स*जस्ता हिट फिल्म दिएर दर्शकको मन जितेको थियो। वास्तविक जीवनमा अक्षयले ट्विंकल खन्नासँग विवाह गरे भने रविनाले अनिल थडानीसँग विवाह गरिन्।

# अब पोइ चाहियो भन्ने गीत आउँदैन : कोमल वली



नायिका थापाप्रति लक्षित गर्दै वलीले थपिन्- 'राप्रपाको सिद्धान्त मन पर्छ। यही पार्टीको झण्डा ओढेर मर्न चाहन्छु भन्ने त अर्कोतिर लागेका छन्। म पनि पार्टीले संघीयताको पक्षमा कुरा गर्दा भड्किन सक्छु। नेपालमा प्रदेश चाहिँदैन।'

कुमार श्रेष्ठ, बाँके

भेट्न खोज्नेबित्तिकै गायिका कोमल वलीको मुखबाट निस्कियो, 'कहिले विवाह गर्नुहुन्छ भन्ने सोध्ने त होला नि?'

शुरुमै तर्किएकी वलीलाई सञ्चारकर्मीले त्यो कुरा सोधेनन्। बरु गायिका वलीले चतुर्‍याइँपूर्वक आफैलै कुरा उठाइन् 'मेरो अब पोइ चाहियो भन्ने गीतचाहिँ आउँदैन। अरू गीत त आउँछ।'

गायन र सञ्चारकर्म छोडेर राजनीतिमा होमिएकी वलीको दैनिकी फेरिएको छ। आफ्नो पार्टी, नेपाल र विदेशको राजनीतिक अवस्था अध्ययन गर्नमा वली व्यस्त छिन्। भन्छिन्- 'अहिले पार्टी र देशको राजनीति बुझ्नमा समय खर्चेको छु। भनौं जग बलियो बनाउने प्रयासमा लागेको छु।' यद्यपि, वलीले बिहान केही समय कसरत र गीत गाउन छोडेकी छैनन् रे।

पत्रकारिता गर्दा र गीत गाउन गाउँगाउँमा जाँदा देखिएको वस्तुस्थिति र समस्यालाई समाधान गर्न राजनीति गर्नुपर्छ भनेर लागेको गायिका वलीको भनाइ थियो। लामो समय रेडियो नेपालमा काम गरेकी वलीले हरेक वर्षजसो तीजमा भगवान् शिवलाई जोडेर निकाल्ने गीतले चर्चा पाउने गर्दथ्यो। पछिल्लो पटक भने वलीले *चाहिएन पोइ, म बाँच्ने देशकै लागि हो* गीत गाएर राजनीतिलाई प्राथमिकता दिएको संकेत गरेकी छिन्।

गत असार १४ को स्थानीय निकायको चुनावमा दाङको तुलसीपुर नगरपालिकाको मेयरमा प्रतिस्पर्धा गर्ने इच्छा व्यक्त गरेकी वलीलाई 'सिनियर'ले चान्स दिएनन्। तपाईं लडे पनि हार्ने रहेछ है? भन्ने प्रश्नमा वलीले भनिन्- 'नेपालगन्जमा डा. धवल शमशेर राणालाई व्यक्ति हेरेर यहाँका बासिन्दाले जिताएको जसरी मलाई पनि जिताउँथे कि?' उनले लामो हात हाल्ने र पद खोज्ने आफ्नो बानी नरहेको बताइन्। वलीले आगामी संघ र प्रदेशको चुनावमा पार्टीले जहाँबाट टिकट दिन्छ, त्यहींबाट चुनावमा प्रतिस्पर्धा गर्ने बताइन्। 'पार्टीलाई सहयोग गरेको समानुपातिकमा परेको' भन्ने थेगोजस्तो हो कि भन्दा वली मुस्कुराइन् मात्र।

वलीलाई ठूला पार्टीले अफर गरेका थिए रे। संघीयता चाहिँदैन भन्दै राजसंस्था र हिन्दू राष्ट्रको वकालत गर्ने वलीलाई यही मुद्दा बोकेको राप्रपा नै ठीक लाग्यो रे। 'आत्मसन्तुष्टि हुने ठाउँमा बस्नुपर्छ। अहिले म राप्रपामा सन्तुष्ट छु', वलीको भनाइ थियो- 'सानो पार्टी भए पनि उसले लिएको आदर्श र सिद्धान्त ठीक छ।'

वलीभन्दा केही समयपछि राप्रपामा प्रवेश गरेकी नायिका रेखा थापा पशुपति शमशेर राणाको खेमातिर लागेकी छन्। पार्टी फुट्दा वलीको भने चित्त दुखेको छ। नायिका थापाप्रति लक्षित गर्दै वलीले थपिन्- 'राप्रपाको सिद्धान्त मन पर्छ। यही पार्टीको झण्डा ओढेर मर्न चाहन्छु भन्ने त अर्कोतिर लागेका छन्। म पनि पार्टीले संघीयताको पक्षमा कुरा गर्दा भड्किन सक्छु। नेपालमा प्रदेश चाहिँदैन।'

पार्टी एकीकरण भएपछि हिन्दू राष्ट्र निर्माणको अभियानमा मजबुत भएको महसुस गरेको राप्रपा फेरि विभाजन भएपछि यतिबेला अध्यक्ष थापासँगै आफू पनि संगठन बलियो बनाउन जिल्ला दौडाहामा निस्किएको उनले बताइन्। मध्यपश्चिमाञ्चलस्तरीय स्थानीय निकायका प्रमुखको भेलालाई सम्बोधन गर्न वली नेपालगन्ज आएकी थिइन्।

## अमेरिकी राष्ट्रपतिलाई
# किमको व्यंग्य

हलिउड स्टार तथा टिभी रियालिटी शोको माध्मबाट चर्चा बटुलिसकेकी नायिका तथा मोडल किम कार्डसियनले केही यस्तो मजाक बनाएकी छिन् कि जुन सुनिरहँदा अरूलाई हाँसो उठे पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई भने नराम्रो लाग्न सक्छ।

उनले हालै ४ वर्षीया छोरी नर्थ वेस्टले अमेरिकी राष्ट्रपतिले भन्दा राम्रो तरिकाले देश चलाउन सक्ने बताएकी छिन्। एक हलिउड समाचार एजेन्सीले जनाएअनुसार उनले एक अरबी म्यागेजिन हार्पर बजारको सेप्टेम्बर इस्युका लागि दिएको एक अन्तर्वार्तामा यस्तो बताएकी हुन्। उनले भनेकी छिन्- 'आजको अमेरिकाको राष्ट्रपतिले जस्तो गरी त जोसुकै मानिसले देश चलाउन सक्छन्। यहाँसम्म कि मेरी ४ वर्षीया छोरीले पनि।'

उनले अन्तर्वार्तामा भनेकी छिन्- 'आज अमेरिका जुन स्थानमा छ, यो हुनका लागि हामी सबैले धेरै मेहनत गरेका छौं र आज हामीसँग केही चिज छ, जसमाथि हामी गर्व गर्न सक्छौं।' किम २ छोरीकी आमा हुन् भने अब चाँडै नै सेरोगेसीको माध्यमबाट एक अर्को बच्चाको आमा बन्नेवाला छिन्। उनका पति कान्ये वेस्ट र उनले सेरोगेसीको माध्मबाट बच्चा जन्माउने निर्णय तब गरेका थिए, जब उनी प्लेसेटा एक्रेटा नामक रोगले ग्रस्त थिइन्। यस्तो अवस्थामा बच्चा जन्माउँदा उनको जीवन नै खतरामा पर्ने भएपछि यिनले यस्तो निर्णय लिएकी हुन्।





# साहित्य

ज्ञान नै शक्ति हो।
-फ्रान्सिस बेकन

असम्भव भन्ने शब्द मेरो शब्दकोशमा छैन।
-नेपोलियन बोनापार्ट

# मैथिलीका महाकवि विद्यापति

श्रीमन्नारायण

मैथिली भाषाका महाकवि विद्यापतिको जन्म वि.सं. १४०७ मा प्राचीन मिथिला र आधुनिक भारतको विहार प्रान्तको दरभङ्गा जिल्लाको विसफी भन्ने गाउामा भएको थियो। कार्तिक धवल (शुक्ल) त्रयोदशीमा उनको जन्म भएको थियो। विद्यापति जन्मेको गाउा विसफीमा प्रत्येक वर्ष विद्यापति स्मृति दिवस मनाइन्छ। कवि कोकिल विद्यापतिलाई भारतको विहार, पश्चिम बङ्गाल प्रान्त तथा हाम्रो देश नेपालले पनि आफ्नो देशको राष्ट्रिय विभूतिको रुपमा सम्मान दिदैं आएको छ र धरोहरको रुपमा मान्यता दिएको छ। महाकवि विद्यापतिलाई बङ्गालीहरुले पनि आफ्नो कवि मान्छन्, जबकि नेपाली भाषा-साहित्य तथा संस्कृतिमा पनि विद्यापतिको प्रभाव परेकै हो।

विहार सरकारले सन् १९६६ देखि नै विद्यापतिको टिकट पनि चलनमा ल्याएको छ। हाम्रो देशमा पनि विद्यापतिको टिकट चलनमा केही अघि आएको हो। भारतको सरकारले मैथिली भाषालाई त्यहााको संविधानको आठौं अनुसूचीमा उल्लेख गरी राष्ट्रभाषाको रुपमा मान्यता दिएको छ। हाम्रो देशमा राष्ट्रभाषा नेपालीपछि सर्वाधिक बोलिने दोस्रो भाषाको रुपमा मैथिली भाषाको स्थान अवश्य पनि छ तर यसले अहिलेसम्म त्यस अनुरुपको राजकीय संरक्षण र महत्त्व पाउन सकेको छैन। बर्सेनि गोष्ठी, कवि सम्मेलन र स्मृति पर्वमा मैथिली भाषा तथा विद्यापतिको चर्चा हुनुबाहेक अन्य उल्लेखनीय कार्यहरु हुन सकेका छैनन्। सरकारी राष्ट्रिय दैनिक गोरखापत्रको नयाा नेपाल पृष्ठमा एक महिनामा दुईपटक एक-एक पृष्ठ यसले अवश्य पनि स्थान पाएको छ तथा अन्य मातृभाषाहरुकै पङ्क्तिमा नै यस भाषालाई पनि मान्यता दिइएको छ। जबकि मैथिली भाषा, साहित्यको इतिहास निकै पुरानो छ तथा यो समृद्ध भाषा पनि हो। यसको लिपि पनि आफ्नै छ। यस भाषाले अनेकौं प्रसिद्ध कवि एवं साहित्यकारहरुलाई जन्माएको छ। महाकवि विद्यापतिको नाउामा जे-जति अनुसन्धान र कार्यहरु हुनुपर्ने हो, त्यति हुन सकेको छैन।

विद्यापति अलौकिक प्रतिभा र आशुकवित्व शक्तिका थिए। विद्यापतिका पदावलिको अनेकौं पदमा संस्कृतका शब्दहरुको पनि प्रयोग भएको पाइन्छ। उनी विशेष गरी शृङ्गारकवि भएकाले राधा-कृष्णकै शृङ्गारलीलाको वर्णन गरेका छन्। कतिपयले यिनलाई सूरदास र तुलसीदासजस्तै वैष्णवकवि पनि भनेका छन् तर यिनका बुबा शैव थिए, फेरि यिनी स्वयंले महादेवको प्रशंसामा पनि निकै रचना गरेका छन्।

शैव भएर पनि यिनी एकै ईश्वरका रुप सम्झी शिव, विष्णु, देवी, सूर्य र गणेश सम्झी पञ्चदेवोपासना पनि गर्दथे। उदाहरणको निम्ति प्रत्येक घर, मन्दिर तथा धार्मिक अनुष्ठानमा बिहान-बिहान गाइने यो भजनलाई एउटा उदाहरणको रुपमा लिन सकिन्छ-

*जय जय भैरवि असुर भयावनि*
*पशुपति-भामिनी माया*
*सहज सुमति वर दिअओ गोसाउनि*
*अनुगति गति तुअ पाया।*



विद्यापति मिथिलाका राजाका कवि थिए। भनिन्छ, आफ्नो आशुकवित्वका कारण नै उनले मुगल शासकलाई पनि मुग्ध पारी हिरासतमा रहेका आफ्ना राजालाई मुक्त गराएका थिए। मिथिलाका प्रकाण्ड विद्वान् एवं पण्डित हरि मिश्र यिनका गुरु थिए। राजा शिवसिंहका यिनी दरबारी कवि थिए। हुन त त्यति बेलाका अधिकांश कविहरु नै कि त दरबारी अथवा भक्तिरसका कवि हुन्थे। विद्यापति बहुआयामिक प्रतिभाका कवि थिए। उनको काव्य रचनामा यी कुराहरुलाई सजिलै पाउन सकिन्छ।

विद्यापतिको एकान्त भक्तिबाट अत्यन्त प्रभावित भई साक्षात् महादेव नै उगना नामधारी मनुष्य भई यिनका नोकर बनेका थिए। एक दिन उगनासागै यिनी यात्रामा रहेका बेला अचानक तिर्खाले च्यापेपछि विद्यापतिले उगनालाई कतैबाट पानी ल्याउन भनेछन्, त्यहाा घना जङ्गलमा पानी पाउने सम्भावना कोशौं टाढासम्म थिएन तर उगनाले लुकेर आफ्नै टाउको (जटा)बाट गङ्गाजल झिकी यिनलाई पानी खान दिए। 'यो त गङ्गाजल पो रहेछ, तिमीले कहााबाट ल्यायौ ?' भनेर सोध्दा महादेवले साक्षात् दर्शन दिए। 'यो रहस्य कसैलाई पनि नभन्नू ! अन्यथा तिम्रो घरबाट भागिहाल्छु' भनेर उगनाले जवाफ दिएका थिए। तर उपरोक्त रहस्यबाट अनभिज्ञ विद्यापतिकी पत्नीले नियमितरुपमा अराएझैा कुनै सामान ल्याउन अराएकी रहेछिन् तर उगनालाई त्यो काम पूरा गर्नमा समय लागेपछि रिसले मुर्मुरिदै विद्यापतिकी पत्नीले दाउराको चोइटाले उगनालाई बेस्सरी ठटाउन थालेपछि सो अनर्थलाई खप्न नसकी विद्यापतिको मुखबाट अनायाश भन्न नहुने शब्द निस्किहाल्यो- 'साक्षात् महादेवमाथि यत्रो प्रहार !' उनले यति के भनेका थिए, उगना तत्कालै अन्तर्ध्यान भए। महादेव (उगना)को विरहमा विह्वल हुादै उनले चारैतिर विलाप गर्दै भनेछन्-

*उगना रे मोरा कतयगेला*
*कतय गेला शिव कि दहु भेला !*

यिनी शृङ्गारिक कवि मात्रै थिएनन्, हास्य-शान्त वीरादिरसमय कविताहरु पनि यिनका पदमा प्रशस्त देखिन्छन्। यिनी संस्कृतका पनि ठूला विद्वान् थिए। विद्यापतिले मैथिली भाषामा श्रीमद्भागवत् पनि लेखेका छन् जसको नाम 'भागवत पोथी' भनी लेखिएको छ ।

प्रकृतिको वर्णनमा यिनको कल्पनाले आकाश छोएजस्तो लाग्दछ। यिनका वसन्त र वर्षाको वर्णन दत्तचित्त भइसकेको खण्डमा परमानन्दको अनुभव हुने गर्दछ। मिलन, विरह, प्रेम, मान आदिको वर्णन पनि अवर्णनीय चमत्कारले परिपूर्ण छ। तीर्थस्थानमा जाने-आउने बेलामा बिहा-बटुला आदिका मङ्गलमय समयमा र देवदेवी मन्दिरमा गई दर्शन गर्ने समयमा समेत गाइने विद्यापतिका रचनाहरु कर्णप्रिय र चित्ताकर्षक हुने गर्दछन्। पदावलीकै चमत्कारिताले आफ्ना तत्कालीन राजाहरुबाट यिनले नवजयदेव, कविशेखर, कवि कण्ठहार, कविरञ्जन, दशवधान र कोमल-कान्त पद-चमत्कृत कवि वृन्दबाट 'कवि कोकिल'भन्ने समेत दुईवटा पदवी प्राप्त गरेका थिए।

मिथिला क्षेत्रमा त्यति बेला विद्यमान बेमेल विवाहप्रति कटाक्ष गर्दै विद्यापतिले एउटी युवतीको बिहे अपेक्षकृत किशोर बालकसाग हुन पुग्दा ती महिलाको व्यथालाई यसरी व्यक्त गरेका छन्-

*पिया मोरा बालक हम तरुनी*
*कोन तप चुकलौंह भेलौंह जननी !*

(अर्थात् लोग्ने बालकसमान छन् जबकि म तरुणी भइसकेकी छु। मेरो तपस्यामा चुक भएकै कारण आफ्नै लोग्नेको आमा बन्न पुगे।)

त्यसै गरी श्रीकृष्णकी प्यारी राधाले श्रीकृष्णलाई आफ्नो बाटो नरोक्न र घर जान आग्रह गर्दै भन्छिन्-

*कुन्ज भवन सा निकसलि रे,*
*रोकल गिरिधारी*
*एकही नगर बस माधव हे*
*जनिकर बट-मारी।*
*छाडु कन्हैया मोर आाचर रे*
*फाटत नव सारी !*
(अर्थात्- आाचल छाडिदिनू सारी च्यातिएला)
*अपजन होएत जगत भरि हे*
*जनि करिअ उघारी*
(अर्थात्- संसारभरि अपजश होला ननङ्ग्याउनु न।)

विद्यापतिको अर्को एउटा सुन्दर रचनाले उनको कल्पना शक्तिलाई उजागर गरेको छ-

*सुतलि छलहू हम घरवा रे*
*गरवा मोति हार।*
*राति जखन भिन्सरवा रे*
*पिया आएल हमार।*
*कर कौमल कर कपइत रे,*
*हरवा उर टार।*
*कर पंकज उर थपइत रे*
*मुख-चन्द निहार।*
*केहन अभागलि बैरिनि रे,*
*भागलि मोर निन्द।*

(अर्थात्- बिहानीपख लोग्ने आएको सपना देखिरहेकी आइमाईले आफ्नो लोग्नेको स्वागत गर्दै मीठो-मीठो कल्पना गरिरहेकी थिई। त्यत्तिकै बेला निद्रा भङ्ग हुन्छ र आफूलाई अभागी ठान्दछे।)

आफ्नो जीवन त्याग गङ्गा नदीनजिक गरेका विद्यापतिले पवित्र गङ्गाबाट टाढा हुादा आफ्नो अश्रुधारा बग्ने गरेको प्रार्थना गर्दै एक्लो गङ्गास्नान नै जप, तप, योग र ध्यानभन्दा ठूलो कुरा हुन्छ भनेका छन्। पटक-पटक तिम्रो दर्शन गर्न पाऊा भन्दै उनले गङ्गालाई आमा भन्दै आफूलाई छोरा बताएका छन्। विद्यापतिका कालजयी रचना अथाह सम्पत्ति र धरोहर हुन्। उनका रचना अहिले पनि उत्तिकै पठनीय छन्।


## पुस्तक चर्चा

# अनुभूतिको शिलाजित- भूगोलमा पाइलाहरु

रामसुन्दर देउजा

मोहन दुवाल नेपाली साहित्यका अविचल सेवक हुन्। कक्षा ९ मा अध्ययनरत हुादा नै नेपालभाषाको कवितासङ्ग्रह 'चुलिजाःगु स्वाा' पुस्तक कृति प्रकाशन गरेदेखि नै निरन्तर सक्रिय छन् उनी साहित्यमा। हालै उनको 'भूगोलमा पाइलाहरु' नामक कृति प्रकाशनमा आएको छ। यस कृतिलाई 'सहकारी पोष्ट' राष्ट्रिय त्रैमासिक पत्रिकाले प्रकाशन गरेको हो। मोहन दुवाल सहकारी पोष्ट (त्रैमासिक) का सल्लाहकार पनि हुन्।

विधान जोशी सहकारी सङ्घसंस्थामा क्रियाशील भएर लागेका एकजना सक्रिय युवा व्यक्तित्व हुन्। जनमतको विविध कार्यक्रममा दिलोज्यानले सहयोग गर्दै आएका व्यक्तित्व पनि हुन्। सहकारी क्षेत्रमा सहकारीसम्बन्धी पत्रकारिताको टड्कारो खााचो देखिएकोले सहकारीसम्बन्धी पत्रिका प्रकाशन गर्न सुझाए। सम्पादनको लागि जनमतमा सक्रिय हातेमालो गर्दै अगाडि बढिरहेका कारणले जनमत र सहकारी पोष्टका थुप्रै यात्राहरु सागसागै भएका छन्। यसबाहेक जनमतको तर्फबाट मोहन दुवालले थुप्रै यात्राहरु भोगेका छन्। यिनै यात्राहरुको सागालोलाई 'भूगोलमा पाइलाहरु' नियात्रासङ्ग्रहको रुपमा सहकारी पोष्टले प्रकाशनमा ल्याएको हो। यस पुस्तकभित्र ४७ वटा यात्राका अनुभूतिहरु सागालिएका छन्, जसमध्ये ३ वटा यात्राहरु




जनमत र सहकारी पोष्टका सागसागै गरिएका यात्राहरु सागालिएका छन्। अन्य यात्राहरु अर्को पुस्तकमा आउलान्।

यस पुस्तकभित्र समेटिएका यात्राहरुमा झापा, सिन्धुपाल्चोक, धादिङ, मकवानपुर, पर्सा, नुवाकोट, ललितपुर, काभ्रे, कास्की, नवलपरासी, रामेछाप, चितवन, बागलुङ, म्याग्दी, पर्वत, स्याङ्जा, तनहुा र कैलाली जिल्ला समेटिएका छन् भने भारतको राजस्थानस्थित माउन्ट आबुका सन्दर्भहरु पनि रहेका छन्। विशेषगरी चितवन यात्रा र माउन्ट आबु यात्रालाई शृङ्खलाबद्धरुपमा प्रस्तुत गरिएको छ। यस पुस्तकभित्र साहित्यका विविध भोगाइहरु छरपष्ट छन्। यस कृतिको मूल्य रु. ५००/- राखिएको छ।

दुवालको विशेषता भनेको आफूले भ्रमण गरेको अनुभूतिलाई तुरुन्त अक्षर विम्बमा टिपिहाल्ने भएकोले रोचक-घोचक सन्दर्भहरु पनि तुरुन्तै पाठकहरुले स्वाद लिन पाउनु हो। सजिलो, असजिलो अवस्था, प्राकृतिक वर्णन, मनका अनुभूति र परिवेशलाई मनोवैज्ञानिक ढङ्गले केलाई प्रस्फुटन गर्ने उनको शैलीले पाठकहरुलाई थप रोमाञ्चकता दिन्छ। आफ्नो सम्पूर्ण जीवन नै साहित्यसेवामा खन्याएका दुवाल एक अथक् योद्धा हुन्। दामोदर पुडासैनी 'किशोर'का शब्द सापटी लिएर भन्नुपर्दा 'भूगोलमा पाइलाहरु' पुस्तक अनुभूतिको शिलाजीत बनेर जन्मिएको छ।

# 'युरोपको यात्रा : अक्षरको खेती' विमोचित

साहित्यकार प्रा. रामप्रसाद दाहालको 'युरोपको यात्रा : अक्षरको खेती' नियात्रा पुस्तक सार्वजनिक भएको छ। १९ वटा मूल शीर्षक र ११ वटा उपशीर्षक रहेको सो पुस्तकमा यात्रा र अनुभूतिबाहेक सबै लेख युरोपसाग सम्बन्धित छन्। सो पुस्तक हालै सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले सार्वजनिक गर्नुभएको हो। सो अवसरमा मन्त्री बस्नेतले पुस्तकका लेखक दाहाल आफ्नो पनि गुरु भएको र गुरुको किताब विमोचन गर्न पाउादा खुशी लागेको बताउनुभयो।

पुस्तकका बारेमा भाषाविद् प्रा.डा. माधव पोखेलले समालोचकीय मन्तव्य दिदैं भन्नुभयो- 'ताना शर्माको बेलायततिर बरालिादापछि काव्यात्मकतालाई साधेर लेखिएको यो नियात्रा कृति हो।' प्रा.डा. पोखेलका अनुसार यस कृतिमा आत्मपरकता र वस्तुपरकताको समन्वय एवं सन्तुलन पाइन्छ। पढेर पनि नसकिने, बुझेर पनि नसिद्धिने, जति पढ्यो, उत्ति बुझिने, गहिरो कुवा, पोखरी, ताल हुादै समुद्र डुबुल्की मार्दा पनि नसकिने यदि कुनै संसारमा वस्तु छ भने त्यो 'अक्षरको खेती' नै हो।

त्यस्तै पुस्तकका लेखक दाहालले सरल वाक्यमा कर्ता, कर्म, क्रियाको संयोजनभन्दा



पनि साहित्यिक उन्मुक्ततामा कृति लेखिएको बताउनुभयो। बी.पी.ले 'शिक्षा र साहित्यमा सम्राट पनि निर्वस्त्र हुन्छ भनेजस्तै यो कृति पनि स्वतन्त्रतालाई अंगालेर निर्माण भएको दाहालले स्पष्ट पार्नुभयो।

नेपाल साहित्यिक पत्रकार संघका अध्यक्ष एवं वरिष्ठ साहित्यकार नगेन्द्र शर्माले विमोचन कार्यक्रमको सभापतित्व गर्नुभएको थियो। उहााले दाहालको लेखनी कवितात्मक र रसास्वादन गर्ने किसिमको देखिने बताउनुभयो भने जनमत मासिक तथा प्रतिष्ठानका अध्यक्ष मोहन दुवालले दाहालका रचनाले रौनक ल्याउने उल्लेख गर्नुभयो। दुवालले भन्नुभयो- 'कृति सुन्दर छ र यो पाठकबीच प्रिय हुनेछ।'

वरिष्ठ पत्रकार शैलेन्द्र साकारले आफूलाई याद भएका कविता-गीतहरु राखेर झन् कृतिलाई भात, दाल, तरकारीपछिको अचारजस्तो चाखिलो बनाइएकोमा लेखकको सराहना गर्नुभयो। कार्यक्रममा नेपाल प्राध्यापक संघका अध्यक्ष रामेश्वर उपाध्याय, नेपाल सरकारका पूर्वसचिव एवं परराष्ट्रविद् मधुरमण आचार्य, प्रतिष्ठानका अध्यक्ष काशीराज दाहाल, सञ्चारकर्मी अनिता आचार्यले पनि कृतिको बारेमा प्रकाश पार्नुभएको थियो। लेखक दाहाललाई शेयर वर्ल्ड टोकियो र माया नेटवर्कले साहित्यिक र सामाजिक योगदानस्वरुप रु. २५,०००।- नगद एवं ताम्रपत्रद्वारा स्रष्टा सम्मान प्रदान गरेको थियो।

यस कृतिको प्रकाशन हिमालयन बुक स्टल, डिल्लीबजारले गरेको हो। पुस्तकको फोटो संयोजन देवी तिमिल्सिनाले गर्नुभएको हो भने डिजाइन अग्निराज पौडेल 'अराप'ले गर्नुभएको हो। पृष्ठसंख्या १५२ भएको यस पुस्तकको मूल्य रु. २००।- रहेको छ।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## सातको राशिफल

ज्यो. चन्द्रेश शर्मा
भदौ १७ देखि २३ गतेसम्म

**मेष**
तपाईंका लागि साताका शुरुका दिनहरु धेरै उत्तम फलदायक छन्। धन लाभ, स्वस्थता, रोमान्टिक जमघट, रमाइलो वातावरण होला। उत्तम भोजन प्राप्ति, पुरस्कारको सम्भावना, सानो बोलीले ठूलो काम बन्ने देखिन्छ। आर्थिक उन्नति एवम् मान-सम्मान बढ्ला। व्यापारीलाई विशेष लाभ हुने सम्भावना छ। साताको अन्त्यमा भने व्यर्थमा खर्च, दौडधुप, दिनचर्या अस्तव्यस्त होला।

**वृष**
साताको शुरुको दिन शनिबार केही खर्च र सामान्य स्वास्थ्य समस्या आउने सम्भावना छ। तर बाकी दिनहरु भने धेरै लाभदायक छन्। इच्छित कार्यहरु पूरा हुादा मन प्रफुल्लित हुनेछ। व्यापार, ठेक्कापट्टा वा गरिरहेको व्यवसायले सफलताको सिढी चढ्नेछ। आम्दानीका स्रोतहरु बढ्नेछन्। नेतृत्व क्षमतामा वृद्धि हुादा अरुहरु नतमस्तक हुनेछन्। इज्जत-प्रतिष्ठा नयाा उचाइमा पुग्नेछ।

**मिथुन**
यो साता तपाईंका लागि मिश्रित फलदायक छ। निर्णय क्षमतामा कमी आउला। के गर्ने, के नगर्ने भन्नेमा अरुको सहायता आवश्यक पर्न सक्छ। मध्यभाग आइतबार र सोमबार चिन्ता, थकावट, विवादको समाना गर्नुपर्ला। रोगव्याधि, चोटपटकको भय छ। मंगलबारदेखि समय शुभ छ। स्वास्थ्यलाभ, गरेका कामको उपलब्धि, आर्थिक लाभ हुनेछ। इज्जत-प्रतिष्ठामा वृद्धि होला।

**कर्कट**
तपाईंका लागि साताका शुरुका दिन लाभदायक छन् भने अन्त्यका दिनहरु उत्तम फलदायक देखिादैनन्। सोमबारसम्म पैसा प्राप्ति, जागिर, पढाइ, व्यापारमा सफलता, मान-सम्मान वृद्धि, इज्जत-प्रतिष्ठामा वृद्धि हुनेछ। त्यसपछिका दिनहरुमा भने खानपानबाट अस्वस्थता, विनाउपलब्धिको दौडधुप हुनेछ। अपच, वायु-गानोगोला जस्ता पेटको समस्या नहोला भन्न सकिन्न। आलस्यता बढ्नाले जाागर हराउला।

**सिंह**
तपाईंका लागि यो साताका धेरैजसो दिनहरु फलदायक नै देखिन्छन्। कार्य सफल, स्वस्थता, भाग्योदय, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। प्रतियोगितात्मक कार्यमा विजयको संकेत देखिन्छ। धनलाभ, यश वृद्धि, वाहन लाभको सम्भावना छ। समस्याको समाधान एवम् अधुरा कार्य पूरा होला। तर बिहीबार र शुक्रबार भने काममा व्यवधान, स्वास्थ्य समस्या, आर्थिक नोक्सानी नहोला भन्न सकिन्न।

**कन्या**
साता धेरै शुभ फलदायक देखिन्छ। आज शनिबार पेटको समस्या, दौडधुप भए पनि बाकी सबै दिन उपलब्धिमूलक छन्। कतैबाट धन-पैसा प्राप्तिको योग छ। यसले गर्दा आर्थिक समस्या समाधान हुनेछ। कुनै प्रतियोगिताहरुमा भाग लिएको भए जित्ने सम्भावना अधिक छ। प्रेमप्रसंगले पूर्णता पाउनेछ। जीवनसाथीको सहयोगले ठूलै काम बन्ला। आफन्तबाट सहयोग पाइनेछ।

**तुला**
यो साता तपाईंका लागि धेरै नराम्रो देखिादैन। आज शनिबार धनलाभ, कार्य सफल हुनेछ भने त्यसपछिका दुई दिन त्यति सन्तोषजनक छैनन्। दिनचर्या अस्तव्यस्त हुने, मानसिक तनाव बढ्ने, अपच-झाडापखालाको सम्भावना देखिन्छ। सजग रहनुहोला। तर मंगलबारदेखि बिस्तारै समस्या समाधान हुादै जानेछन्। स्वास्थ्यलाभ, आर्थिक लाभ, सुख-सन्तोष हुनेछ। राज्यबाट लाभ हुनेछ।

**वृश्चिक**
साताको पूवार्ध भाग धेरै उत्तम फलदायक छ। धनलाभ, मानसम्मान, समस्या समाधान, बाहन सुख हुनेछ। परीक्षा, खेलकुद, मुद्दामामिलामा विजय हुने सम्भावना छ। लाभकारी यात्राको सम्भावना छ। शुभ समाचार मिल्ला। तर मंगलबारदेखि दिनहरु त्यत्ति फलदायक देखिादैनन्। रोगको भय, कार्यमा बाधा, आर्थिक नोक्सानी हुने देखिन्छ। राज्यबाट भय, अपयश, प्रतिष्ठामा आाच आउने सम्भावना छ।

**धनु**
तपाईंका लागि यो साता उपलब्धिमूलक नै देखिन्छ। विविध वस्तु वा सेवा प्राप्ति होला। कार्य सफल हुनाले मन आनन्दित होला। राजनीतिकर्मीबाट फाइदा लिन सकिने देखिन्छ। स्वस्थता एवम् आनन्दको अनुभूति होला। धेरथोर आर्थिक लाभ पनि हुनसक्छ। इज्जत प्रतिष्ठा बढ्नेछ। तर बिहीबार र शुक्रबार भने केही चिन्ता होला। कार्य बाधा, स्वास्थ्यमा गडबड हुनसक्छ।

**मकर**
साता उत्तम फलदायक छ। आाटेका र थालनी गरिएका अधुरा कार्यहरु पूरा हुनेछन्। व्यापारिक क्षेत्रमा लागेका व्यक्तिलाई सोचेभन्दा बढी फाइदा होला। कुनै अचल सम्पत्ति वा भविष्यमा फाइदा दिने शेयर अथवा कुनै व्यवसायमा लगानी होला। पराक्रम, प्रतिष्ठा, इज्जत बढ्नाले मानसिकरुपमा स्वस्थ एवम् तनावरहित भइनेछ। साताको शुरु आज शनिबार भने रोगव्याधि, विवाद नहोला भन्न सकिन्न।

**कुम्भ**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। शनिबार, मंगलबार र बुधबार धनलाभ, सुखशान्ति, कार्य सफल होला। कोसेली, पुरस्कार प्राप्ति, साथीभाइबाट सहयोग प्राप्त हुने देखिन्छ। खाद्यान्न प्राप्तिको समेत सम्भावना छ। तर बाकी दिनहरु त्यति उपलब्धिमूलक देखिादैनन्। चोटपटक, स्वास्थ्य समस्या, आाखामा समस्या आउन सक्छ। साथै आम्दानी कम हुादा खर्च धान्न धौ-धौ पर्ला।

**मीन**
तपाईंका लागि साताका धेरैजसो दिन उत्तम फलदायक नै देखिन्छन्। साताको शुरु र अन्त्यका दिनहरुमा साथीभाइबाट सहयोग, धन, खाद्यपदार्थ, उपहार, मिष्ठान्न भोजन प्राप्ति होला। व्यापारमा सफलता हासिल हुनुका साथै हर्षोल्लास बढ्ला। पढाइ, लेखाइमा सफलता होला। तर साताको बीच मंगलबार र बुधबार भने रोगव्याधिको भय, विवाद, चोटपटकको सम्भावना देखिन्छ। होसियारी अपनाउनुपर्ला।

प्रतिवेदन प्रस्तुत गरेको ४ वर्ष पुगिसक्दा उक्त कलेजमा प्रतिवेदनमा लेखिएजस्ता कुनै पूर्वाधार देखिँदैन। आवश्यक पूर्वाधारको कमी र अपार्टमेन्टमा मेडिकल कलेजको व्यापार गर्न लागेको भन्दै कलेजको सम्बन्धनको विरोध भएको हो।

# मानहानी मुद्दा लाग्ने डरले नेशनललाई सम्बन्धन

**नेपाल समाचारपत्र**

काठमाडौं

त्रिभुवन विश्वविद्यालयले मानहानीको मुद्दा लाग्ने डरले परिस्थितिबश नेसनल मेडिकल कलेजलाई सम्बन्धन दिएको खुलासा गरेको छ।

विश्वविद्यालयले सरकारकै दबाबमा बाध्यताले सम्बन्धनका लागि सैद्धान्तिक सहमति दिए पनि सम्बन्धनको परिपत्र कलेजलाई नदिएको बताइएको छ। सर्वोच्च अदालतले त्रिविलाई मुद्दा चलाउँछ भन्ने डरले उक्त कलेजलाई सम्बन्धन दिएको भन्दै सरकारी तवरबाट कसैले सम्बन्धन फिर्ता लिन निर्देशन दिएमा कलेजको सम्बन्धन त्रिविले तत्काल खारेज गर्ने जनाएको छ।

वैद्य निकट अखिल क्रान्तिकारीले काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा बोल्नुहुँदै सम्बन्धन कार्यान्वयनका लागि बनेको विनियम समितिका संयोजकसमेत रहनुभएका तारा सापकोटाले त्रिविले सम्बन्धन दिए पनि जनस्तरबाट व्यापक दबाब आएकाले कि त सम्बन्धन फिर्ता कि खारेज हुने विषयमा ढुक्क हुन सबैलाई आग्रह गर्नुभयो।

सर्वोच्च अदालतअन्तर्गत फैसला कार्यान्वयन निर्देशनालयले शैक्षिक सत्र २०७४/०७५ नमिच्ने गरी पटक-पटक नेशनल मेडिकल कलेजलाई सम्बन्धन दिन लिखित परिपत्र जारी गरेको र सो परिपत्र शिक्षा, स्वास्थ्य मन्त्रालयसमेतलाई पठाएकाले मानहानीको मुद्दा लाग्छ भन्ने डरले आफूहरूले परिस्थितिवश परिपत्र अवज्ञा नगरी सम्बन्धन दिएको त्रिवि कार्यपरिषद् सदस्य सापकोटाले बताउनुभयो।

सम्बन्धन दिन त्रिविका तत्कालीन उपकुलपति हीराबहादुर महर्जनले आईओएमका डा. कविरनाथ योगीको संयोजकत्वमा ७ सदस्यीय चिकित्सकहरूको टोलीलाई खटाउनुभएको थियो।

टोलीले २०७० कात्तिक २७ गते बुझाएको प्रतिवेदनमा २ सयभन्दा बढी बिरामी दिनहुँ अस्पताल पुग्ने, पर्याप्त बेड, अस्पताल परिसरभित्र फार्मेसी घर भाडामा लिएको, ६५ भन्दा बढी प्राध्यापकहरू कार्यरतजस्ता तथ्य उल्लेख छ। तर, प्रतिवेदन प्रस्तुत गरेको ४ वर्ष पुगिसक्दा उक्त कलेजमा प्रतिवेदनमा लेखिएजस्ता कुनै पूर्वाधार देखिँदैन। आवश्यक पूर्वाधारको कमी र अपार्टमेन्टमा मेडिकल कलेजको व्यापार गर्न लागेको भन्दै कलेजको सम्बन्धनको विरोध भएको हो।

तत्पश्चात् नेशनल कलेजका सञ्चालक बसरुद्दिन अन्सारीले २०७१ भदौ ३१ गते सर्वोच्चले कानूनबमोजिम निर्णय गर्नु भनेर जारी गरेको परमादेश पालना नगरेको भन्दै अवहेलनाको मुद्दा हाल्नुभएको थियो। २०७३ साल माघमा सर्वोच्चको फैसला कार्यान्वयन निर्देशनालयले त्रिविसँग १५ दिनभित्र प्रस्टीकरण माग गरेको थियो।

त्रिविले २०६९ सालमा कलेज सम्बन्धनका बारेमा प्रस्ताव आह्वान गरेको थियो। तत्पश्चात् २ सयभन्दा बढी कलेजले दरखास्त भरेका थिए। प्रस्तावलगत्तै निर्णय नगरी होल्डमा राखिएको त्रिविले जनाएको छ। २०७३ सालमा त्रिविले सम्बन्धनसम्बन्धी नीति ल्यायो र, कार्यान्वयनका लागि विनियमसमेत बन्यो।

### के भने सापकोटाले

कलेजले सबै प्रक्रिया पूरा गरेको भनी परमादेशका लागि रीट पर्‍यो डिभिजन बेन्चले सम्बन्धनका लागि योग्य भनेर निर्णय गर्‍यो। परमादेशमा आगामी शैक्षिक सत्रदेखि लागू हुने गरी सम्बन्धन दिन भनी हामीलाई मात्रै नभई शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई परिपत्रसमेत पठायो। तैपनि हामीले प्रक्रिया अघि बढाएनौं।

१५ दिनभित्र दिन ताकेता आएपछि त्रिविका पदाधिकारी र विभिन्न निकायको छलफलबाट सम्बन्धन दिन सैद्धान्तिक सहमति भएको हो। पटकपटक टार्दा अदालतको अवहेलना गरेको भनेर हामीलाई कारबाही हुन्थ्यो। हामीले राज्यका सबै अंगबाट निर्देशन पाएका थियौं। कारबाहीबाट बच्नका लागि सम्बन्धन दियौं। सापकोटाका अनुसार फैसला कार्यान्वयनले दिएको मिति एक दिन मात्र बाँकी थियो।

सरकारले डा. गोविन्द केसीसँगके सम्झौता गरेको त्रिविलाई जानकारी थिएन। सरकार र केसीसँगको सम्झौतामा त्रिविलाई जानकारी नै गराइएन। त्यसैले सरकारका सबै अंगबाट सम्बन्धन दिन निर्देशन आएकाले त्रिविले सम्बन्धन दिएको हो।

नेशनल मेडिकल कलेजलाई प्रक्रिया पूरा नगरी सम्बन्धन दिएको भन्दै सर्वत्र आलोचना भइरहेको छ। सम्बन्धन दिन निर्देशन दिनेहरूलाई दबाब दिनुपर्छ। हामीलाई संविधानले सम्बन्धन दिन विशेष अधिकार दिएको छ। हामीले दायित्व पूरा गर्‍यौं।

# दशैंका लागि २२ गतेदेखि टिकट बुकिङ

काठमाडौं, (नेस)

सरकार र यातायात व्यवसायीबीच यही भदौ २२ गतेदेखि राजधानीबाट बाहिर जाने सवारी साधनको बुकिङखुल्ला गर्ने सहमति भएको छ। दशैं आउन केही साता मात्रै बाँकी रहे पनि टिकट बुकिङ खुल्न नसकेको बताइँदै आएको थियो। गत वर्ष एक महिनाअघि टिकट खुलिसकेको थियो। सवारी साधनका छत हटाउने, भाडा समायोजन नगर्ने, सवारी जाँचपास काठमाडौं उपत्यकामा मात्रै सीमित राख्ने यातायात व्यवस्था विभागले अडान नछोडेपछि यसअघि सहमति हुन नसकेको यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष डोलनाथ खनालले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

अध्यक्ष खनालले भन्नुभयो- 'सरकारले छत हटाउने प्रक्रिया शुरू गरेको छ। जसले गर्दा सामानहरू कहाँ राख्ने भन्ने प्रश्न उब्जेको छ। यात्रुलाई छतमा राख्नुहुँदैन भन्ने कुरामा हामी पनि सहमत छौं। तर, छत नै हटाउनु जायज होइन। अर्को कुरा सवारी जाँचपास उपत्यकामा मात्रै नभएर देशभर हुनुपर्‍यो। हामी यात्रुहरूलाई चाडपर्वको समयमा सहज तरिकाले गन्तव्यमा पुर्‍याउने कसरतमै छौं।'

आफूहरू घाटा खाएर भए पनि यात्रुहरूलाई गन्तव्यसम्म पुर्‍याउन लागिपरेको महासंघको भनाइ छ। काठमाडौंबाट बाहिरिँदा बसहरू प्याक भएर गए पनि फर्किँदा खाली हुनुपर्ने अवस्था आउने गरेको महासंघका केन्द्रीय अध्यक्ष खनालले जानकारी दिनुभयो।

वैज्ञानिक सुरक्षा चेकजाँच नहुँदा सवारीसाधन समयमै गन्तव्यमा पुग्न नसकेको महासंघका महासचिव सरोज सिटौलाले बताउनुभयो। मुग्लिङ-नारायणघाट सडकखण्ड निर्माणको चरणमा हुँदा यात्रुहरूलाई गन्तव्यमा पुग्न थप ६ देखि १२ घण्टा लाग्ने गरेको छ। ३६ किलोमिटर रहेको मुग्लिङ-नारायणघाट सडक खण्ड निर्माण कार्य चुस्त गतिमा अघि बढ्दा यात्रुले दैनिक दुःख बेहोर्नुपरेको छ। अहिले सो सडकखण्ड रात्रिको समयमा बन्द हुँदै आएको छ।

यसैबीच यात्रुहरूलाई ठगिनबाट रोक्न, दोहोरो टिकट काट्न नदिन, बढी भाडा असुलनबाट बचाउन काठमाडौंसहित देशका विभिन्न स्थानमा नागरिक सहायता कक्षको प्रबन्ध मिलाइने यातायात व्यवस्था विभागले बताएको छ। चाडपर्वको अवधिमा गत वर्ष १६ लाख यात्रुहरू राजधानी बाहिरिएको र थप १५ हजार बस भित्र्याएको महासंघले बताएको छ।

सिनेमा कर्नर










# निजामती दिवसको केन्द्रमा बाढीपीडित

काठमाडौं, (नेस)

सामान्य प्रशासन मन्त्रालयले यसवर्ष २३औं निजामती सेवा दिवस बाढीपीडित केन्द्रित भएर मनाउने निर्णय गरेको छ।

अविरल वर्षाका कारण २६ जिल्लामा ठूलो जनधनको क्षति भएकाले हर्षोल्लासभन्दा पनि बाढीपीडितलाई केन्द्रित गरेर कार्यक्रम गरिने निर्णय भएको मन्त्रालयले जनाएको छ।

बाढीपीडितलाई राहत पुर्‍याउने किसिमले स्वास्थ्य शिविर, रक्तदान, वृक्षरोपणजस्ता कार्यक्रम गरिने जनाइएको छ। उक्त दिवसका अवसरमा निजामती अस्पतालले यही मंगलबार बाढी प्रभावित क्षेत्र रौतहट र बुधबार ललितपुरको संखुमा स्वास्थ्य शिविर सञ्चालन गर्ने भएको छ।

यस्तै विपद् व्यवस्थापनमा निजामती कर्मचारीको भूमिका विषयक निबन्ध प्रतियोगितासमेत आयोजना गरिने भएको छ। 'निजामती कर्मचारीको प्रतिबद्धता : पारदर्शिता र चुस्तता' भन्ने मूल नाराका साथ यही २२ गते २३औं निजामती सेवा दिवस मनाउन लागिएको हो।

दिवस सफततापूर्वक सम्पन्न गर्न मुख्य सचिव राजेन्द्रकिशोर क्षेत्रीको संयोजकत्वमा मूलसमारोह समिति गठन गरिएको छ। निजामती कर्मचारीले बाढीपीडितलाई पाँच दिनसम्मको तलब दिने भएका छन्।

# राजधानी छिर्न सकेन दूध र तरकारी

## पहिरोका कारण ललितपुरबाट ती सामान काठमाडौं भित्रिन नसकेका हुन् ।

**नेपाल समाचारपत्र**

ललितपुर

दक्षिण ललितपुरका किसानहरूले दूध र तरकारी २ महिनादेखि राजधानी ल्याउन सकेका छैनन्।

वर्षात्पछिको पहिरोका कारण सडकमा क्षति पुग्दा त्यहाँ उत्पादन हुने दूध र तरकारीहरू राजधानी आउन नसकेको हो। जिल्लाको दक्षिण भेगबाट गोटीखेल-चन्दनपुर-ठूलादुर्लुङ-गिम्दी र भट्टेडाँडा जोड्ने सडकखण्ड वर्षात्ले अवरुद्ध पारेको थियो।

पहिरोले बाटो अवरुद्ध भएपछि जिल्लाको दक्षिणी भेगमा रहेका महांकाल र वाग्मती गाउँपालिकामा उत्पादन हुने कृषिजन्य वस्तुहरू खेर जान थालेको चन्दनपुरका स्थानीय विनोद चलाउनेले बताउनुभयो।

राजधानीमा दैनिक १० हजार लिटरको हाराहारीमा यस भेगबाट दूध भित्रिने यहाँका कृषकहरूको दाबी छ। साथै फर्सी, काउली, गोलभेंडालगायतका तरकारी बाटो अवरुद्ध भएकाले २ महिनादेखि आउन सकेको छैन।

मोटर बाटो अवरुद्ध बन्दा चन्दनपुर, ठूलादुर्लुङ, गिम्दी, आश्रङ र प्युटारका साथै मकवानपुरका बेतिनी, मन्थली, थिङगन, ईपा, काभ्रेका च्याम्राङबेसी, मिल्चे र साल्मेचाकलका कृषकहरू प्रत्यक्ष मारमा परेका छन्।

सडक अवरुद्ध भएको महिनौं बितिसक्दा समेत बेवास्ता गरेको भन्दै यस भेगका कृषकहरूले जनप्रतिनिधिप्रति आक्रोस पोखेका छन्। वर्षात्ले सडक अवरुद्ध पार्दा त्यहाँ उत्पादित कृषिजन्य वस्तु राजधानी ल्याउन नसक्ने मात्रै होइन, त्यहाँ बिरामी बोक्ने एम्बुलेन्ससम्म जान नसक्दा थप समस्यामा परेका छन्।

आफ्नो गाउँपालिकाभित्र पर्ने सडकहरू मर्मत गरेर सामान्य अवस्थामा ल्याइसकेको महांकाल गाउँपालिकाका प्रमुख रामचन्द्र दाहालले बताउनुभयो।

त्यस्तै वाग्मती गाउँपालिकाका प्रमुख वीरबहादुर लोप्चनले ३ हप्ता लगाएर आफ्नो गाउँपालिकाभित्र पर्ने सम्पूर्ण सडकहरू मर्मत सम्भार गरेको बताउनुभयो। उहाँले एक दुई दिनपछि मर्मत भएको सडक हुँदै यहाँ उत्पादित कृषिजन्य वस्तुहरू राजधानी पुर्‍याउन सकिने बताउनुभयो।

## दुई मिनेट

### उपचार गर्दागर्दै कैदीको मृत्यु

काठमाडौं, (नेस)

दुवै किड्नी र मुटु रोगको कारण डिल्लीबजार कारागारबाट भदौ १३ गते गंगालाल अस्पताल बाँसबारीमा उपचार गराइरहेका नेपाल बैंक भ्रष्टाचार मुद्दाका कैदी काठमाडौं महानगरपालिका-१५ का ६७ वर्षीय शेरबहादुर थापाको उपचारको क्रममा शुक्रबार मृत्यु भएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

### पेस्तोलसहित पक्राउ

काठमाडौं, (नेस)

ललितपुर लाँकुरी भञ्ज्याङ-३ घर भएका ३२ वर्षीय कान्छा तामाङ र काभ्रे ब्रिपा देउराली-५ घर भई हाल काठमाडौं महानगरपालिका-३५ नरेफाँट बस्ने २५ वर्षीय बिराज तामाङलाई १ थान पेस्तोल र सोको गोली १ थानसहित बिहीबार प्रहरीले पक्राउ गरेको छ। गोकर्णेश्वर नगरपालिका-६ स्थित सडकमा बा३९प७६ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा चालक कान्छाको साथमा उक्त पेस्तोल फेला पारी पछाडि सवार बिराजलाई समेत प्रहरीले पक्राउ गरेको हो।

# छायाँको विमोचन

**नेपाल समाचारपत्र**

काठमाडौं

युवाकवि भविन लिम्बूको कविता सङ्ग्रह छायाँको हालै विमोचन भयो। नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति विष्णुविभु घिमिरे, कवि राधेश्याम लेकाली, निबन्धकार युवराज नयाँघरे, समालोचक महेश पौडेल, कृतिकार भविन लिम्बूले संयुक्त रुपमा छायाँको विमोचन गरेका थिए। छायाँबारे उपकुलपति घिमिरेले भन्नुभयो- 'नयाँ पन, नयाँ शैली भित्रिएको छ यो छायाँमार्फत्। आजको कविताले खोजेको खास धार यो कृतिमा भेटिन्छ।'

यसै गरी विमोचित कृतिबारे निबन्धकार नयाँघरेले आफ्नो धारणा राख्नुभयो- 'छायाँमा देश र परदेश जोड्ने भावनात्मक पुलको निर्माण भएको छ। सरलतामा धेरै बलिया विचार पोखिएको यो सुन्दर कृति हो।'

समालोचक पौडेलले छायाँमा जातीयता र राजनीतिको कुनै पनि छोइछिटो नरहेको विचार पोख्नुभयो। उहाँले भन्नुभयो- 'कविताको मौलिक स्वाद यसमा छ।' कृतिका लेखक लिम्बूले आफू विदेशमा बस्दा पैसाभन्दा पनि साहित्य-कलामा बढी




समर्पित भएको धारणा राख्नुभयो। उहाँले भन्नुभयो- 'कविता लेख्दा मलाई ठूलो सन्तुष्टि हुन्छ। सृजनाले दिने सुख अरूबाट पाइँदैन।'

साहित्यकार लेकालीले भविनका कविताले आफ्नो मौलिक भाव र चरित्रमाथि उठान गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'भविनमा ज्यादै कलात्मक लेखनीका गुणहरू देखिन्छन्।' लामो समयदेखि हङकङमा रहँदै आएका कवि लिम्बू अनेकौं सांस्कृतिक, सामाजिक, साहित्यिक संघ-संस्थामा आबद्ध हुनुहुन्छ। छायाँ भविनको दोस्रो कृति हो। यसअघि उहाँको *हङकङ चसमिस* कविता सङ्ग्रह आइसकेको छ।

उक्त अवसरमा बीपी चिन्तन प्रतिष्ठान हङकङका अध्यक्ष कुलप्रसाद गुरुङ, कवि टङ्क सुब्बा, बाबा बस्नेत, सन्ध्या पहाडी, डाक्टर गुनु घर्तीलगायतले आ-आफ्ना मन्तव्य राख्नुभएको थियो। कार्यक्रम अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, नेपाल च्याप्टरले आयोजना गरेको थियो।

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राज्यबाट लाभ, यश-कृति, सुख, कार्यसिद्धि, मन प्रफुल्लित।
**वृष** : स्वास्थ्य समस्या तर दिउँसोबाट मान-प्रतिष्ठा, सरकारी कार्य सफल।
**मिथुन** : पूर्वार्धमा धनलाभ, मध्याह्नबाट स्वास्थ्य गडबड एवम् काममा बाधा।
**कर्कट** : आर्थिक लाभ, प्रतिस्पर्धामा विजय, पारिवारिक सुख, समस्या समाधान।
**सिंह** : कार्य सफल, धनलाभ, परीक्षा, खेलकुद आदिमा विजय।
**कन्या** : शुरूमा स्वास्थ्य समस्या तर मध्याह्नबाट स्वस्थता, कार्य सफल।
**तुला** : पूर्वाह्न लाभ-पराक्रम तर दिउँसोबाट विवाद, दिनचर्या अस्तव्यस्त।
**वृश्चिक** : धनलाभ, मान-सम्मान, पढाइ, जागिर, व्यापार आदिमा सफलता।
**धनु** : खाद्यान्न प्राप्ति, भाग्योदय, कार्य सफल, सुख-सन्तोष।
**मकर** : मध्याह्नसम्म तनाव तर त्यसपछि उपहारादि वस्तु प्राप्ति।
**कुम्भ** : उत्तम भोजन, आर्थिक लाभ तर दिउँसोबाट चोटपटकको भय, विवाद।
**मीन** : सुख-सन्तोष, पैसा प्राप्ति, मिष्ठान्न भोजन, पारिवारिक सुख।

# नेपाल

पूर्वप्रम ओलीले वैचारिक हिसाबले नेपालमा दुईवटा मात्रै पार्टी भएको उल्लेख गर्नुभयो। 'कांग्रेस र एमाले मात्रै हो राजनीतिक पार्टी', उहाँले भन्नुभयो- 'माओवादी केन्द्रको वैचारिक रुपमै विघटन भइसकेको छ।' उहाँले माओवादीले वैचारिक रुपमा उठाएका मुद्दाहरु टुंगिएको भन्दै पार्टी पनि वैचारिक रुपमा सिद्धिएको टिप्पणी गर्नुभयो।



सल्यानका कारागारका कैदीबन्दीलाई जिल्ला प्रशासनद्वारा वितरण गरिएका खाद्य तथा अन्य सामग्री। तस्वीर : सरिता चलाउने / सल्यान

### स्थानीय तह चुनावको रौनक

## अघिअघि श्रीमती पछिपछि श्रीमान्

**कृष्णउदास खनाल, वीरगन्ज**

असोज २ गते जति नजिकिँदै छ, उत्ति नै प्रदेश नम्बर २ मा चुनावी रौनक पनि बढ्दो छ। प्रदेश नम्बर २ को एक मात्रै महानगरपालिका वीरगन्जमा भने चुनावी रौनक अहिले ह्वात्तै बढेको छ। चुनावी मैदानमा उत्रिएका राजनीतिक दलका उम्मेदवारहरू जनताको घरघरमा पुगिरहेका छन्।

निर्वाचनको रौनकसँगै वीरगन्जमा अर्को रमाइलो पक्ष पनि देखिएको छ। स्थानीय तहको निर्वाचनमा निर्वाचन आयोगले प्रमुख वा उपप्रमुखमध्ये एक जना अनिवार्य रूपमा महिला हुनुपर्ने व्यवस्था गरेपछि महिला छान्नमा दलहरूलाई धौधौ परिरहेको छ। मेयर छान्न सफल भएका दलहरूलाई उपमेयर छान्न सकस भइरहेको छ। उपमेयरमा अनिवार्य रूपमा महिला हुनुपर्ने कानुनी व्यवस्थाका कारण महिला खोज्नमा दलहरू तल्लीन छन्।

मधेसमा हत्तपत्त महिलाहरू यस्ता पदमा उठ्नका लागि राजी नहुने भएकाले केही सकस भइरहेको नेताहरूले नै बताएका छन्। यद्यपि राजनीतिमा राम्रो पकड जमाएका नेताका श्रीमतीहरूलाई उपमेयर वा उपप्रमुख बनाउने योजनामा दलहरू देखिएका छन्। यसको पहिलो सुरुआत नेकपा एमाले पर्साले नै गरेको छ। राजनीतिमा नै लगभग जीवन बिताएका एमाले पर्साका पूर्वअध्यक्ष चिरञ्जीवी आचार्यकी पत्नी सोफिया आचार्यले उपमेयरमा टिकट पाउनुभएको छ। राजनीतिमा खासै दख्खल नभएकी सोफियालाई श्रीमान्को योगदानको कदर गर्दै पार्टीले उपमेयरमा टिकट दिएको हो। सन्तुलन मिलाउन पनि यो आवश्यक रहेको एमाले पर्साका प्रचार प्रमुख डा. विश्वम्भर शर्माले बताए।

यस्तै अनुशरण संघीय समाजवादी फोरमले पनि गरेको छ। फोरम पर्साका अध्यक्ष पिंकी यादवलाई वीरगन्जको उपमेयरमा उठाइने भएको छ। फोरमको राजनीतिमा मात्रै नभई मधेस आन्दोलनको लगभग कमान्डर नै रहेका प्रदीप यादवको योगदानको मूल्यांकन गर्दै पिंकीलाई उपमेयरको टिकट फोरमले दिएको हो। पिंकी पनि राजनीतिमा उतिसारो दख्खल भएकी व्यक्ति नभए पनि प्रदीपको सम्मानमा उनलाई उपमेयर बनाइएको स्वयम् फोरमका नेताहरूले नै बताएका छन्।

नेपाली कांग्रेसमा भने मेयर र उपमेयरमा श्रीमान् श्रीमतीकै नाउँ सुनिएको भए पनि अजय द्विवेदीकी पत्नी सुष्मालाई केही पछाडि हटाउँदै शान्ति कार्कीको नाउँ कांग्रेसले उपमेयरमा अगाडि सारेको छ। राजपाले पनि वीरगन्जमा क्रियाशील कुनै नेताकी पत्नीलाई उपमेयर बनाउने योजना रहेको बुझिएको छ। यसरी हेर्दा राजनीतिमा श्रीमान् अगाडि रहे पनि चुनावी मैदानमा भने नेताका श्रीमतीहरू अगाडि र श्रीमान्हरू पछाडि देखिएका छन्।

## 'दुई नम्बर प्रदेशमा दोस्रो बनाएर देखाऊ'

**धन बस्नेत, पोखरा**

'एमाले चुनावको मैदानमा फ्रि स्टाइलमा जान तयार छ', प्रदेश नं २ को चुनावी संघारमा रहँदा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पोखरामा पार्टी प्रवेश गरेका कार्यकर्तालाई सम्बोधन गर्दै भन्नुभयो- 'फ्रि स्टाइलमा चुनाव जान्छ। दुई नम्बर प्रदेशमा दोस्रो बनाएर देखाऊ।'

असोज २ गते दुई नम्बर प्रदेशको स्थानीय तहको निर्वाचन हुँदै छ। तेस्रो सराङकोट पर्यटन महोत्सवको उद्घाटन गर्न पोखरा आइपुग्नुभएका नेता ओलीले पार्टी प्रवेश कार्यक्रममा शुक्रबार बिहान सम्बोधन गर्दै भन्नुभयो- 'दुई नम्बर प्रदेशमा एमालेलाई दोस्रो बनाएर देखाऊ। त्यसका लागि कोको मिल्ने हो मिल।'

उहाँले वैचारिक हिसाबले नेपालमा दुईवटा मात्रै पार्टी भएको उल्लेख गर्नुभयो। 'कांग्रेस र एमाले मात्रै हो राजनीतिक पार्टी', उहाँले भन्नुभयो- 'माओवादी केन्द्रको वैचारिक रूपमै विघटन भइसकेको छ।' उहाँले माओवादीले वैचारिक रूपमा उठाएका मुद्दाहरू टुंगिएको भन्दै पार्टी पनि वैचारिक रूपमा सिद्धिएको टिप्पणी गर्नुभयो।

नेकपा एमालेको प्रदेश संगठन कमिटी, प्रदेश नम्बर ४ ले आयोजना पार्टी प्रवेश कार्यक्रममा ओलीले अन्य पार्टीहरू जतिसुकै मिलेर आए पनि एमाले एक्लै लड्ने स्पष्ट पार्नुभयो। पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका ओलीले निर्वाचन आयोगले पक्षपात गरेको आरोपसमेत लगाउनुभयो।

उहाँले एमालेलाई कसैले पनि दोस्रो पार्टी बनाउन नसक्ने दाबी गर्नुभयो। उहाँले प्रदेश नम्बर २ मा एमालेलाई दोस्रो पार्टी बनाएर देखाउन चुनौती दिनुभयो। 'एमालेले तराईमा जनताका लागि विकासको काम गरेको छ', उहाँले भन्नुभयो- 'जनताको मनमस्तिष्कमा एमालेको छाप छ। त्यसैले कसैले भन्दैमा एमालेलाई दोस्रो बनाउन सक्दैन।'

उहाँले सरकारले जथाभावी रूपमा स्थानीय तह थप गरेको आरोप लगाउनुभयो। भूगोल र जनसंख्यालाई अध्ययन नै नगरी तहको संख्या बढाइएकोप्रति रोष प्रकट गर्दै नेता ओलीले थप्नुभयो- 'मोर्चा कसेर, प्रभुको आशीर्वाद लिएर दोस्रो पार्टी बनाएर देखाओस्।'

उहाँले एमालेको कार्यक्रममा ढुंगा, मुढा गरेको नदेख्ने आयोगले एमालेले टोपी लगाउँदा देखेको बताउनुभयो। 'एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले चिन्ह अंकित टोपी लगाउँदा २४ घण्टे अल्टिमेटम दिने', उहाँले भन्नुभयो- 'एमालेको कार्यक्रममा ढुंगा, मुढा गर्दा आचारसंहिता लागेको आयोगले नदेख्ने ?'

## दुई महिनालाई स्टिमर बन्द

**नेपाल समाचारपत्र**

स्याङ्जा

कालीगण्डकीमा लगातार परेको वर्षाका कारण पानीको बहाव बढेसँगै दुई महिनाका लागि स्टिमर सेवा बन्द गरिएको छ। हरेक वर्षाद् समयमा कालीगण्डकीमा पानीको बहाव बढेसँगै नियमित बन्द हुँदै आएको स्टिमर सेवा यो वर्ष पनि दुई महिनाका लागि बन्द गरिएको हो।

पानीजहाजको रूपले पनि परिचित स्टिमर सेवा बन्द हुँदा स्याङ्जा, पर्वत, बागलुङ र गुल्मीका यात्रुहरू वर्षायामसँगै मर्कामा पर्दै आएका छन्। कालीगण्डकी गाउँपालिका-१ आँधी मुहानबाट सञ्चालन हुने स्टिमर एसियाकै ठूलो शालिग्राम रहेको सेतीवेणीसम्म चल्ने गर्दछ। ढुवानी र यात्रु बोक्ने सेवा प्रदान गर्दै आएको स्टिमर सेवा बन्द हुँदा बिरामी, खाद्यान्न र आवतजावतमा हरेक वर्ष दुई महिना सेवा लिने बासिन्दा मर्कामा पर्दै आएका छन्। वैकल्पिक मार्ग नभएकाले पनि यहाँका बासिन्दालाई स्टिमर सेवा प्रभावकारी हुँदै आएको छ। नेपालको पानीजहाजको रूपमा परिचित यसले करिब ३ सय यात्रु बोक्छ।

कालीगण्डकी कोरिडोर भए पनि प्रसस्त सवारी नचल्दा यहाँका बासिन्दालाई स्टिमरले सेवा पुर्‍याउँदै आएको छ। 'कालीगण्डकीमा पानीको सतह बढ्दै गएको छँ', शिला शालिग्राम कालीगण्डकी जलयातायात समितिका अध्यक्ष डोलराज भट्टराईले भन्नुभयो- 'नदीमा पानीको बहाव बढ्न साथ कालीगण्डकी 'ए' जलविद्युत्ले ढोका खोलेपछि असुरक्षित हुने भएकाले बन्द गर्नुपर्छ।' ढोका नखुल्दा पानीको बहाव नहुने र खोल्दा बहावले स्टिमरलाई चलाउन जोखिम हुने भएकाले दुई महिना स्टिमर बन्द हुने गर्छ भट्टराईले बताउनुभयो।

वर्षाको समयमा कालीगण्डकीमा पानीको बहाव उच्च र नदीले जमिन कटान गर्न शुरू गरेपछि स्टिमर राख्ने ठाउँ नहुँदा निकै कठिन भएको समितिले जनाएको छ। उहाँले नदीमा पानीको बहाब घटे पश्चात सामान्यतया कात्तिक महिनाबाट पुन: सञ्चालन गरिने बताउनुभयो। स्टिमरको एकतर्फी भाडा एक सय रुपियाँ रहेको समितिले जनाएको छ।

स्टिमर सेवा सञ्चालन हुँदा स्याङ्जाको पिँढीखोला र निबुवाखर्क, पर्वतको शालिग्राम, बराहचौर, वहाकी, रानीपानी, टकलाक, हुवास, गुल्मीको अर्बेनी, जयखानी, पुर्तिघाट, फोक्सिङ, हर्मिचौर, लुम्पेकसहित तथा बागलुङका जैदी, छिस्दी र राङखानीका स्थानीय बासिन्दाले यातायात भन्दा सस्तो र छिटो छरितो सेवा लिँदै आएका छन्।

पर्यटकीय दृष्टिले यो यात्रा गर्न देशभित्र र बाहिरबाट पर्यटकहरू पनि आउने गर्दछन्। एसियाकै ठूलो शालिग्राम शिला भएकाले पनि धार्मिक पर्यटक स्टिमर चढेर सेतीवेणी पुगेर शिला दर्शन गर्न आउने गर्दछन्। स्टिमर सेवा बन्द भएपछि धार्मिक पर्यटकसँगै आवातजावत गर्ने सर्वसाधारण हिँड्न बन्द भएपछि व्यवसायमा पनि कमी आएको छ। करिब ७ किलोमिटर यात्रा गर्न पाइने स्टिमरले करिब ४५ मिनेटमा गन्तव्यमा पुर्‍याउने गर्दछ।

## ससुराली आएका भारतीयद्वारा आत्महत्या

बाँके, (नेस)

श्रीमती लिन आएका भारतीय युवाले नेपालगन्जमा आत्महत्या गरेका छन्।

भारत बहराइचका अश्वनीकुमार पाण्डेले बिहीबार राति ससुराली घर नजिकको बबुरको रुखमा झुन्डिएर आत्महत्या गरेका हुन्। नेपालगन्जको रामनगरमा ससुराली रहेका पाण्डे श्रीमती लिन आएका थिए। श्रीमती घर जान नमानेको रिसमा पाण्डेले आत्महत्या गरेको बुझिएको छ।

पाण्डेको मदिरा सेवन गरेर श्रीमतीलाई कुट्ने 'लत' थियो। घरमा सधैंजसो कुटाइ खाने भएपछि श्रीमती माइतीमा आएर बसेकी थिइन्। श्रीमान्ले घर जाम भन्ने अनि श्रीमती जान नमान्ने भएपछि विवाद भएको थियो। श्रीमती घर नजाने भएपछि पाण्डेले यहीं मर्छु भन्दै दुई दिनदेखि डोरी लिएर हिँडेका थिए।

बिहीबार राति अबेरसम्म वादविवादमा रहेका पाण्डेले बिहानीपख ससुराली घरदेखि अलि पर रहेको बबुरको रुखमा झुन्डिएर आत्महत्या गरेका थिए। आत्महत्या गर्नुअघि पाण्डेले पत्र पनि लेखेको बुझिएको छ। यस्तै, बाँकेमा घरको सामान्य झगडामा अर्का व्यक्तिले पनि आत्महत्या गरेका छन्। दाजुभाइको झगडामा दाइले घरको बलोमा झुन्डिएर आत्महत्या गरेका हुन्।

## अवैध घरेलु मदिरा नष्ट

लमजुङ, (नेस)। मध्यनेपाल नगरपालिका क्षेत्रमा अवैध रूपमा बिक्रीका लागि राखिएको घरेलु मदिरा नष्ट गरिएको छ। इलाका प्रहरी कार्यालय भोर्लेटारको सक्रियतामा खटिएको एक टोलीले मध्यनेपाल नपा-५ देखि ७ वडासम्मका विभिन्न स्थानका होटल, खाजाघर तथा पसलहरूमा अनुगमन गरी भदौ १२ गते सो कार्य गरिएको हो।

उक्त अवसरमा ती वडामा रहेका कुल ३३ वटा पसलहरूमा अनुगमन तथा निरीक्षण गरिएको थियो। तीमध्ये १५ वटा पसलमा अवैध घरेलु मदिरा फेला परेको हो। फेला परेका बसै पसलबाट १ सय ५३ लिटर घरेलु मदिरा बरामद गरी इलाका प्रहरी कार्यालय भोर्लेटारमा लगेर कार्यालय परिसरमा नष्ट गर्ने कार्य गरिएको प्रहरी भनाइ छ। सो कार्य इलाका प्रहरी कार्यालय भोर्लेटारका प्रमुख प्रहरी निरीक्षक राधेश्याम सिंह सैदवारको नेतृत्वमा गरिएको हो।

उक्त मदिराको अनुगमन तथा नष्ट गर्ने कार्यमा जिल्ला समन्वय समितिका सदस्य नौबहादुर दुरा, मध्यनेपाल नपा-६ का वडाध्यक्ष विष्णुभक्त पौडेल, माओवादी केन्द्रका केन्द्रीय सदस्य रामचन्द्र पौडेल, राष्ट्रिय अनुसन्धानका प्रतिनिधि प्रदीपकुमार केसी, मध्यनेपाल नगरपालिकाका प्रतिनिधि सुजन ढकाल, लउवासंघ भोर्लेटार एकाइका सचिव सरोज पौडेल आदि सहभागी हुनुहुन्थ्यो।

## आगामी चुनाव आत्मसमर्पणवादी भर्सेस राष्ट्रवादी : *कमल थापा*

**नेपाल समाचारपत्र**

बाँके

राप्रपाका अध्यक्ष कमल थापाले आगामी चुनावमा आत्मसमर्पणवादी भर्सेस राष्ट्रवादीका बीचमा प्रतिस्पर्धा हुने बताउनुभएको छ।

शुक्रबार नेपालगन्जमा भएको पत्रकार भेटघाटमा अध्यक्ष थापाले संविधान निर्माणको क्रमदेखि शुरू भएको आत्मसमर्पणवादी र राष्ट्रवादीको ध्रुवीकरण आगामी चुनावमा प्रस्ट देखिने बताउनुभयो। 'संविधान अस्वीकार गर्ने, जलाउने, नाकाबन्दी गर्ने, संविधानलाई समाप्त पार्न लागेका आत्मसमर्पणवादीहरू त्यसबाट उद्देश्य पूरा नभएपछि ध्रुवीकरण भएका छन्', थापाले भन्नुभयो- भारत भ्रमणका क्रममा प्रधानमन्त्रीले संविधान संशोधनको कुरा उठाउनुले त्यसलाई पुष्टि गर्दछ।'

आत्मसमर्पणवादीहरू आन्दोलन र नाकाबन्दीबाट प्राप्त नभएको उद्देश्य प्राप्तिका लागि चुनावमा ध्रुवीकरण भएर अघि बढ्ने योजनामा रहेको थापाको टिप्पणी थियो। उहाँले आगामी चुनावमा राष्ट्रवादी शक्तिका बीचमा पनि समझदारी आवश्यक रहेको बताउनुभयो।

अध्यक्ष थापाले संविधान संशोधनले मधेसको मूलभूत समस्या समाधान नगर्ने बताउनुभयो। 'संशोधनमा समेटिएका सबै विषय राष्ट्रलाई हानिकारक गर्ने थिएनन्। संशोधनले मधेसको मूलभूत माग सम्बोधन गर्नुभन्दा पनि मधेसकेन्द्रित दलको 'फेस सेभिङ' गर्ने मात्रै थियो', थापाले थप्नुभयो- 'त्यसैले राप्रपामा त्यसमा सकारात्मक भएको थियो। तर, सरकार र सत्ता पक्षबाट राप्रपालाई विभाजन गरिएपछि हामीले त्यसको विपरीत मत हाल्यौं।'

राप्रपालाई एकीकरण गराएर आत्मसमर्पणवादी कित्तामा लैजाने डिजाइन असफल भएपछि पार्टी विभाजन भएको थापाको भनाइ थियो। 'आत्मसमर्पणवादीको गोटी राणा पक्ष छुट्टिएको भन्छन् नि भन्दा थापाले यस्तो कुरा थियो भने पार्टीभित्र छलफल गर्न सकिन्थ्यो। 'एक्कासि पार्टी फुटाइहाल्नु पर्दैनथ्यो', थापाले उदाहरण दिनुभयो- 'कांग्रेसमा रामचन्द्रजी रातदिन रोएर बस्नुभएको छ। पार्टी फुटाउनुभएको त छैन नि। सानो कुरामा पार्टी फुटाउँदै जाने हो भने कहाँ पुगिन्छ ?'

अध्यक्ष थापाले सरकारको संघ र प्रदेशको चुनाव दुई चरण गर्ने निर्णयले आशंका उब्जिएको बताउनुभयो। थापाले भन्नुभयो- 'चुनाव एकै चरणमा गर्नु उपयुक्त हुन्छ।'

पार्टीको एजेन्डा र मूलधार आफैंसँग रहेको दाबी गर्दै थापाले आगामी चुनावमा पनि हिन्दु राष्ट्रको एजेन्डालाई लिएर जनतामाझ जाने बताउनुभयो। राप्रपाले देशका ७ सय ५३ वटै स्थानीय निकायमा कात्तिकभित्र संरचना निर्माण गरेर चुनाव लक्षित अभियान सञ्चालन गर्दै छ। दशैं र तिहारको बीचमा मेची-महाकाली हिन्दुत्व जागरण




अभियान आयोजना गर्ने तयारी गरेको छ। पार्टी एकीकरण भएर फेरि चोइटिँदा कमल थापा पक्षधरका केही सांसद राणातिर लागेका छन्। तथापि, वरिष्ठ नेताहरू लोकेन्द्रबहादुर चन्द, बालाराम घर्तीमगर, बुद्धिमान तामाङहरू यतै रहेका छन्।

पशुपतिजी हुनुभयो, सिंगो पार्टीलाई आत्मसमर्पणवादी कित्तामा लैजान नसकेपछि सरकार र सत्तारूढ दलले राणालाई उचालेर पार्टी फुटाए', थापाले भन्नुभयो- 'राणा नियोजित षड्यन्त्रमा प्रयोग हुनुभयो।'

तपाईंले मनोमानी गरेपछि दलहरूसँग छलफल गरेर मंसिर १० गते एकै चरणमा चुनाव गर्ने सहमति गरेको सरकारले ९ दिनपछि नै दुई चरणमा गर्ने निर्णय गर्नुले आशंका जन्माएको थापाको भनाइ थियो। 'पहिलो चरणको चुनावको मतगणना गर्ने कि नगर्ने, त्यसको सुरक्षाको प्रश्न खडा भएको छ',

## मुस्लिम समुदाय बक्रइद पर्व मनाउँदै

**फिरोज सिद्दिकी, सिरहा**

तीन दिनसम्म मनाइने मुस्लिम धर्मालम्बीहरूको महान् पर्व बक्रइद (इदुल अजहा) आज शनिबारदेखि हर्षोउल्लासका साथ मनाइँदै शुरू भएको छ।

शान्ति र समृद्धिको कामना गर्दै जिल्लामा बसोबास गर्ने मुस्लिम समुदायले यो पर्व मनाउँदै छन्। इस्लामी क्यालेन्डरअनुसार अन्तिम महिना जिलहिज्जा १०, ११ र १२ तारेखका दिन यो पर्व मनाउने चलन रहिआएको छ। इस्लामी क्यालेन्डरअनुसार आज १० तारेख अर्थात् भदौ १७ गते परेको छ। तीन दिनसम्म मनाउने यस पर्वको खास विशेषाता भनेको कुर्वानी गर्नु हो।

जामे मस्जिद लहानका धर्मगुरु मौलाना मुस्ताक अहमदका अनुसार बक्रइदमा आर्थिक अवस्थाअनुसार मुस्लिम समुदायका सर्वसाधारणले अल्लाहको नाममा चौपाया कुर्वानी गर्नुपर्ने चलन छ। तर हाम्रो धर्मले सबै मुस्लिम समुदायलाई कुर्वानी गर्नु नै पर्छ भनेर कसैलाई बाध्य भने पारेको छैन। सम्पन्न मुस्लिम परिवारले साढे सात तोला सुन वा ५२ तोला चाँदीको स्वामित्व तथा त्यो बराबरको नगद वा अचल सम्पत्ति भएमा अल्लाहको नाममा चौपायाको कुर्वानी गर्नुपर्ने मौलाना अहमदले बताउनुभयो।

उहाँका अनुसार इस्लामी धर्मग्रन्थका अनुसार हुनेखानेले यो दिन स्वस्थ्य चौपाया (खसी, बोका, भेडा, राँगालगायत घरपालुवा जनावर) को कुर्वानी दिए पुग्छ। धार्मिक ग्रन्थका अनुसार चौपायाको कुर्वानी दिनुअघि आफूलाई पायक पर्ने मस्जिद अथवा इदगाह (इदको नमाज पढने विशिष्ट स्थान) मा बसेर प्रार्थना गर्ने चलन छ। बक्रइदको अवसरमा अनिवार्य रूपमा इदको नमाज पढ्ने चलन छ। व्रत बसेर सकेसम्म सकालै इदको नमाज पढेर चौपायाको कुर्वानी दिने चलन छ। विशेष मन्त्रको उच्चारण गर्दै अल्लाहलाई चौपायाको कुर्वानी दिएपछि त्यसको मासु (तनुका) तीन भागमा बाँड्ने चलन छ। तीन भागमा बाँडिएको मासुमध्ये एक भाग गरिब गुरुवालाई, अर्को भाग नातेदारलाई र अन्तिम भाग कुर्वानी दिएका परिवारले राख्ने चलन छ।

बक्रइद मनाउनुको एउटै उद्देश्य आफ्नो इष्टदेउता अल्लाहलाई प्रसन्न पार्नु हो। यो पर्व मुस्लिम समुदायले हजारौं वर्षअघिदेखि मनाउँदै आएका आएका छन्। धार्मिक ग्रन्थ कुरानका अनुसार अल्लाहले इस्लाम धर्मका अनुयायी हजरद इब्राहिमको परीक्षा लिँदै आफ्नो सबैभन्दा प्यारो वस्तुको कुर्वानी गर्न आग्रह गरेका थिए। अल्लाहको आग्रहबमोजिम हजरत इब्राहिमले आफ्नो सबैभन्दा प्यारो चिज छोराको कुर्वानी दिन तयार भएका थिए। कुर्वानी गर्नुअघि छोराले आफ्नो आमालाई यसबारेमा नभनेर आँखामा पट्टि लगाएर बली प्रदान गर्न बुबालाई आग्रह गरेका थिए। हजरतले छोराको बली प्रदान गर्न खोज्दा अल्लाहको दैवीय शक्तिका कारण दुम्बा (चौपाया) को बली परेको थियो। यसरी अल्लाहको परीक्षामा हजरद इब्राहिम सफल भएका थिए। त्यसै समयदेखि यो पर्व मनाउने परम्परा शुरू भएको जनविश्वास रहेको छ।

यो पर्वमा विशेष गरी मासुका विभिन्न प्रकारका परिकार तयार गरी खाने चलन छ। यसबाहेक सेबई, पुलाउ, फलफूललगायतका मिष्ठान्न परिकार पनि खाने र एकापसमा खुसियाली साटासाट गर्दै शुभकामना आदानप्रदान गर्ने गर्छ। यी धर्मावलम्बीले इदलाई खुसीको महिनाका रूपमा मनाउने परम्पराअनुसार प्रत्येक वर्ष आफन्त, नातेदार, इष्टमित्रको भेला गराई खुसियाली गर्ने प्रचलन छ। वर्षमा एकपटक अल्लाको नाममा कुर्वानी गरेमा पारिवारिक सुख समृद्धि कायम भई पुण्यलाभ हुने सो धर्मावलम्बीको विश्वास रहेको छ। बक्रइद पर्वको अवसरमा सरकारले भदौ १८ गते अर्थात् आइतबार सार्वजनिक बिदा दिएको छ।


२०७४, भदौ
शनिबार
१७

फुङ्लिङ नगरपालिका-८ स्थित धुसेनी भीरदेखि बहानन्देसम्मको करिब दुई किलोमिटर सडक क्षतिग्रस्त भएकाले ठूला सवारी सञ्चालन गर्न असम्भव भएको सडक डिभिजन कार्यालयका सुपरभाइजर नवीन उप्रेतीले बताउनुभयो।



# सगरमाथा क्षेत्रमा अटम सिजन शुरू

**बुद्धवीर बाहिङ, सोलुखुम्बु**



सगरमाथा क्षेत्रमा भदौ महिनाको मध्यसँगै अटम सिजन शुरू भएको छ। वर्षायाममा काठमाडौंलगायत अन्य क्षेत्रमा गएका स्थानीय तथा व्यवसायी खुम्बु क्षेत्रमा फर्कन थालेपछि अटम सिजन शुरू भएको हो।

अटम सिजनको सुरुआतीसँगै यस क्षेत्रका होटल, पसल, रेस्टुरेन्ट तथा लजहरू सरसफाइ गर्न थालिएको लुक्लाकी होटल व्यवसायी दावाफुटी शेर्पाले बताउनुभयो। यो सिजनमा सगरमाथा क्षेत्रमा सबैभन्दा बढी पर्यटकहरू आउने गरेको तथ्यांक छ। सबैभन्दा उत्तम सिजन मानिने यो अटममा सबैभन्दा कम लेक लाग्ने स्थानीयको भनाइ छ।

सिजन शुरू भएसँगै तेन्जिङ हिलारी विमानस्थलमा पनि हवाईजहाज तथा हेलिकोप्टरको चाप बढेको छ। अटम सिजनका लागि दैनिक उपभोग्य खाद्य पदार्थहरू हवाईजहाजबाटै लैजानुपर्ने बाध्यता भएकाले पनि विमानस्थलमा चाप बढेको हो।

पछिल्लो समयमा भएको प्राकृतिक विपत्तिका कारण यस क्षेत्रमा अघिल्लो वर्षभन्दा कम पर्यटकहरू आएका थिए। प्राकृतिक विपत्तिपछि यस क्षेत्रको पर्यटन विस्तारै लयमा फर्कंदै गएकाले यो सिजनमा अघिल्लो वर्षको जस्तै पर्यटकहरू आउने व्यवसायीहरूको भनाइ छ।

# आमाहरूलाई सिर्जनशीलतामा जोड्दै वालिङ

**अमृत अर्याल, स्याङ्जा**

वालिङ नगरपालिकाभित्र रहेका आमा समूहलाई उत्पादनशील बनाउन वालिङ नगरपालिकाले अभियान शुरू गरेको छ। १४ वडा रहेका वालिङ नगरपालिकाभित्र रहेका आमा समूहलाई विभिन्न सीपयुक्त तालिम प्रदान गरेर उत्पादनशील बनाउने अभियानलाई अगाडि सारेको हो। नगरपालिकाभित्र रहेका आमा समूहका अध्यक्ष र सचिवसँग नगरपालिकाले अन्तरक्रिया शुरू गरेको छ। कुन आमा समूहलाई के उत्पादनशील तालिम प्रदान गर्दा आयआर्जनमा टेवा पुग्छ भन्ने निष्कर्ष निकाल्न नगरपालिकाले अन्तरक्रिया आयोजना गरिएको नगरपालिका उपप्रमुख कल्पना तिवारीले बताउनुभयो।

वालिङलाई स्मार्ट सिटी बनाउने अभियानसँगै वालिङ नगरपालिकाभित्र रहेका आमाहरूलाई आयस्रोतका रूपमा बलियो बनाउन नगरपालिकाले यो अभियान अगाडि सारेको हो। 'आमा समूहको इच्छा पहिलोपटक बुझ्ने प्रयास गरेका छौं' नगर उपप्रमुख तिवारीले भन्नुभयो- 'कुन आमा समूहले कुन काम गर्न सक्छन् भन्ने इच्छाअनुसार नै तालिमको व्यवस्थापन गर्नेछौं। तालिममा सिकेको कुरालाई व्यवहारमा उतार्न समूहगत रूपमा भए समूहगत नभए व्यक्तिगत भए पनि आमाहरूलाई उत्पादनमा जोड दिनेछौं। नगरभित्र रहेका हरेक वडाका आमा समूहलाई १४ गतेदेखि २० गतेसम्म नगरपालिकाले अन्तरक्रिया गर्दै छ।

सहभागी भएका आमा समूहले हालसम्म गरेका गतिविधि र आमा समूहले गर्ने इच्छाको विषयमा पहिचानको खोजीमा नगरपालिका लागेको छ। अधिकांश सहभागी आमा समूहले गाउँ टोल सरसफाइ गर्ने, सामुदायिक भवन निर्माण गर्ने, समूहमा चाहिने भाँडावर्तन जोड्ने, बचत गर्ने बानीको विकासजस्ता कामहरू गर्दै आएको बताएका छन्। पहिलो चरणमा वालिङ नगरपालिका वडा नं. १, २, ३ का आमा समूहसँग अन्तरक्रिया गरेको छ। 'आमा समूह पनि एउटा संगठन हो', उपप्रमुख तिवारीले थप्नुभयो- 'यो शक्तिलाई अधिकतम उत्पादनमा प्रयोग गरी आमा समूहको आर्थिक वृद्धिदर बढाउन नगरपालिका चाहन्छ।'

वालिङ नगरपालिकाभित्र २ सय १२ आमा समूह रहेको तथ्यांक रहेको छ। सबै आमा समूहले पुँजी संकलन गरी निम्न आय भएका महिलाहरूको आर्थिकस्तर उकास्न लगानीसमेत गरेका छन्। नगरपालिकाले नगरभित्र रहेका समूहलाई विशेषताअनुसारको तालिम प्रदान गरी अगाडि बढाउन सक्यो भने स्मार्ट सिटीका महिलाहरू आर्थिक रूपमा बलियो देखिने नगरपालिकाका प्रशासन प्रमुख पदमप्रसाद पाण्डेको भनाइ छ। आमा समूहले उत्पादन गरेको वस्तुको बजारीकरणमा केही समस्या देखिएको पाण्डेले बताउनुभयो।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडकविभाग
मध्यमान्चल क्षेत्रिय सडक निर्देशनालय
डिभिजन सडक कार्यालय काठमाण्डौ-२,टेकु

आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सुचना

प्रथम पटक सुचना प्रकाशित मिति : २०७४/०५/१७

यस कार्यालयको मिति २०७४/०२/२४ सूचना नं. १३/२०७३/७४ नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित वोलपत्र (Single Stage Double Envelope) आह्वान सम्वन्धी सूचना अनुसार म्याद भित्र दर्ता हुन आएका वोलपत्रहरु मध्ये प्राविधिक प्रस्ताबको मूल्यांकनमा निम्नानुसारको बोलपत्रदाताहरु प्राविधिक प्रस्तावको शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७४।५।२५ गते दिनको १३.०० वजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ को उपनियम (५)र(६) को प्रयोजनार्थ सम्वन्धित सवैलाई जानकारी गराईन्छ ।

तपसिल

| सि.नं | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्र दाताहरु |
|---|---|---|---|
| १. | DROKTM2 - 3371574- 2073/74-123 | Construction of RCC Bridge Over Balkhu Khola, Tinthana-Kirtipur Road | 1. M/S Bhandar Thotung/G.Tech JV , Kathmandu<br>2. M/S BT/Waiba&Lama JV,Kathamandu<br>3. M/S Lohani& Brothers P.Ltd. Bhartpur<br>4. M/S Nagarjun /Kalpbrichhya JV, Kathmandu<br>5. M/S Dragon/Hira& NamitaJV, Kathmandu<br>6. M/S Dev&Sayar/Juddha & Purna/ Panchakanya JV, Kathmandu |

डिभिजन प्रमुख

# ताप्लेजुङ-पाँचथर सडक खण्ड जोखिमपूर्ण

ताप्लेजुङ, (नेस)

मेची राजमार्गअन्तर्गत ताप्लेजुङ-पाँचथर सडक खण्ड जोखिमपूर्ण बनेको छ। बुधबार र बिहीबार रातिको वर्षापछि आएको भलबाढी र पहिरोको कारण सडक क्षतविक्षत हुनुका साथै सडकमुनिबाट पानी निकास गरिएको स्थान भासिन र भत्कन थालेपछि सो सडक खण्ड जोखिमपूर्ण बनेको हो।

फुङ्लिङ नगरपालिका-८ स्थित धुसेनी भीरदेखि बहानन्देसम्मको करिब दुई किलोमिटर सडक क्षतिग्रस्त भएकाले ठूला सवारी सञ्चालन गर्न असम्भव भएको सडक डिभिजन कार्यालयका सुपरभाइजर नवीन उप्रेतीले बताउनुभयो। पहिरोले बगाएको र पुरेको स्थान मर्मत गरी बिहीबार बिहानैबाट सवारीसाधन सञ्चालन गरिए पनि बिहीबार बेलुकाको वर्षाले अन्य स्थानको सडक भत्काउनुका साथै पानीको निकास भएको स्थानमा सडकमुनिबाट नै पानीले खोलेकाले ठूला सवारी सञ्चालन गर्न जोखिमपूर्ण भएको उप्रेतीको भनाइ छ।

सडक भत्किएको र बगेकाले साँघुरो भएको र मालवाहक सवारीसाधन पनि सो स्थानमा सञ्चालन भए सडक भासिने सम्भावना बढी रहेको छ। पानीले बगाएको भागलाई मर्मत गर्ने क्रम जारी राखी कम लोड भएका सवारी मात्र हाल एकतर्फी सञ्चालनमा दिएको सुपरभाइजर उप्रेतीले बताउनुभयो।

दिनभर मर्मत गरेको सडक रातिको वर्षाले भत्काउने र बगाउने भएकाले नियमित सञ्चालन हुने बनाउन अझै केही दिन लाग्ने उहाँको भनाइ छ। सडक डिभिजन कार्यालयले बाटो जोखिमपूर्ण भएकाले रातको समयमा सो स्थानमा सवारी सञ्चालन नगर्न आग्रह गरेको छ भने दिनको समयमा पनि साना सवारी मात्र सञ्चालन गरी बाटो मर्मतमा सहयोग गर्न यातायात सञ्चालकलाई आग्रह गरेको छ।

गत वर्षको भदौ १७ गते राति झरेको पहिरोबाट यो वर्ष पनि पहिरोसहित भलबाढी आउँदा धेरै सडक भत्किएको छ। बुधबार राति ताप्लेजुङमा वर्षकै सबैभन्दा बढी ८६.७ मिलिमिटर र बिहीबार राति ३५.४ मिलिमिटर वर्षा भएको पूर्वी क्षेत्रीय हावापानी फिल्ड कार्यालय ताप्लेजुङले जनाएको छ। अकस्मात् अत्यधिक वर्षा हुँदा मेची राजमार्गको ताप्लेजुङ-पाँचथर सडक खण्ड क्षतिग्रस्त भएको छ भने जिल्लाका अन्य ग्रामीण कच्ची सडकमा यातायात बन्द भएको छ।

# 'गरिबले कसरी चुनाव लड्ने'

राजविराज, (नेस)

हालको प्रत्यक्ष निर्वाचन प्रणालीबाट गरिब तथा विपन्नको प्रतिनिधित्व हुन नसक्ने अवस्था रहेको भन्दै यसबारे बहस हुनुपर्ने संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जितेन्द्र नारायण देवले बताउनुभएको छ।

चित्र गुप्त सेवा समिति राजविराजले शुक्रबार आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा बोल्दै उहाँले यस्तो कुरा बताउनुभएको हो। 'अहिलेको निर्वाचन प्रणालीलाई परिवर्तन नगरे गरिबका छोराछोरी चुनाव जित्न सक्दैनन्', उहाँले भन्नुभयो- 'यसबारे बौद्धिक वर्गले चर्चा परिचर्चा चलाउनुआवश्यक छ।'

केही दिनअघि सम्पन्न स्थानीय तह निर्वाचनमा गाउँपालिकाको अध्यक्षमा चुनाव लड्दा एक उम्मेदवारले २-३ करोड रुपियाँसम्म खर्च गरेको आफूले जानकारी पाएको खुलासा गर्दै उहाँले प्रश्न गर्नुभयो- 'यस्तै हो भने गरिब तथा मध्यम वर्गले कसरी चुनाव लड्ने ?' योग्यता, क्षमतावान् र देश तथा समाजका लागि केही गर्ने भावना बोकेका व्यक्तिलाई स्थानीय निकायको चुनावमा प्रतिनिधित्व गराउनुपर्ने आवश्यक रहे पनि आर्थिक अभावकै कारण त्यस्ताले वञ्चित हुनुपर्ने अवस्था आउनु विडम्बना नै रहेको उहाँको कथन थियो।

**भूमि सुधार कार्यालय सुनसरीबाट जिल्ला सुनसरी धरान न.पा. वार्ड नं. १ भई हाल ऐ वडा नं.६ परिवर्तित धरान उपमहानगरपालिका वार्ड नं.२ वस्ने जग्गाधनी चन्द्र प्रसाद आचार्यको नाममा जारी भएको ३०(तीस) दिने म्याद सरहको सार्वजनिक सूचना**

जिल्ला सुनसरी, धरान उपमहा न.पा. वडा नं. १७ वस्ने डमरमाया श्रेष्ठले तपाईको नाममा दर्ता भएको जिल्ला सुनसरी, घोपा २(ग) कि.नं.३८ को जग्गा बिगाहा ०-७-१५.५ र कि.नं.३९ को जग्गा बिगाहा ०-५-८.५ जग्गाको मोही मेरा ससुरा दल बहादुर श्रेष्ठको मृत्यु पश्चात निजको हक खाने हकदार छोरा बुहारी म भएको हुंदा उक्त जग्गाको मोही नामसारी गरिपाउँ भनी मि.नं.८९९ मिति २०७४/०३/२७ मा फिराद माग दावी लिनु भएकोमा तपाइको नाममा यस कार्यालयबाट म्याद जारी गरि पठाईएकोमा उक्त स्थानमा तपाई र तपाईको परिवारका अन्य सदस्यहरु समेत फेला नपरेको भनी धरान उपमहा न.पा. वार्ड नं.२ को सूचना पाटीमा म्याद टांस भई आएको हुंदा यस कार्यालयको मिति २०७४/०५/०७ को आदेशानुसार विषेश अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम तपाई जग्गाधनीको नाममा यो ३०(तीस) दिने म्याद सरहको सार्वजनिक सूचना प्रकाशित गरिएको छ। फिरादकर्ताको माग बमोजिम मोही नामसारी गर्न नपर्ने कुनै कारण भएमा स-प्रमाण म्याद भित्र आफै वा कानुन बमोजिमको वारेश मुकरर गरी प्रतिउत्तर पठाउनु होला । म्याद गुजारी बसेमा कानुन बमोजिम भैजाने छ र पछि तपाईको कुनै उजुर नलाग्ने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईएको छ ।

# गौराको बिदाइ

डोटी, (नेस)

सुदूरपश्चिमेलीको संस्कृतिको धरोहरका रूपमा रहेको प्रसिद्ध पर्व तथा गौरादेवीलाई डोटीमा विधिवत् रूपमा बिदाइ गरिएको छ।

बिहीबार रातभरि नाटक, तुलछाका खेल तथा अन्य मनोरञ्जनात्कम खेल देउडा खेली डोटेलीले शुक्रबार गौरादेवीको बिदाइ गरेका हुन्। भदौ ९ गते विधिवत रूपमा गौरा भित्र्याई गौरासम्बन्धी विभिन्न खेल खेलेर रमाइलो गरिरहेका थिए।

सुदूरपश्चिमका अन्य जिल्लामा बुधबार गौरादेवीको विसर्जन गरिए पनि डोटीको जोरायल, भूमिराजमाडौं तथा गड्सेरा क्षेत्रमा भने स्थानीयले गौरादेवीको तीन दिनका लागि साइत सारी शुक्रबार विधिवत बिदाइ गरेको जोरायलकी कुन्ति भट्टले बताउनुभयो।

गौरादेवीको बिदाइ गर्ने दिन गौरादेवीमा चढाएका फलफूलहरू फाल्ने चलन अर्थात् अठमल्ली उरेल्ने नियम भएकाले उरेलिएका अठमल्ली ज-जसको हातमा परे यो वर्ष उसलाई निकै फाइदा हुने र सन्तान नभएकाहरूको हातमा परे सन्तान प्राप्ति हुने जनविश्वास रहेका छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्र, बाग्मती
जगाती, भक्तपुर

सूचि दर्ता गराउने सम्बन्धमा

प्रथम पटक प्रकाशित मितिः २०७४।०५।१७

यस कार्यालयको लागि आ.व. २०७४।०७५ मा आवश्यक पर्ने देहाय बमोजिमका मालसामान तथा सेवाहरु आपूर्ति गराउन ईच्छुक ईजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी, संस्थाहरु एवं गैह्र सरकारी संस्था समेतवाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा भएको व्यवस्था अनुसार छुट्टा छुट्टै मौजुदा सूची दर्ता गर्नको लागि यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा दरखास्त दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै सूचना सम्बन्धी विस्तृत जानकारी कार्यालयको वेवसाईट www.dotm.gov.np/jagati मा राखिएको छ।

दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
१ नम्बर प्रदेश, नेपाल
स्थापित : २०७३
योजना शाखा

सूचना । सूचना ॥ सूचना ॥।

मिति :-२०७४/०५/१७

प्रस्तुत बिषयमा चालु आ.ब.२०७४/०७५ को प्रथम पटक सूचना प्रकाशित मिति २०७४ साल श्रावण २३ गते ठेक्का नं.01/DM/Solar/2074/075 को ठेक्का फारमको Technical Specification मा सोलार पाता २०० WP र पोलको उचाई ९ मी.भएको र BOQ को Item No.4 मा सोलार पाता २०० WP र Item No.2 मा पोलको उचाई ९ मी.हुनु पर्नेमा पोलको उचाई ८ मी. भएकोमा सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
भेरी अञ्चल अस्पताल बिकास समिति
नेपालगंज ।

सिलबन्दी दरभाउपत्र पेश गर्ने गर्ने सम्वन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०७४/५/१७

यस भेरी अञ्चल अस्पताल नेपालगंजमा सहुलियत दरको अस्पताल फार्मेसी संचालनको लागि दरभाउपत्र भित्र संलग्न सूचि अनुसार आ.ब. ०७४/०७५ को लागि औषधीहरुको मूल्य सिलवन्दी दरभाउपत्रका माध्यमबाट लिनु पर्ने भएकोले इच्छुक Manufacturing कम्पनी वा Super Dealers वा supplier बाट यो सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१) यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा तथा मू.अ.कर, आ.व. (०७२/०७३ को ) करचुक्ताको प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपि औषधीजन्य मालसामानको दररेट उपलब्ध गराउने काममा रु.१०००।- रकम (फिर्ता नहुने) नगदै दाखिला गरी सक्कलै भौचर समेत संलग्न राखी अस्पतालको खरिद ईकाईमा दरभाउपत्र खरिदको लागि निवेदन दिनुपर्ने छ ।
२) दरभाउपत्रदाताले आफुले दाखिला गर्ने सिलबन्दी दरभाउपत्र सुचना प्रकाशित मितिले १६ औं दिनको १२:०० वजेभित्र प्रस्तावित खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित रुपमा स्वः घोषणा गरेको कागजातहरुको सक्कल प्रति अनिवार्य संलग्न गर्नु पर्नेछ । तथा सोही दिनको २:०० बजेभित्र उपरोक्त उल्लेखित कागजातहरु को अतिरिक्त सि.नं.१ मा उल्लेखित कागजातहरुको सक्कल तथा प्रमाणित कागजातहरु यस अस्पतालको सम्बन्धित कामको Bidding Document समेतमा दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस अस्पतालमा अनिवार्य दर्ता गराई सक्नुपर्नेछ । उपरोक्त वमोजिम नभएको दरभाउपत्र उपर कारवाही गरिने छैन ।
३) दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खोलेको दिन र सोही समयमा हुनेछ । दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको २:०० वजे दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्नेछैन ।
४) सिलवन्दी दरभाउपत्रदाताले BOQ को लिष्टमा उल्लेखित आईटमहरुमा MRP दररेट, आफ्नो कम्पनी वा फर्मले दिने प्रस्ताबित दररेट अनिवार्य रुपमा भर्नु पर्नेछ र दररेट उल्लेख गर्दा मु.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । छनौट हुने औषधी Department of Drug Administration मा दर्ता तथा नविकरण भएको कर चुक्ता प्रमाणपत्र पाएको, WHO-GMP certified Company बाट हुनुपर्ने छ र आवश्यकता अनुसार WHO/GMP/ISO प्रमाणीत भएको प्रमाण समेत पेश गर्नुपर्नेछ ।
५) एक कम्पनीको नाममा खरिद गरिएको सिलवन्दी दरभाउपत्र फाराम अर्को कम्पनीको नामबाट दाखिला गर्न पाइनेछैन । सबै औषधी तथा औषधीजन्य सामानहरु दर्तावाला कम्पनीबाट हुनुपर्नेछ । दरभाउपत्रदाताले सामानको ब्राण्ड नाम प्रत्येकको (MRP) र Institutional Rate अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ र सो को मूल्य नेपाली मूद्रामा उल्लेख गर्नुपर्नेछ ।
६) खरिद हुने सामानहरुको म्याद कम्तीमा १८ महिना वा Manufacturing date बाट Expiry date कम्तीमा ८०% बाँकी हुदाँ स्टोरमा दाखिला हुनु पर्नेछ । सो भन्दा घटी भएका सामानहरु सडेगलेका, टुटफुट भएका, म्याद नाघेका, कमसल आदि सामानहरु कुनै हालतमा पनि अस्पतालले बुझिलिने छैन । मौज्दातमा बाँकी रहेका सामग्रीहरु Expire हुन ३ महिना बाँकी हुँदा फिर्ता लिई सोही मूल्य बराबरको Replace गरीदिनु पर्नेछ ।
७) औषधीको गुणस्तरमा कुनै शंका लागेमा दरभाउपत्रदाताले आफ्नै खर्चले गुणस्तर परिक्षण गर्नुपर्ने छ । आपूर्ति गरिने सामानहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry मिति, ब्याच नम्बर प्रष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ । आवश्यक परेमा नमूना माग गरिनेछ ।सूचीमा उल्लेख भएका सामानहरुको Quality check Technical Committee ले Individual Evaluation गर्नेछ र ती रेट, ब्रान्ड, कम्पनी Technical Committee ले सिफारिस गरेको मात्र हुनेछ ।
८) सूचीमा दरभाउपत्रको लागि जति किसिमका सामानहरु उल्लेख भएता पनि अस्पतालले आफ्नो आवश्यकता अनुसार औषधी र तिनका परिमाणहरु माग गर्ने छ । यो सूचनामा उल्लेखित कागजात संलग्न नभएको, रीत नपुगेको, म्याद नाघी वा कुनै शर्त राखेको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । सिलबन्दी दरभाउपत्रमा Super Dealer वा Manufacturing Company ले मात्र भाग लिन पाउने छन् ।
९) सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक आइटम मात्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ । जुन जुन कम्पनि वा फर्मको आईटमवाइज दर रेट स्वीकृत भयो सोही अनुसार औषधी तथा औषधीजन्य सामानहरु खरिद कार्य अघि बढाईने छ । कम्तीमा २० आइटम भन्दा कममा न्युनतम मुल्य कायम भएका फर्मको दरभाउपत्र स्वीकृत गरिनेछैन ।
१०) सिलबन्दी दरभाउपत्र पेश गर्दा आफूलाई दरभाउपत्र पार्ने नियतले कतिपय आइटमको दररेट अस्वभाबिकरुपमा घटी कबोल गरी दरभाउपत्र पार्ने तर सामान आपूर्तिमा ढिलासुस्त गर्ने प्रबृति देखिएकोले अस्पतालले सामग्रीहरुको आईटमवाइजरुपमा मात्र मूल्यांकन गरी दरभाउपत्रको प्रस्ताब स्वीकृत गर्ने र सो अनुसार आपूर्ति नगर्ने प्रस्ताबक (दरभाउपत्रदाता) लाई नियमानुसार कानूनी कारबाहीको प्रक्रिया अघि बढाईने छ ।
११) यो सूचनामा उल्लेख हुन छुट भएका अन्य विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।
१२) थप विस्तृत जानकारी यस अस्पतालको खरिद ईकाईमा सम्पर्क गर्न सकिने छ ।
१३) दरभाउपत्र सम्बन्धी केही कुरा थपघट संशोधन भएमा अस्पतालको सूचना पाटीमा टाँस गरी जानकारी गराईने छ ।

नि.प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

# विश्व


**खुला सोच**

फ्रान्सको पेरिसनजिकको एक पार्कमा नाँगै बस्ने चाहनेहरूका लागि छुट्याएको भागमा तहल्दै गरेका एक युवती। उक्त हिस्सा प्रयोगका रूपमा खोलिएको पार्क व्यवस्थापकले जनाएको छ।



**आस्था**

इस्लामको सबैभन्दा पवित्र धार्मिकस्थल मक्कास्थित काबामा सन्ध्याकालीन प्रार्थना गर्दै मुस्लिम तीर्थयात्री।



2017, SEP Saturday 2

**विश्व २ मिनेट**

**भारत**

## जीडीपी वृद्धिमा गिरावट

नयाँदिल्ली, (एजेन्सी)

पछिल्लो अवधिमा भारतको गार्हस्थ्य उत्पादनमा आएको गिरावटलाई लिएर वित्त मन्त्री अरुण जेटलीको आलोचना भइरहेको छ। भारतीय रिजर्भ बैंक (आरबीआई)ले नोटबन्दीलाई लिएर वित्तीय स्थितिको विवरण जारी गरेपछि नेरन्द्र मोदी सरकार र विशेष गरी अर्थमन्त्री जेटलीको विरोध भएको छ। पछिल्लो तीन महिनाको ६ दशमलव १ प्रतिशत जीडीपी वृद्धिको तुलनमा अप्रिलदेखि जुन महिनाको विकास दर घटेर ५ दशमलव ७ प्रतिशतमा पुगेको बैंकको प्रतिवेदनमा उल्लेख छ। पूर्वअर्थमन्त्री पी चिदम्बरमले एक ट्विटमा नोटबन्दीको असफलता र जीडीपी गिरावटका लागि उनीहरू जिम्मेवार भएको उल्लेख गरेको छ।

**फ्रान्स**

## नांगै बस्ने पार्क

पेरिस, (एजेन्सी)

फ्रान्सको राजधानी पेरिसनजिकै एक पार्कले नांगो हुन चाहनेहरूका लागि अलग्ग व्यवस्था गरेको छ। पार्कको फुटबल मैदान बराबरको हिस्सालाई अक्टोबर १५देखि प्रयोगका रुपमा उक्त प्रयोजनका लागि खोलिएको हो। अधिकारीहरूले त्यहाँ कुनै प्रकारको अभद्र व्यवहार सहन नगर्ने बताएका छन्। असल व्यवहारको सूची पार्कमा प्रदर्शित गरिएको छ। पेरिसको सार्वजनिकस्थलको यो उपयोगलाई खुला विचार बोकेकाहरूको हिस्सा भएको पार्कका प्रमुख तथा उपमेयर पेनलोप कोमाइट्सले बताए। पार्कको उक्त भाग नांगै बस्न चाहनेहरूका लागि हुने साइनबोर्डमार्फत जानकारी गराइएको छ।

**अस्ट्रेलिया**

## फ्लु महामारी

सिड्नी, (एजेन्सी)

फ्लुको महामारी फैलिएपछि अस्ट्रेलियाको एउटा नर्सिङहोममा सातजना वृद्धवृद्धाको मृत्यु भएको स्थानीय निकायले शुक्रबार जनाएको छ। सरकारी स्वास्थ अधिकारीहरूका अनुसार भिक्टोरियाली शहर बांगाराताामा विगत पन्ध्र दिनभित्र तिनीहरूको मृत्यु भएको हो। भिक्टोरियाको निमित्त चिकित्सा प्रमुख अधिकारी डा. ब्रेट सुटोनले उक्त होममा फ्लुबाट अन्य १ सय जना प्रभावित रहेको बताइएको छ। यसलाई यो मौसमकै सबैभन्दा डरलाग्दो इन्फ्लुएन्जा भएको बताइएको छ। मर्नेहरूमा ७० देखि ९४ वर्ष उमेर समूहका भएको बताइएको छ। १२ अगस्टमा फ्लुबाट पहिलो व्यक्तिको मृत्यु भएको थियो।

**अमेरिका**

## कमान्डरको शंका

वासिङ्टन, (एजेन्सी)

एकजना वरिष्ठ अमेरिकी जनरलले इस्लामिक स्टेट (आईएस)का नेता अवु बाकर अल बागदादी अझै जीवित रहेको हुनसक्ने शुक्रबार बताएका छन्। रसियाले भने गत मे महिनामा भएको एक आक्रमणमा उनी मारिएको हुनुपर्ने जनाएको थियो। आईएसविरुद्धको अन्तर्राष्ट्रिय गठबन्धन फौजका कमान्डर जनरल स्टेफन टाउन्सेन्डले बगदादी इराक र सिरियाबीचको विकट सीमा क्षेत्रमा लुकिरहेको हुनुपर्ने बताएका छन्। ती दुवै राष्ट्रका आईएसको बलियो पकड भएको क्षेत्रमा गरिएका आक्रमणमा उनी बचेको हुनुपर्ने अनुमान गरिएको छ।

# रखाइनबाट हिन्दू पनि भाग्न बाध्य



ढाका, (एजेन्सी)

म्यान्मारको रखाइन प्रान्तमा जारी हिंसाका कारण हजारौं नागरिक घर छोडेर पलायन भइरहेका छन्। अल्पसंख्यक रोहिंग्या मुसलमानसँगै हिन्दू परिवार पनि बंगलादेश सीमातर्फ भाग्न बाध्य भइरहेका छन्।

यसैबीच संयुक्त राष्ट्र संघले जारी गरेको विज्ञप्तिमा म्यान्मारको रखाइन प्रान्तबाट बंगलादेश, थाइल्यान्ड र भारतलगायत विभिन्न देशमा पलायन हुनेको संख्या ४० हजार नाघिसकेको उल्लेख गरेको छ।

बौद्ध बहुल म्यान्मारमा रोहिंग्या मुस्लिमहरूमाथि कयौं प्रतिबन्ध लगाइएका छन्। रखाइन प्रान्तमा केही वर्षदेखि रोहिंग्या र बौद्धबीच संघर्ष भइरहेको छ। यस क्रममा दशौं हजार रोहिंग्या ज्यान बचाएर बंगलादेश भागेका छन्। रोहिंग्या समुदायले म्यान्मार सरकारमाथि जातीय हिंसा मच्चाएको आरोप लगाएको छ।

म्यान्मारमा जारी हिंसाका कारण अहिलेसम्म ४ सयभन्दा धेरै हिन्दूले पनि आफ्नो घर छोडिसकेको जनाइएको छ। यसमा महिला तथा बच्चाको संख्या सबैभन्दा धेरै छन्। सेनाले कयौंको हत्या गरेको छ भने धेरैको घरमा आगो लगाइदिएको जनाइएको छ। कक्स बजारका हिन्दू बुद्धिस्ट क्रिश्चियन युनिटी परिषद् काउन्सिलका नेता स्वपन शर्माले उखियाको कुटुप्लोंग शरणार्थीमा ४ सय १२ हिन्दूले मन्दिर र वरपरको स्थानमा सरण लिएर बसेको जानकारी दिए।


कक्स बजारको जिला प्रशासनले पनि उक्त कुराको पुष्टि गरेको छ।

रमा कर्माकर आफ्ना दुई बच्चासँग रखाइन प्रान्तको रित्ता गाउँमा बस्न आएकी थिइन्। म्यान्मार सेनाले उनका पतिसहित गाउँमा थुप्रैको हत्या गरेका छन्। सेनाले उनीहरूको घरमा आगो लगाएको र महिला तथा बच्चाहरूमाथि उत्पीडन गरेको आरोप छ। यसले त्यहाँका हिन्दू परिवार बंगलादेशतर्फ भाग्न बाध्य भएका छन्।

रित्ता गाउँसहित चिआंगछारी र फकिराबाजारको गाउँमा बस्दै आइरहेका हिन्दू पनि आ-आफ्ना घर छोडेर बंगलादेशतर्फ भागिरहेका छन्।

# रजस्वलाका कारण बालिकाद्वारा आत्महत्या

नयाँदिल्ली, (एजेन्सी)



दक्षिणी भारतमा विद्यालयमा रजस्वलाका कारण लुगामा लागेको दागलाई लिएर शिक्षकले उपहास गरेको कारण एकजना १२ वर्षीया छात्राले आत्महत्या गरेकी छिन्। सुसाइड नोटमा उनले शिक्षकले आफूलाई मानसिक यातना दिएको उल्लेख गरेकी छिन्। तर ती छात्राले उक्त नोटमा महिनावारीको कारण आफू लज्जित हुनुपरेको कुरा भने उल्लेख गरेकी छैनन्।

नाम नखुलाइएकी ती छात्राकी आमाले भने रगतको दागकै कारण शिक्षकले उनलाई कक्षाबाट निकालिदिएको बताएकी छिन्। भारतका ग्रामीण क्षेत्रमा महिनावारीलाई निकै साँघुरो मानसिकताले हेर्ने गरिन्छ। भारतमा रजस्वला भइरहेको अवधिमा परम्परागत रूपमा महिलाहरूलाई अपवित्र मान्ने गरिन्छ।

प्रहरीले आत्महत्याको उजुरी दर्ता गरी यस सम्बन्धमा आवश्यक छानबिनअघि बढाइएको छ।

यो घटना गत आइतबार बिहान सबेरै तमलिनाडु राज्यको तिरुनेल्भेली जिल्लामा भएको हो। सुसाइड नोटमा उनले लेखेकी छिन्- 'आमा, कृपया मलाई माफ गर्नुहोस्। मेरो शिक्षकले मेरा बारेमा किन त्यस्तो गुनासो गरिरहेको भन्ने मैले बुझ्नै सकेको छैन। तिनीहरूले मलाई किन यसरी हेप्ने र यातना दिने गरिरहेको भन्ने बुझ्नै सकिनँ।'

उनकी आमाले विगतमा पनि सोही शिक्षकले उनलाई गृहकार्य नगरेको निहुँमा पिट्ने गरेको बताएकी छिन्। उनले यस घटनाबारे बीबीसी तमिललाई बताएकी छिन्- 'गत शनिबार विद्यालयमा रहेकैबेला मेरी छोरीको रजस्वला भएको थियो। आफ्नो समस्या बताएपछि उनलाई शिक्षकले डस्टरको प्याड दिएका थिए।

शिक्षकले उनलाई कक्षा कोठाबाहिर उभिन लगाएका थिए। एउटी १२ वर्षीया कलिलो मनस्थितिकी बालिकाले यस्तो उपहास कसरी सहन सक्छिन्? सो विद्यालयले भने प्रहरीलाई आवश्यक सहयोग गरिरहेको जनाएको छ।'

# अमेरिकीलाई उत्तर कोरिया जानबाट रोक

वासिङ्टन, (एजेन्सी)

उत्तर कोरियातर्फ जाने आफ्ना नागरिकहरूलाई अमेरिकाले रोक लगाएको छ। उत्तर कोरियाको क्षेप्यास्त्र प्रक्षेपण तनाबले उग्र रुप लिइरहेका बेला उत्तर कोरिया भ्रमणमाथि प्रतिबन्ध लगाइएको हो। उत्तर कोरियाको कारागारबाट मुक्त गरिएका अमेरिकी विद्यार्थी ओटो वार्मवियरको मृत्यु भएपछि अमेरिकाले यो नयाँ नियम बनाएको हो।

अमेरिकी विदेश विभागले अमेरिकी नागरिकहरूलाई उत्तर कोरियामा हिरासतमा लिइने खतरा बढेकाले यो प्रतिबन्ध जारी गरिएको बताइएको छ। यो नियम उल्लंघन गरी उत्तरकोरिया जाने जुनसुकै अमेरिकी नागरिकले आपराधिक सजाय भोग्नुपर्ने र तिनीहरूको पासपोर्ट पनि जफत गरिने बताइएको छ।

अमेरिकी विदेश विभागले पत्रकारिता वा मानवीय सहयोग कार्यजस्ता केही सीमित विषयमा बाहेक अमेरिकी जनतालाई उत्तर कोरिया जाने अनुमति नदिने भएको छ।

टुर अपरेटरहरूले वर्षैनि करिब एक हजार अमेरिकीले उत्तर कोरिया भ्रमण गर्ने गरेको बताएका छन्। सो संख्या उत्तर कोरिया पुग्ने पश्चिमी पर्यटकको २० प्रतिशत हुन आउँछ। उत्तरकोरियामा अधिकांश पर्यटक चिनियाँ हुने गरेका छन्। बिहीबार टुर अपरेटरहरूले अमेरिकीको अन्तिम समूहलाई प्योङयाङबाट अमेकिरकातर्फ उडाएका छन्।

कार्यो टुर्सका जनरल म्यानेजर सिमाने ककरेलले बीबीसीको न्युज डे प्रोग्रामलाई अबदेखि आफूले थोरै ग्राहक भेट्ने अनुमान गरेको बताएका छन्। बिदामा घुम्ने आएका बेला उत्तर कोरियाको एउटा होटेलबाट प्रोपोगान्डा प्रतीक लिने प्रयास गरेको आरोपमा सन् २०१६ मा प्योङयाङमा गिरफ्तार गरिएका ओटो वार्मवियरलाई कारागारमा थुनिएको थियो।

गत जुनमा मात्र उनलाई अचेत अवस्थामा उनका अभिभावकसमक्ष सुपुर्दगी गरिएको थियो। उनको अचेत अवस्थामा नै अमेरिकामा मृत्यु भएको थियो। उनको मृत्युको कारण अझैसम्म स्पष्ट हुन सकेको छैन। विदेश विभागले विगत एक दशकभित्र कम्तीमा १६ जना अमेरिकीलाई उत्तर कोरियामा हिरासतमा लिइएको जनाएको छ। तीमध्ये तीनजना अझै हिरासतमै रहेको अनुमान गरिएको छ।

यसरी हिरासतमा लिइनेहरूमा अधिकांश अमेरिकी इसाई धर्म प्रचारक, पत्रकार र प्राध्यापकहरू रहेका छन्। विगतमा अमेरिकाले उत्तर कोरियालाई आफ्नो विवादास्पद आणविक कार्यक्रमबारे वार्ताका लागि सर्त राख्ने उद्देश्यले आफ्ना नागरिकहरूलाई हिरासतमा लिने गरिएको आरोप लगाउने गरेको थियो।



# अमेरिका–रुस तनाब

## रुसी वाणिज्य दूतावास र दुई कूटनीतिक नियोग बन्द गर्न आदेश





वासिङ्टन, (एजेन्सी)

अमेरिकी सरकारले रूसलाई सान फ्रान्सिस्कोस्थित आफ्नो वाणिज्य दूतावास र अन्य दुई कूटनीतिक नियोग बन्द गर्न भनेको छ।

वासिङ्टनले रूसलाई आफ्ना अनुचित गतिविधिको जवाफमा शनिबारसम्म न्युयोर्क र वासिङटनस्थित वाणिज्य दूतावास र उपनियोग बन्द गर्नका लागि भनेको अमेरिकी अधिकारीहरूले बताएका छन्। गत महिनामात्रै रूसी सरकारले उसको देशमा रहेका अमेरिकी कूटनीतिज्ञको संख्या कम गरेको थियो। यसलाई मस्कोको उक्त कदमको जवाफमा अमेरिकी गृह मन्त्रालयले दिएको प्रतिक्रियाका रूपमा लिएको छ।

गतवर्ष डिसेम्बरमा पूर्वअमेरिकी राष्ट्रपति बाराक ओबामाले क्रिमियामाथि कब्जा र अमेरिकी राष्ट्रपति चुनावमा कथित हस्तक्षेप गरेको आरोपमा अमेरिकाले रूसमाथि प्रतिबन्ध लगाएको थियो। त्यतिबेला ३५ रूसी कूटनीतिज्ञलाई देशबाट निष्कासन गरेको थियो।

पूर्वराष्ट्रपति बाराक ओबामाले उक्त कारबाहीका क्रममा अमेरिकास्थित रूसका दुई राजनीतिक परिसरलाई पनि बन्द गर्न लगाइएको थियो। उनले अमेरिकालाई रूसी क्रियाकलाप लिएर सावधान रहनुपर्ने बताएका थिए।

त्यतिबेला रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले कुनै प्रतिक्रिया देखाएको थिएन। तर अमेरिकी प्रतिबन्धको उत्तरमा उनले यो वर्षको जुलाईमा ७ सय ५५ अमेरिकी कूटनीतिज्ञलाई रूस छोड्न आदेश दिएका थिए।

उनले निकट भविष्यमा दुई देशबीच सम्बन्धमा सुधार हुने सम्भावना नदेखिएको बताएका थिए। जुलाइमा रूस छोड्न भनिएका अमेरिकी राजनीतिज्ञहरूले सेप्टेम्बर १ सम्ममा आफ्नो देश फर्कनुपर्नेछ।

एक वरिष्ठ अधिकारीले बिहीबार दूतावास र वाणिज्य नियोग बन्द गरिनेछ तर कुनै पनि रूसी कर्मचारीलाई तत्काल देश छोडेर जानका लागि नभनिएको बताए। शुक्रबारअगाडि नै अमेरिकास्थित रूसी दूतावास र वाणिज्य नियोग बन्द गरिनुपर्ने बताइएको छ। रूसले ती सम्पत्तिको रेखदेख गर्न सक्ने तर यसको प्रयोग गन नसक्ने ती अधिकारीले बताए।

बिहीबार रूसी विदेशमन्त्री सर्गेइ लाभारोवले अमेरिकी विदेशमन्त्री रेक्स टिलरसनालाई फोनवार्तामा द्विपक्षीय सम्बन्धमा बढ्दो तनावमा चिन्ता व्यक्त गरेका छन्। रूसी विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै मस्कोले अमेरिकाको यो आदेशको अहिले अध्ययन गर्ने र पछि मात्र फैसला लिने बताए




नेपालले भन्नुभयो- 'जनसंख्या, भूगोल, सुविधा, मतदाता, सामर्थ्य, पहुँच, जातीय विविधिकरणलगायतका विषयमा ध्यान दिनुपर्नेमा धेरै ठाउँमा त्यस्तो हुनसकेन।'

# चुरे क्षेत्रको संरक्षणमा सबै एक हुनुपर्छ : *पूर्वराष्ट्रपति*

**नेपाल समाचारपत्र**

काठमाडौं

पूर्वराष्ट्रपति डा. रामवरण यादवले चुरे क्षेत्रको संरक्षणका लागि सबै नागरिक एकजुट भएर लाग्नुपर्ने बताउनुभएको छ। डा. बलराम जोशी ज्ञान-विज्ञान राष्ट्रिय पुरस्कार प्रतिष्ठानले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा पूर्वराष्ट्रपति डा. यादवले दिन प्रतिदिन चुरे दोहन हुँदै गएको भन्दै यसको संरक्षणमा लाग्न सरोकारवालाहरू जिम्मेवार बन्नुपर्ने बताउनुभयो।

बाढी प्रभावितहरूको राहत वितरण प्रक्रियालाई प्रभावकारी बनाउन सरकारलाई सुझावसमेत दिनुभयो। तराईका बाढी र डुबान पीडितलाई उचित राहतको व्यवस्था गर्न पनि सरकारलाई सुझाव दिए। बाढीका कारण थुप्रै क्षति भएको भन्दै वास्तविक बाढी प्रभावितहरूको पहिचान गरी पुनर्स्थापनातर्फ केन्द्रित हुन सरकारलाई ध्यानाकर्षण गराउनुभयो।

प्रतिष्ठानका अध्यक्ष अंगुरबाबा जोशीको अध्यक्षतामा भएको कार्यक्रममा विपश्यना साधना केन्द्रलाई डा. बलराम जोशी ज्ञान-विज्ञान राष्ट्रिय पुरस्कार प्रदान गरिएको थियो। पुरस्कारको राशि ५० हजार १ सय १ रुपियाँ रहेको छ।

यसैगरी प्राध्यापक पुरुषोत्तम भट्टराईलाई बलराम जोशी सुयोग्य शिक्षक पुरस्कार प्रदान गरिएको छ। सो पुरस्कारको राशि २५ हजार १ सय १ रहेको छ। यस्तै अछामको पसिबल नामक संस्थालाई २५ हजार १ सय १ रुपियाँ राशि रहेको चन्द्रकुमारी-हिमालयराज जोशी स्वास्थ्य सेवा कोषले सम्मान गरिएको थियो। पूर्वप्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठलाई वरिष्ठ अधिवक्ता कृष्णप्रसाद पन्त पुरस्कार र समाजसेवी विनोद शाहीलाई दीपकुमारी-पीताम्बरप्रसाद पन्त समाजसेवा कोषले सम्मान गरिएको थियो। दुवै पुरस्कारको राशि २५ हजार १ सय १ रहेको छ।

## साक्षरता दिवस मनाइने

भक्तपुर, (नेस)

सरकारले यस वर्षको ३८औं राष्ट्रिय शिक्षा दिवस तथा ५१औं अन्तर्राष्ट्रिय साक्षरता दिवस विविध कार्यक्रमका साथ साताव्यापी रूपमा मनाउने भएको छ। अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुरमा शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा केन्द्रका निर्देशक चूडामणि पौडेलले 'संघीय नेपाल समृद्धिको आधार, स्तरीय शिक्षा सबैको अधिकार' भन्ने मूल नारासहित राष्ट्रिय शिक्षा दिवस र 'प्रविधि युगसापेक्ष साक्षरता' भन्ने नाराका साथ अन्तर्राष्ट्रिय साक्षरता दिवस आइतबारदेखि मनाइने बताउनुभयो।

कार्यक्रमअनुसार १८ गते केन्द्रमा वृक्षरोपण गरेर शुरू हुने साताव्यापी अभियानमा भक्तपुरको गुण्डुमा 'साक्षरताले जीवनमा ल्याउने परिवर्तन' शीर्षकमा सडक नाटक प्रदर्शनी, काठमाडौंको नाङ्लेभारेस्थित पटापमा 'साक्षरताले जीवनमा ल्याउँछ सुधार' शीर्षकको सडक नाटक प्रदर्शन गरिने भएको छ। त्यस्तै साक्षरतासम्बन्धी लोकदोहोरी प्रतियोगिता, साक्षर भएपछिको परिवर्तन शीर्षकमा वृत्तचित्र प्रर्दशनी गरिने निर्देशक पौडेलले जानकारी दिनुभयो।

त्यसैगरी २३ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा जनचेतनामूलक स्टलहरू राखेर साक्षरता दिवस मनाइने भएको उहाँले जानकारी दिनुभयो। पत्रकार सम्मेलनमा ७५ वटा जिल्लालाई पूर्णसाक्षर जिल्ला बनाउने घोषणा गरे पनि हालसम्म देशभरका ३८ जिल्ला मात्रै पूर्णसाक्षर जिल्ला घोषणा भएको बताउनुभयो। जिल्लामा ९५ प्रतिशत नागरिक साक्षर भएपछि पूर्णसाक्षर जिल्ला घोषणा हुने नियमअनुसार अझै ३७ जिल्ला पूर्णसाक्षर घोषणा हुन बाँकी रहेको उहाँले बताउनुभयो।

निर्देशक पौडेलले भन्नुभयो- 'निर्वाचन आचारसंहिता लागू भएका कारण पूर्ण साक्षर घोषणा हुन तयारी अवस्थामा रहेका खोटाङ, डडेलधुरा, पर्वत, म्याग्दी, संखुवासभा, सुनसरी र तेह्रथुम जिल्ला घोषणा हुन सकेका छैनन्।' निर्वाचन सकिएपछि यो वर्ष सबै बाँकी जिल्लालाई पूर्ण साक्षर घोषणा गर्ने उहाँले बताउनुभयो।

चालू आवमा केन्द्रबाट नीतिगत दस्ताबेजहरू तयार गर्ने कार्य सम्पन्न भएको बताउँदै उहाँले विकास गरिएका नीतिगत दस्ताबेजहरूले परिवर्तित प्रशासकीय संरचनाअनुसार अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न मार्गदर्शन गर्ने अपेक्षा गरिएको उल्लेख गर्नुभयो। उहाँले निरक्षरहरूलाई साक्षर बनाई आधारभूत जीवनोपयोगी तथा जीविकोपार्जन सीप हासिल गराउने तथा सबैका लागि जीवनपर्यन्त सिकाइ सुनिश्चित गर्न अनौपचारिक शिक्षासम्बन्धी विभिन्न ढाँचाका कार्यक्रम विकास गरी कार्यान्वयन गर्ने ध्यय केन्द्रको रहेको बताउनुभयो।

## धनुषाका मतदाताहरू भोट हाल्न आतुर

जनकपुर, (नेस)

राष्ट्रिय जनता पार्टी नेपालको सहभागितासँगै अगामी असोज २ गते नै तेस्रो चरणको स्थानीय तह निर्वाचन हुनेमा मतदाता ढुक्क देखिएका छन्। उनीहरू आफ्नो प्रतिनिधि छान्नका लागि निकै आतुर देखिएका छन्। अहिले जनकपुरको चौक र बजारहरूमा कुन पार्टीले कस्तो व्यक्तिलाई उम्मेदवार बनाउने भन्ने विषयमा बढी केन्द्रित देखिएका छन्।

प्रदेश नम्बर-२ का धनुषा, महोत्तरी, सर्लाही, रौहतट, बारा, पर्सा, सिरहा र सप्तरीका मतदाता निर्वाचन हुने भएपछि उत्साहित छन्।

यो प्रदेशमा झन्डै दुई दशकपछि हुन लागेको स्थानीय निर्वाचनको सरगर्मी बढेको छ।।बाढी तथा डुबान प्रभावित क्षेत्रमा पुगेर राजनीतिक दलहरूले विस्थापित परिवारलाई राहत बाँड्दै निर्वाचन प्रचार गर्दै छन्। गाउँघरमा विभिन्न राजनीतिक दलका झण्डासमेत फहराउन थालेका छन्। स्थानीयबासीहरू निकै लामो समयपछि निर्वाचन हुन लागेका कारणले गर्दा आफूहरूमा निकै उत्साह देखिएको बताउँछन्।

अधिकारकर्मी किरण कर्णका अनुसार सर्वसाधारणहरू अहिले बाढीबाट पीडित भए पनि उनीहरू स्थानीय निकायको निर्वाचनमा मत हाल्नका लागि आतुर देखिएका छन्। उनले निकै लामो समयपछि हुन लागेको स्थानीय निकायको निर्वाचनमा सहभागिता र आफ्नो प्रतिनिधि छान्नका लागि आतुर देखिएको बताए।

तराईमा आएको बाढीका कारणले गर्दा बाटोहरूसमेत अवरुद्ध रहेको अवस्थाको कारणले समेत उम्मेदवारहरू गाउँगाउँमा जान समस्या हुने गरेको छ। राजनीतिक दलहरूसमेत सदरमुकाममा नै बसेर बैठक गरी उम्मेदवारहरूको चयन गर्नमा व्यस्त देखिएका छन्। उनीहरू सदरमुकाममा नै बैठकहरू गरेर उम्मेदवारहरूको टुंगो लगाउने कार्यहरू गरिरहेका छन्। जनकपुरको चोकचोकको चिया पसलहरूमा समेत अहिले सर्वसधारणहरू निर्वाचनमा कुन उम्मेदवारले कति मत पाउने जातीय समीकरण कस्तो हुने जस्ता चर्चाहरू गर्न थालेका छन्।

धनुषामा अधिकांश दलहरूले अहिलेसम्म उम्मेदवारको टुंगो लगाउन सकेका छैनन्। फोरम लोकतान्त्रिकका प्रदेश समितिका संयोजक उमाशंकर अरगरियाले आफूहरू जनताको बीचमा जाँदा जनताहरू स्थानीय निकायको निर्वाचनमा मतदान गर्न आतुर भएको पाएको बताउनुभयो। उहाँले आफ्नो दलले २/३ दिनभित्र नै उम्मेदवारहरूको टुंगो लगाउनेसमेत बताउनुभयो।

चिया पसल, हाटबजार तथा सार्वजनिक स्थलमा दिनहुँ हुने मतदाताको निर्वाचनसम्बन्धी गफगाफले पनि माहोल तातिएको देखाउँछ। निर्वाचनप्रति राजनीतिक दल, दलका कार्यकर्ता मात्र होइन नागरिक समाज, बुद्धिजीवी सबै उत्साहित छन्। जिल्ला जिल्ला तथा स्थानीय तहमा निर्वाचन अधिकारीहरू कार्यालय स्थापना गरेर तयारीमा लागेपछि चहलपहल बढेको हो। सबै राजनीतिक दल निर्वाचन तयारीमा जोडतोडका साथ जुटेका छन्। दलहरू भेला, बैठक र उम्मेदवार चयनको रस्साकस्सीमा छन् भने बाढी र डुबाउको पीडा खेपिरहेका स्थानीयबासी मतदान गर्न आतुर छन्। जनप्रतिनिधि आएका कारण बाढीपिडितले निर्वाचनप्रति चासो बढाएको धनुषा धनौजीका स्थानीयबासी शैलेन्द्र सिंहको कथन रहेको छ।

स्थानीय निर्वाचनले स्थानीय विकाससँग सरोकार राख्ने भएकाले अरू प्रदेशको तुलनामा प्रदेश नम्बर-२ पछाडि परेको कारणले यसपटकको स्थानीय निर्वाचनमा विकास नै मुख्य मुद्दा हुने भएको छ। तर गाउँगाउँमा अहिले राजनीतिक दलहरूले जातीय आधारमा समेत उम्मेदवार बनाउने गरेकोले चर्चाको विषय भएको छ। यसपटकको निर्वाचनमा समेत जातीय समीकरणले नै प्रभाव पार्ने सम्भावनासमेत उत्तिकै रहेको छ। स्थानीयबासीहरूले भने विकासप्रेमी र स्थानीयस्तरमा विकासका लागि प्रतिबद्ध रहेका व्यक्तिलाई नै उम्मेदवार बनाउन राजनीतिक दलहरूलाई सझाव दिने गरेका छन्।

## निष्पक्ष भएर काम गर्न प्रमुख आयुक्तको निर्देशन

काठमाडौं, (नेस)

प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले मुख्य अनुगमनकर्ता टोली प्रमुखहरूलाई निष्पक्ष र निर्भिक भई दृढतापूर्वक कार्य गर्न निर्देशन दिनुभएको छ।

उहाँले आगामी २०७४ साल असोज २ गते प्रदेश नम्बर २ मा सञ्चालन हुन गइरहेको स्थानीय तहको निर्वाचनका लागि आयोगबाट २ नम्बर प्रदेशका ८ जिल्लामा खटिनुभएका मुख्य अनुगमनकर्ताको रूपमा नेपाल सरकारका विशिष्ट श्रेणी तथा राजपत्रांकित प्रथम श्रेणीका अधिकृतहरूसँगको अभिमुखीकरण कार्यक्रममा सो विचार व्यक्त गर्नुभएको हो।

प्रमुख निर्वाचन आयुक्त यादवले लोकतन्त्रलाई सुदृढ गर्नका लागि आवधिक निर्वाचनको आवश्यकता हुन्छ जसका लागि आउँदो मंसिरमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनसमेत गरी देशमा स्थिर सरकार र समृद्धिको आधार निर्माण गर्न निर्वाचन नै महत्त्वपूर्ण रहेको कुरा बताउनुभएको थियो।

उहाँले भन्नुभयो- 'स्वच्छ निर्वाचनका लागि स्वच्छ आचरणको आवश्यकता पर्ने हुँदा आयोगले निर्वाचन आचार संहिता तयार गरी लागू गरेको छ, आचार संहितालाई सरकार, राजनीतिक दल, उम्मेदवार, दलका प्रतिनिधिसहित सबै सरोकारवालाले पालना गर्नुपर्ने हुन्छ। प्रदेश नम्बर २ मा बाढीको कारण प्राकृतिक विपत्ति परेकाले आचारसंहिता उल्लंघन नहुने गरी पीडितहरूलाई राहत उपलब्ध गराउनुपर्दछ।'

उहाँले आचार संहिता उल्लंघन गर्ने कसैलाई पनि आयोगले छोड्ने छैन भन्ने कुरामा जोड दिनुभयो। साथै, उहाँले मनोनयन अवधि र मनोनयनपछिको समय बढी संवेदनशील हुने हुँदा विशेष चनाखो हुन पनि अनुगमनकर्ताहरूलाई निर्देशन दिनुभयो।

अभिमुखीकरण कार्यक्रमको शुरूमा सहभागीलाई स्वागत गर्नु हुँदै निर्वाचन आयुक्त सुधीरकुमार शाहले सहभागीहरूलाई आफू खटिएको जिल्लामा राम्रो समन्वयको वातावरण बनाउन र निर्वाचन आचार संहिता पालना गराउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। उहाँले आचार संहिता उल्लंघन भएको अवस्था पाइएमा निर्वाचन कसूर र सजाय ऐन, २०७३ अनुसार आवश्यक कारबाही गर्ने अधिकार निर्वाचन आयोगले यहाँहरूलाई प्रदान गरेकाले आफ्नो जिम्मेवारी पूरा गरी राष्ट्रप्रतिको दायित्व निर्वाह गर्न निर्देशन दिनुभयो।

## क्षेत्र निर्धारण अनुपयुक्त : नेपाल

भरतपुर, (नेस)

नेकपा एमालेका नेता माधवकुमार नेपालले निर्वाचन क्षेत्र निर्धारण आयोगले गरेको क्षेत्र निर्धारण उपयुक्त नभएको बताउनुभएको छ।

प्रेस चौतारी नेपाल चितवन शाखाले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले राजनीतिक प्रभावमा परेर आयोगले काम गरेको आरोप लगाउनुभयो।

नेता नेपालले भन्नुभयो- 'जनसंख्या, भूगोल, सुविधा, मतदाता, सामर्थ्य, पहुँच, जातीय विविधिकरणलगायतका विषयमा ध्यान दिनुपर्नेमा धेरै ठाउँमा त्यस्तो हुनसकेन।' धेरै कुरा नमिलेको बताउँदै उहाँले राजनीतिक प्रभावबाट मुक्त भएर क्षेत्र निर्धारण गर्नुपर्नेमा त्यस्तो भएको छैन भन्नुभयो।

शान्ति प्रक्रियामा सघाउन हालै आफूले उत्तर कोरियाको भ्रमण गरेको बताउँदै नेता नेपालले नेपालको कूटनीतिक सम्बन्ध रहेको त्यस मुलुकमा शान्ति कायम होस् भन्ने हाम्रो चाहना रहेको बताउनुभयो।

## निर्वाचन तालिममा भत्ता विवाद

राजविराज, (नेस)

तालिम भत्तासम्बन्धी विवादका कारण सप्तरीको राजविराजमा शुक्रबार आयोजना गरिएको मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको तालिम अवरुद्ध भएको छ। बिहीबारदेखि शुरू भएको दुई दिने तालिमको दोस्रो दिन केही घण्टा चले पनि तालिमका सहभागीलाई दिइने भत्ता र यातायात खर्चमा विवाद भएपछि तालिम कार्यक्रम अवरुद्ध भएको हो।

तालिमका सहभागीले प्रतिदिन ५ सयका दरले दिइने भत्तामा भ्याट कट्टा गर्ने र यातायात खर्च राजविराज नगरपालिका क्षेत्रकालाई दैनिक ५ सय र बाँकीलाई दूरीका हिसाबले १ हजारदेखि १ हजार ५ सयसम्म दिइने जानकारी पाएपछि विरोध गरेका थिए।

नमुना मतदान गर्न बाँकी रहँदैको समयमा विवाद उत्पन्न भएपछि जिल्ला निर्वाचन कार्यालय र तालिमका सहभागी प्रतिनिधिबीच केही घण्टा वार्ता भएको थियो।

## नवजात शिशु मृत फेला

पर्वत, (नेस)

पर्वत जिल्लाको कुश्मा नगरपालिका-१ पाङमा शुक्रबार बिहान एक नवजात शिशु मृत अवस्थामा फेला परेको छ।

कुश्मा नगरपालिका-१ पाङ सिधाली बस्ने बाबुराम कँडेलको घरको पछाडिपट्टि रहेको झाडीमा पुरुष जातिको नवजात शिशुको मृत शव फेला परेको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ।

स्थानीयले दिएको सूचनाको आधारमा घटनास्थल पुगेको प्रहरीको टोलीले उक्त शव नियन्त्रणमा लिएको र कसले जन्माएर फालेको हो भन्नेबारे कुनै जानकारी नखुलेको प्रहरी निरीक्षक लिलाराज लामिछानेले जानकारी दिएका छन्। उक्त शिशु राति नै जन्माएर जंगलमा फालेकोजस्तो देखिने उनले बताए।

उक्त शिशुको शव अहिले पोस्टमार्टमका लागि जिल्ला अस्पताल पर्वतमा राखिएको छ। घटनाको सम्वन्धमा विस्तृत अनुसन्धान कार्य भइरहेकोसमेत प्रहरी निरीक्षक लामिछानेले जानकारी दिए।

### प्रधानमन्त्री...

महाधिवेशन सम्पन्न भएको दुई महिनाभित्र मनोनित गरिसक्नुपर्ने केन्द्रीय पदाधिकारी हालसम्म पनि खाली रहँदा सभापति देउवा आलोचित बन्दै आउनुभएको थियो। कांग्रेस विधानमा पदाधिकारी सदस्य रहने एक उपसभापति, एक महामन्त्री, एक सहमहामन्त्री र एक प्रवक्ता सभापतिले मनोनित गर्ने व्यवस्था रहेको छ।

विधानमा कार्यवाहक सभापतिको जिम्मेवारी पनि उपसभापतिले पाउने भन्ने उल्लेख छ। केही दिनअघि भारत भ्रमणमा जाँदा उपसभापति नभएपछि केन्द्रीय सदस्य विमलेन्द्र निधिलाई कार्यवाहक सभापतिको जिम्मेवारी दिँदा पार्टीभित्र विवाद उत्पन्न भएको थियो।

सभापति देउवा निकट स्रोतले *नेपाल समाचारपत्र*लाई जानकारी दिएअनुसार उपसभापतिमा विमलेन्द्र निधि, महामन्त्रीमा पूर्णबहादुर खड्का र सहमहामन्त्रीमा महेश आचार्यलाई मनोनित गर्ने तयारी भएको छ। निधि सभापति देउवाका विश्वासिला नेता हुनुहुन्छ। नेता निधिले पदाधिकारी मनोनितका लागि सभापति देउवाको आधिकारिक प्रतिनिधि भएर पौडेल पक्षसँग मात्र पाँचपटकभन्दा बढी छलफल गरिसकेको बताइएको छ।

यसअघि मन्त्रिमण्डल विस्तार गर्दा भएको सहमतिअनुसार सहमहामन्त्रीमा आचार्यलाई मनोनित गर्ने सम्भावना रहेको स्रोतले जनाएको छ। आचार्य वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षका नेता मानिनुहुन्छ। कांग्रेसभित्र देउवा, पौडेलका साथै कृष्णप्रसाद सिटौला गुट सशक्तरूपमा देखिएको छ भने पौडेल पक्षकै भनिएको डा. शेखर कोइराला, महामन्त्री डा. शशांक कोइराला तथा सुजाता कोइराला पक्षको छुट्टै गुट निर्माण भइरहेको छ। साथै प्रभावशाली नेताहरूको थप उपगुट पनि कांग्रेसभित्र सक्रिय छ।

सभापति देउवाले नेपाल पत्रकार महासंघको महाधिवेशनमा प्रेस युनियन र प्रेस सेन्टर लगाएको गठबन्धनलाई जिताउने जिम्मेवारी पाएका केन्द्रीय सदस्य डा. प्रकाशशरण महतलाई प्रवक्ता बनाउन लागिएको स्रोतको दाबी छ। सभापति देउवाले अझै ५ जना केन्द्रीय सदस्य पनि मनोनित गर्न बाँकी छ। पदाधिकारी र बाँकी केन्द्रीय सदस्य मनोनित दशैंअघि नै गरिसक्ने तयारीबारे सभापति देउवाले कोइराला पक्षसँग पनि छुट्टै छलफल गरेको स्रोतको भनाइ छ।

### आचारसंहितामा...

निर्वाचन आचारसंहिता पालनका सम्बन्धमा पूर्वप्रधानमन्त्री माधव नेपालबाट लिखितरुपमा प्रस्तुत भएको प्रतिबद्धताप्रति आयोगका तर्फबाट आयुक्त शाहले आभार व्यक्त गर्नुभयो। *नेपाल समाचारपत्र*मा बुधबार छापिएको तस्वीरका आधारमा आयोगले नेपाललाई स्पष्टीकरण सोधेको थियो।

### अचानक...

अनुसन्धानमा खटिएको प्रहरी टोलीले *नेपाल समाचारपत्र*लाई जानकारी दिएअनुसार त्यस दिन बानेश्वर निवासी श्याम उनीकहाँ बस्ने गरी पुगेका थिए। राति अचानक अचेत भएपछि उनलाई बानेश्वरस्थित भरोसा अस्पताल पुऱ्याइएकोमा अस्पतालका चिकित्सकले बाटोमै उनको मृत्यु भएको घोषणा गरेका थिए।

प्रहरीकाअनुसार श्यामको परिवारको उजुरीका आधारमा अनुसन्धानका लागि सक्रियलाई हिरासतमा राखिएको हो। श्यामको पोस्टमार्टमको रिपोर्ट भने आइसकेको छैन। बताइएअनुसार श्याम र सक्रिय एक अर्काको घरमा जाने, आउने र बस्ने गर्दै आएका थिए। मल्लदम्पती भने हाल अमेरिकामा रहेका छन्।

प्रहरी सूत्रले दिएको जानकारीअनुसार पोस्टमार्टमको रिपोर्ट नआएसम्म केही बताउन नसकिए तापनि अहिलेसम्मको अनुसन्धानमा सक्रियलाई शंका गर्नुपर्ने केही आधार फेला परेको छैन।

### भ्रष्टाचारी...

यसैगरी शुक्रबार नै छलफल हुने भनिएको पूर्वपदाधिकारीलाई सेवा सुविधा प्रदान गर्नेसम्बन्धी विधेयकमाथि छलफल नै भएन। प्रतिनिधिसभा र प्रदेशसभा सदस्यसम्बन्धी विधेयकमाथि छलफल जारी रहेकाले उक्त विधेयकमा प्रवेश भएन।

राज्य व्यवस्था समितिका सचिव जीवराम बुढाथोकीले सोमबार बिहान ८ बजेसम्मका लागि बैठक स्थगित गर्ने सहमति भएको बताउनुभयो। उहाँले सोमबार नै प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यसम्बन्धी विधेयक संसद्मा पेस गर्ने गरी अगाडि बढ्ने सहमति भएको बताउनुभयो।

### टेक्सासमा...

यसका साथै ह्युस्टनमा नेपाली समुदायले निर्माण गरेको पशुपतिनाथ मन्दिरमा समेत बाढी पसेका कारण क्षति पुगेको छ।

आपत्कालीन अवस्थामा अमेरिकामा बसोबास गर्ने हरेक मानिसले आआफ्नो क्षेत्रबाट सक्दो सहयोग गरेका छन् भने यहाँ सञ्चालित अधिकांश रेस्टुरेन्टहरूले पीडितहरूका लागि निःशुल्क खानाको समेत व्यवस्था गरेको पत्रकार बरालले जानकारी दिनुभयो। यतिबेला टेक्सास राज्यको ह्युस्टनमा मात्र २ सय ५० भन्दा बढी सडक मार्गहरू पूर्णरुपमा अवरुद्ध छन्। यसका कारण एक ठाउँबाट अर्को ठाउँमा जाने आउने अवस्था पूर्णरूपमै बन्द छ। यता ड्यालसमा रहेका नेपाली विद्यार्थी कुशल आचार्यका अनुसार कतिपय नेपाली काममा गएकै ठाउँमा अलपत्र परेका छन्। विशेष गरी ग्यास स्टेसनमा काम गर्ने नेपाली अप्ठ्यारोमा परेको जानकारी आफूले पाएको पनि आचार्यले बताउनुभयो। यसका साथै खाद्यान्न र ग्यासको आपूर्ति ठप्प भएको अवस्थामा बचेखुचेको ग्यासको मूल्य आकासिएको पनि आचार्य बताउनुहुन्छ।

यतिबेला उद्योग, कलकारखाना मात्र नभई दैनिक काम गरेर जीविकोपार्जन गर्दै आएका मानिसहरू घरबास नभएर बस्नुपर्दा निकै अतालिएका छन्। यस्तो अवस्थामा धैर्य गर्न सरकार, अमेरिकी रेडक्रस, स्थानीय बासिन्दा तथा उद्योगी व्यवसायीले पीडितलाई सान्त्वना दिँदै आएका छन्। यतिबेला रेडक्रसले सक्दो सहयोग जुटाएर निःशुल्क खाना खुवाउने, बसोबासको व्यवस्था गर्नेजस्ता कार्य गरी क्याम्प सञ्चालनमा ल्याएका कारण धेरै पीडितहरूका लागि ठूलो राहत भएको छ। धेरै नेपालीको बसोबास रहेको टेक्सासमा आँधीसहितको भारी वर्षात्का कारण कति नेपाली अलपत्र परेका छन् र आफ्ना नागरिक कुन अवस्थामा छन् भन्ने बारेमा नेपाली दूतावासलाई भने अत्तोपत्तो छैन। नेपालीहरूको बारेमा जानकारी लिन खोज्दासमेत दूतावासले कुनै मतलब गरेन। बिहीबारसम्मको तथ्यांकमा टेक्सास क्षेत्रमा ३७ जनाको मृत्यु भएको पुष्टि भएको छ भने ३७ हजार घरमा क्षति पुगेको छ।

## 'त्रिभुवन'को ठाउँमा 'अरनिको'

**नेपाल समाचारपत्र**

काभ्रे

व्यापारिक शहर बनेपाको मुख्य चोक चारदोबाटोमा १० वर्षदेखि बुच्चो रहेको सालिकमा अरनिकोको प्रतिमा राखिने भएको छ। शान्ति प्रक्रियाअघि उक्त स्थानमा त्रिभुवनको प्रतिमा राखिएको थियो।

नगर प्रमुख लक्ष्मीनरसिं बादेको अध्यक्षतामा बसेको बैठकले दर्जन निर्णय गरेको छ। बनेपा नगरपालिकाको प्रमुख चोक वडा नम्बर-७ चारदोबाटोमा रहेको बुच्चो अवस्थामा रहेको सालिकले नगरको सौन्दर्यतामै ह्रास आएको भन्दै बैठकले उक्त स्थानमा राष्ट्रिय विभूति अरनिकोको प्रतिमा राख्ने निर्णय गरेको नगर प्रमुख बादेले बताए।

सशस्त्र युद्धका क्रममा तत्कालीन विद्रोही माओवादीले उक्त सालिक बम पड्काएर भत्काएको थियो। त्रिभुवनको सालिकमा बम हानेपछि तत्कालीन राजाको शासनकालमा रातारात उक्त सालिक निर्माण गरिएको थियो। शान्ति प्रक्रियालगत्तै उक्त सालिकलाई तोडफोड गरिएको थियो। जनआन्दोलनलगत्तै उक्त सालिक बुच्चो अवस्थामा रहेको थियो।

बनेपा नगरकार्यपालिकाको बोर्ड बैठकले नगरका गतिविधिलाई तीव्रता दिने गरी बस्ती विकास मापदण्ड, दीर्घकालीन फोहोर व्यवस्थापन, बनेपा करिडोर निर्माण, भ्यु टावर निर्माण, सार्वजनिक शौचालय निर्माण, बुच्चो सालिकमा अरनिको प्रतिमा राख्नेलगायतका निर्णयहरू गरेको छ।

नगरपालिकाले फोहोर मैलाको दीर्घकालीन र अल्पकालीन व्यवस्थाका लागि उपप्रमुख रेखा सापकोटा दाहालको संयोजकत्वमा १० सदस्यीय अध्ययन समिति गठन गरेको छ। समितिमा वडा अध्यक्षहरू वर्ण शाक्य, बलराम अधिकारी, श्यामसुन्दर श्रेष्ठ, कृष्णप्रसाद दाहाल, दानबहादुर मानन्धर, रामबहादुर कुँवर, सूर्यनारायण नापित र कार्यपालिका सदस्य अम्बिका प्रजापति रहेका छन्।

समितिको सदस्य सचिवमा सामुदायिक विकास शाखाका प्रमुख ध्रुवराज नेपाल रहेका छन्। समितिले वैकल्पिक डम्पिङ साइट क्षेत्र पहिचान र व्यवस्थापनका विधि तय गर्ने, निजीक्षेत्रसँगको सहकार्यमा फोहोर मैला व्यवस्थापनको सम्भाव्यता विधि र प्रक्रियाका बारेमा अध्ययन गर्ने तथा अल्पकालीन व्यवस्थापनका उपाय पहिचान र सुझाव लिनेछ।

त्यस्तै बनेपाको पुण्यमाता, चण्डेश्वरी र चण्डेश्वरी खोलामा करिडोर निर्माणका लागि सम्भाव्यता अध्ययन गरी राय सुझाव पेस गर्न बनेपा करिडोर निर्माण अध्ययन समिति वडा अध्यक्ष वर्ण शाक्यको संयोजकत्वमा गठन भएको छ। बनेपा, पनौती र धुलिखेल तीनवटै नगरपालिकाले करिडोर निर्माणमा चासो दिँदै संयुक्त बैठक बसी प्रक्रिया अगाडि बढाउने निर्णयसमेत गरेका छन्।

नगरपालिकाको बोर्ड बैठकले साविक बनेपा नगरपालिकामा समावेश भएका गाविस क्षेत्रका लागि भवन निर्माण मापदण्ड निर्माण गरी लागू गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित वडा समितिबाट प्राप्त राय सुझावका आधारमा 'बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७४' (साविक गाविसहरू टुकुचा नाला, उग्रचण्डी नाला, देवीटार, उग्रतारा जनागाल, महेन्द्रज्योति, नासिकासाँगा र रविओपी) भाद्र ११ गतेबाट लागू गर्ने निर्णय गरेको छ।

नगरपालिकाले पहिलोपटक स्रष्टा घर निर्माण गर्न अध्ययन समिति गठन गरेको छ। उपप्रमुख रेखा सापकोटा दाहालको संयोजकत्वमा वडा अध्यक्ष कृष्णप्रसाद दाहाल, चन्द्रबहादुर खड्का, कार्यपालिका सदस्य ज्योति बोगटी, प्रमिला पाण्डे र इन्दिरा सार्की सदस्य रहेका छन्।

बैठकले साविक बनेपा नगरपालिका क्षेत्रको मापदण्डमा उल्लेख गरिएका वा नगरिएका तर स्पष्ट रूपमा सडक, गोरेटो, खोलो, कुलो वा खोल्सोमा जोडिएका घर भत्किएर वा भत्काएर नयाँ घर निर्माण गर्नुपरेमा उक्त सडक, गोरेटो, कुलो वा खोल्सोका लागि तोकिएको सेटब्याक कायम गरेपछि मात्रै निर्माण स्वीकृत दिने निर्णय गरेको छ।

# अर्थ

अघिल्लो साता सुधारको संकेत देखाएको शेयर बजारगत साता भने सकारात्मक हुन सकेन। पाँचै दिन कारोबार भएको बजारमा साताको पहिलो दिन सुधार आए पनि त्यसयता निरन्तर ओरालो लाग्दा समग्र परिसूचक घटेको हो।

नेपालको पहिलो अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणित सिमेन्ट उद्योग
कम्प्युटराइज्ड प्रविधिबाट उत्पादित
नेपाल गुणस्तर प्रमाण - चिन्ह प्राप्त
अन्तर्राष्ट्रिय स्तरको नेपाली सिमेन्ट
तेज सिमेन्ट
... कण कणमा शक्ति अनुभूति
ISO 9001:2000

# साढे ३ अर्बको शेयर कारोबार

**नेपाल समाचारपत्र**
काठमाडौं

गत साता शेयर बजारमा ३७ दशमलव ७८ अंकको गिरावट आएको छ। गत साता हजार ६ सय १७ दशमलव ८१ अंकबाट शुरू भएको शेयर बजार बिहीबार १ हजार ५ सय ८० दशमलव शून्य अंकमा आइपुगेको हो।

गत साता कारोबारमा आएका ८ मध्ये ७ समूहमा गिरावट आउँदा समग्र बजार परिसूचक ओरालो लाग्यो। यसक्रममा ३ अर्ब ५६ करोड १ लाख २३ हजार रुपियाँ बरारबको शेयर कारोबार भएको नेपाल स्टक एक्स्चेन्जले जनाएको छ। कारोबार रकम अघिल्लो साताको तुलनामा ७ दशमलव ४ प्रतिशत बढी हो। अघिल्लो साता बजारमा ३ अर्ब ३१ करोड ४९ लाख ६५ हजार रुपियाँको कारोबार भएको थियो।

अघिल्लो साता सुधारको संकेत देखाएको शेयर बजारगत साता भने सकारात्मक हुन सकेन। पाँचै दिन कारोबार भएको बजारमा साताको पहिलो दिन सुधार आए पनि त्यसयता निरन्तर ओरालो लाग्दा समग्र परिसूचक घटेको हो।

त्यसक्रममा शेयर बजारमा १ सय ८० कम्पनीका ७५ लाख ८४ हजार ८ सय ९० कित्तँ शेयर किनबेच भएका थिए। सातभरि कुल ३९ हजार ९१ कारोबार भएका थिए। गत साता कारोबारमा आएका ८ समूहमध्ये उत्पादन तथा प्रशोधन समूहमा मात्र सुधार आयो। साताभरमा उक्त समूहको परिसूचक ७१ दशमलव शून्य ९ अंकले बढ्यो।

गिरावट आउनेमध्ये सबैभन्दा धेरै बीमा समूहको परिसूचकमा ३ सय ३२ दशमलव ९३ अंकको गिरावट आयो। त्यस्तै होटल र बैंक समूहका परिसूचकमा क्रमशः ४५ दशमलव ६५ र ३९ दशमलव २५ अंकले घटे।

त्यसैगरी जलविद्युत्, वित्त र विकास बैंक समूहका परिसूचक क्रमशः ३४ दशमलव ३६, २६ दशमलव शून्य ३ र ९ दशमलव ४५ अंकले घटे। अन्य समूहको परिसूचक पनि ८ दशमलव १ अंकले ओरालो लाग्यो।



साताभर बीमा कम्पनी तथा बैंकका कारोबार समग्रमा राम्रो रहेको थियो। सो अवधिमा उच्च कारोबार गर्ने ५ मध्ये २/२ वटा बीमा कम्पनी र बैंक रहेको नेपाल स्टक एक्सचेन्जले जनाएको छ।

यस्तै 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पहिलो दिनको तुलनामा ९ दशमलव ४२ अंकले घटेर ३ सय ३१ दशमलव ३२ अंकमा आइपुगेको छ।

कारोबार रकमको आधारमा गत साता लघुवित्त विकास बैंक अग्रस्थानमा रहयो। कम्पनीको कुल १८ करोड ४२ लाख ७० हजार रुपियाँ बराबरको शेयर कारोबार भएको हो।

त्यस्तै एनआईसी एसिया बैंकको १४ करोड ७६ लाख रुपियाँ, नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको १४ करोड १८ लाख रुपियाँ, नविल बैंकको १३ करोड ५४ लाख रुपियाँ र प्राइम लाइफ इन्स्योरेन्स कम्पनीको १० करोड ५९ लाख रुपियाँ बराबरको शेयर कारोबार भएका थिए।

कारोबार भएको सेयर संख्याको आधारमा एनआईसी एसिया बैंकले शीर्ष स्थान ओगटेको छ।

गत साता कम्पनीका ३ लाख २६ हजार कित्ता शेयर कारोबार भएका थिए। त्यस्तै कारोबार संख्याको आधारमा हिमालयन पावर पार्टनर लिमिटेड अग्रस्थानमा रह्यो छ। कम्पनीका कुल ७ हजार ८ सय ७८ वटा कारोबार भएका थिए।

गत हप्ता ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रको कुनै पनि कारोबार भएन।

## अन्तर्राष्ट्रिय पर्यटक भित्र्याउनुपर्नेमा जोड

काठमाडौं, (नेस)

उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले चीनले शुरू गरेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) भित्र रहेर मुलुकको व्यापार विस्तार गर्नुपर्ने बताउनुभएको छ। नेपाल चाइनिज गाइड एसोसियसन (नेगा) को उद्घाटन गर्नु हुँदै मन्त्री महराले नेपालले बिआरआईबाट फाइदा लिन सक्नुपर्ने बताउनुभएको हो।

मन्त्री महराले नेपाल-चीनबीच ऐतिहासिक सम्बन्ध थप प्रगाढ बनाउन पथ प्रदर्शकको महत्वपूर्ण भूमिका हुने विचार व्यक्त गर्नुभएको थियो। नेपालको महत्त्वपूर्ण पर्यटकीय स्थल लुम्बिनीको विकास तथा प्रवर्द्धन गर्दै अन्तर्राष्ट्रिय पर्यटक भित्र्याउनु पर्नेमा जोड दिँदै उहाँले नेपाली र चिनियाँबीच राम्रो सम्बन्ध विकासमा लुम्बिनी महत्वपूर्ण गन्तव्य हुने उल्लेख गर्नुभयो।

उहाँले नेपाल र चीन ६ वटा एयरलाइन्समार्फत जोडिए पनि सडक यातायातअन्तर्गत रेल सञ्जालमार्फत् जोडिएमा छोटो समयमा नै नेपाली अर्थतन्त्रमा कायापलट गर्न सकिने विश्वास उनले व्यक्त गर्नुभयो।

द्रुत विकासमा लक्षित चीनका पर्यटकको आगमन बढ्दै गएको उल्लेख गर्दै परराष्ट्रमन्त्री महराले चीनको समृद्धिबाट नेपालले पनि फाइदा लिन चाहेको उल्लेख गर्नेभयो। उहाँले सो अवसरमा चाइनिज गाइडले नेपाललाई अन्तर्राष्ट्रिय रूपमा चिनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै उहाँहरूको प्रशंसा गर्नुभएको थियो।

उक्त अवसरमा नेपालका लागि चिनियाँ राजदुत यु होङले १५ वर्ष अगाडि ८ हजारको हाराहारीमा रहेको चिनियाँ पर्यटक गत वर्षसम्ममा ११ गुणाले बढेर ९१ हजारभन्दा बढी पुगेको बताउनुभयो। चिनियाँ पर्यटकको सुरक्षामा सरकारले विशेष ध्यान दिएर सडक पूर्वाधारको विकास गर्न सकेमा थेग्नै नसक्ने चिनियाँ पर्यटक नेपाल भित्रिने उहाँको विश्वास थियो।

राजदूत होङले वर्षेनी १२ करोड चिनियाँ पर्यटकको रूपमा विदेश भ्रमण गरेर १ सय ९ अर्बभन्दा बढी खर्च गर्ने गरेको तथ्यांक प्रस्तुत गर्दै चिनियाँ पर्यटकको खर्च गर्ने क्षमतामा वृद्धि भएकोले चीनमा बढी प्रचार प्रसार गरेर चिनियाँ पर्यटक नेपाल भित्र्याएर नेपालको आर्थिक विकास गर्नुपर्ने सुझाव दिनुभयो। कार्यक्रममा अनुभवी पथ प्रदर्शक ८१ वर्षीय किशन बहादुर नगरकोटीलाई सम्मान पनि गरिएको थियो।

## सेजनमा नयाँ नेतृत्व

काठमाडौं, (नेस)

नेपाल आर्थिक पत्रकार समाज (सेजन) को अध्यक्षमा पुष्पराज आचार्य निर्वाचित हुनुभएको छ। शुक्रबार भएको सामजको १८औं साधारणसभाले आचार्यलाई आगामी दुई वर्षका लागि अध्यक्षमा चयन गरेको हो।

सेजनको उपाध्यक्षमा प्रभात भट्टराई, महासचिव भीमप्रसाद गौतम, सचिव सुजन ओली, कोषाध्यक्षमा भागवत भट्टराई सदस्यहरूमा एलिजा उप्रेती, सागर घिमिरे, कृष्ण रिजाल, हिमाल पौडेल र शिव बोहरा विजयी हुनु भएको छ।

## अर्थोडक्स चियाको सम्भावना खोज्न जोड

काठमाडौं, (नेस)

नेपाल उद्योग परिसंघका वरिष्ठ उपाध्यक्ष सतिषकुमार मोरले राजनीतिक अस्थिरता विस्तारै सुल्झिदै गएको हुँदा सिंगो मुलुक अब आर्थिक विकासको एजेन्डामा केन्द्रित भएर लाग्नुपर्ने बताउनु भएको छ। शुक्रबार अर्थोडक्स चिया सम्बन्धी एक दिने राष्ट्रिय कार्यशाला गोष्ठीको उद्घाटन गर्दै उहाँले उक्त कुरा बताउनुभएको हो।

उपाध्यक्ष मोरले अर्थोडक्स चियालाई व्यावसायिक ढंगले विस्तार गर्न सके निर्यात प्रवर्द्धन, रोजगारी सिर्जना र कृषकको जीवनस्तरमा उल्लेख्य सुधार गर्न सघाउ पुग्ने भन्दै त्यसैले अर्थोडक्स चियाको सम्भावनालाई राम्ररी उपयोग गर्न देखिएका चुनौतिहरू समाधान गर्न कार्यशाला गोष्ठीले व्यवहारिक सुझाव पहिचानगर्ने अपेक्षासमेत गर्नु भयो।

डेनमार्क र अन्तर्राष्ट्रिय श्रम संगठनको प्राविधिक तथा वित्तीय सहयोगमा 'उन्नति' नामक संस्थासँगको साझेदारीमा नेपाल उद्योग परिसंघले अर्थोडक्स चिया, अलैंची, अदुवा र दूधको व्यावसायिक उत्पादनलाई वृद्धि गर्ने परियोजना सञ्चालन गरिरहेको छ। नेपालको इलाम, पाँचथर, ताप्लेजुङ, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुरमा सञ्चालित परियोजनाले त्यस्ता कृषि उपजको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी स्थानीय कृषकको जीवनस्तरमा समेत सुधार गर्ने लक्ष्य राखेको छ।

## सिटी एक्स्प्रेसको ९० दिने उत्सव उपहार योजना

**नेपाल समाचारपत्र**
काठमाडौं

सिटी एक्सप्रेस मनी ट्रान्सफरले दशैं, तिहार र छठलाई लक्षित गर्दै 'उत्सव एक्प्रेस' उपहार योजना ल्याएको छ।

उक्त उपहार योजनाअन्तर्गत लक्की ड्र मार्फत उपभोक्ताले दैनिक एक तोला चाँदीका सिक्का, क्याप, टिसर्ट र किरिङ उपहार स्वरूप जित्न सक्नेछन्।

त्यसैगरी साप्ताहिक रूपमा एकजना विजेताले ओप्पो मोबाइल र हरेक महिना लक्की ड्रमा विजयी हुने एकजनालाई एलजी रेफ्रिजिरेटर उपहार प्रदान गरिने कम्पनीले जनाएको छ।

उपहार योजनाको अन्त्यमा एकजना भाग्यशाली विजेताले बम्पर उपहारका रूपमा रेनोल्टको क्विड आरएक्सएल कार जित्न सक्नेछन्। कम्पनीका अनुसार दैनिक, साप्ताहिक तथा मासिक विजेतासमेत बम्पर उपहारका लागि सहभागी हुने जानकारी दिएको छ।




उक्त अफर भदौ १८ गतेदेखि मंसिर १५ गतेसम्म लागू हुनेछ। यो अवधिभरी सिटी एक्सप्रेसमार्फत मनि ट्रान्सफर गर्ने सेवाग्राही यो उपहार योजनामा सहभागी हुनेछन्।

## डिसहोमले खुसी अन गराउने

**नेपाल समाचारपत्र**
काठमाडौं

नेपालको एक मात्र स्याटेलाइट प्रविधिमा आधारित डीटीएच सेवा प्रदायक, डिस होमले नेपालीहरूको दशैं तथा तिहारलाई खुसीमय बनाउनको लागि उपभोक्तामाझ 'खुसी अन गरौं' नामक योजना ल्याएको छ।

योजनाअन्तर्गत ग्राहकहरूले डिस होमको हाईब्रिड एचडी कनेक्सन खरिद गर्दा ३ हजार रुपियाँ छुट प्राप्त गरी २ हजार ९ सय ९९ रुपियाँमै जोड्न सक्ने बताइएको छ।

कम्पनी ग्राहकलाई सर्वसुलभ मूल्यमा डिस होम जडान गर्न प्रेरित गर्न यस्तो योजना ल्याएको कम्पनीका महाप्रवन्धक कल्याण अधिकारीले जानकारी गराउनुभयो।

सर्वसुलभ मूल्यमा यति गुणस्तरीय डिजिटल सेवा पाउँदा ग्राहकहरू निकै उत्साहित रहेको उहाँको बुझाइ छ।

DishHome
खुसी ON गरौं!
३००० छुटमा डिसहोम लगाऔं
धुमधामले चाड मनाऔं।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

**धितोमा रहेको तपशिलमा उल्लेखित सम्पतिहरू लिलामबाट बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना**

प्रकाशित मिति : २०७४।०५।१७

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले उपयोग गर्नु भएको ऋण तिर्न बुझाउने सम्बन्धमा यस संस्थाबाट पटकपटक ताकेता गर्दा पनि आलटाल गरी ऋण तिर्ने तर्फ कुनै चासो नदेखाएकोले तिर्न बुझाउनको लागि पत्रिकामा मिति २०७४।०३।३१ गते कर्जा चुक्ता गर्ने १५ दिने सूचना प्रकाशित गरेकोमा सो ऋण तिर्ने बुझाउने सम्बन्धमा सम्बन्धित ऋणीले कुनै चासो नदेखाएकोले सो ऋण तिर्नको लागि पन्ध्र दिने यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मितिभित्र रकम दाखिला हुन नआएमा कर्जा उपयोग गर्ने क्रममा यस संस्थालाई लेखाईदिएको धितो लिलामी बिक्री गरी तथा कर्जा तमसुक शर्त कबुलियतनामा तथा सहकारी ऐन, २०४८ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानुन बमोजिम अन्य व्यवस्था गरी संस्थाको साँवा व्याज हर्जाना तथा असुली कारवाहीको सिलसिलामा उक्त कार्यविधि अनुसार भएका अन्य खर्च समेत असुल उपर गरिने व्यहोरा पनि जानकारी गराउँछौ । सोबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धन जमानी दिनेको घर घराना चलअचल सम्पत्तिबाट प्रचलित कानुन बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

| ऋणीको तीन पुस्ते विवरण | सुरक्षणको विवरण |
|---|---|
| **प्रदिप के.सी**<br>बाजे : लीला बहादुर के.सी<br>बाबु : फुर्स बहादुर के.सी<br>ठेगाना : हाल ललितपुर जिल्ला धापाखेल ६ | जिल्ला : दाङ<br>क्षेत्र : लालमटिया<br>वडा नं. : ३ ढ<br>कित्ता नं. : १२१७<br>क्षे.फ : १६९.३२ वर्ग मिटर<br>रोयल शोप एण्ड केमिकल्स ईण्डष्ट्रिज प्रा.लि. को १०,००० कित्ता शेयर |

**धितो लिलामी स्थान** : संस्थाको कार्यालय, लगनखेल, ललितपुर ।
**धितो लिलामी मिति** : २०७४।०६।०१ गते आइतबार
**धितो लिलामी समय** : दिनको ३ बजे

- कुनै पनि धितो जग्गाको बोलकबोललाई स्वीकृत गर्ने वा नगर्ने सम्पूण अधिकार संस्थामा रहने छ ।
- सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिको बोलकबोल स्वीकृत गरिने छ ।
- सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सो काम हुनेछ ।
- बोलकबोल पत्र स्वीकृत हुने व्यक्तिले सो रकमको दश प्रतिशत रकम सोही दिन संस्थामा जम्मा गर्नु पर्नेछ ।
- उक्त दिन सो धितो जग्गा खरिदको लागि कुनै पनि बोलकबोल पर्न नआएमा स्वतः संस्थाले सकार गरी लिनेछ ।
- अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**स्तम्भ बहुउद्देश्यीय सहकारी संस्था लि.**
लगनखेल १२, ललितपुर, फोन नं. ५५४०१३१

**ग्लोबल आइएमई बैंक लि.**
शाखा कार्यालय, ताप्लेजुङ्गको निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनुभएका **श्री गणेश बहादुर शाही**को मिति २०७३/०९/१७ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतककी श्रीमती पार्वती शाहीले यस बैंकको शाखा कार्यालयमा मिति २०७४/०४/१५ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय ताप्लेजुङ्गमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियम अनुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**समीट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड**
**Summit Micro Finance Development Bank Ltd.**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)
विर्तामोड न.पा.-७, झापा, नेपाल
फोन नं. : ०२३-५४४४२०, फ्याक्स नं. ०२३-५४१४२०
E-mail: info@summitbank.com.np, URL: www.summitbank.com.np

**हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना**

समीट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको मिति २०७४/०५/०८ गतेसम्म कायम साविक शेयरधनीहरूका लागि एक शेयर बराबर नयाँ एक शेयर (१ : १) को अनुपातमा प्रति शेयर रू.१००/- अंकित दरको ७,२५,००० कित्ता हकप्रद शेयरको निष्कासन तथा बिक्री खुल्ला यही **मिति २०७४/०५/२९ गतेका दिन देखि २०७४/०७/०१ गतेसम्म** गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस हकप्रद शेयर निष्कासन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०७४/०५/१५ गतेको "**अभियान**" राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको हुँदा उक्त सूचना हेर्न हुन अनुरोध गर्दछौं ।

| सि.नं. | हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु: |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड नारायणचौर, नक्साल, काठमाडौं |
| २. | समीट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको केन्द्रीय कार्यालय विर्तामोड-७, झापा र बैंकका शाखा कार्यालयहरूः कोशीहरैचा न.पा.-३, इलाम न.पा.-२, फिदिम न.पा.-१ पाँचथर, भरौल गा.वि.स.-१ सुनसरी, ताप्लेजुङ्ग न.पा.-५, पाख्रीवास न.पा.-४ धनकुटा, राजारानी गा.वि.स.-६ धनकुटा, जोगीदह गा.वि.स.-६ उदयपुर, रायपुर गा.वि.स.-८ सप्तरी । |
| ३. | श्री सानिमा बैंक लिमिटेडको शाखा कार्यालयहरू क्रमशः धनगढी, नेपालगञ्ज, पोखरा, भैरहवा, नारायणगढ, विरगञ्ज र जनकपुर । |

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः
SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
नक्साल, काठमाण्डौ, फोनः +९७७-४४२८९५६/५७, फ्याक्सः ४४२८९५८
इमेलः sanimacapital@sanimabank.com वेवसाइटः www.sanima.capital

# अर्थ

> हकप्रद निष्काशन रकम अघिल्लो आवको तुलनामा ३ सय ८५ प्रतिशतले बढेको देखिन्छ भने थप निष्काशन ३७ दशमलव शून्य ७ प्रतिशत बढी छ। त्यस्तै अघिल्लो वर्ष ५५ प्रतिशतले घटेको म्युचुअल फन्ड रकम गत वर्ष ३ सय २५ प्रतिशतले वृद्धि भएको छ।

# धितोपत्र बजार ४५ प्रतिशतले खुम्चियो

नेपाल समाचारपत्र

काठमाडौं

आर्थिक वर्ष २०७३/७४ मा धितोपत्र बजारमा २ खर्ब ५ अर्ब २ करोड रुपियाँको कारोबार भएको छ। त्यस्तै कुल निष्काशन रकम ४५ प्रतिशतभन्दा बढीले खुम्चिएको छ। गत वर्ष शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने कम्पनीहरूको संख्यामा केही वृद्धि भए पनि निष्काशन रकममा भने संकुचन आएको हो।

अघिल्लो वर्ष ६० दशमलव ६४ प्रतिशतले खुम्चिएको धितोपत्र बजार रकम गत वर्ष ४५ दशमलव २९ प्रतिशतले घटेको हो। गत वर्ष प्राथमिक बजारमा कुल ५९ अर्ब ३९ करोड रुपियाँको कारोबार भएको थियो। त्यसमध्ये तीमध्ये १७ वटा कम्पनीका १ अर्ब ५१ करोड रुपियाँ बराबरका प्राथमिक शेयर निष्काशित भएका थिए।

नेपाल धितोपत्र बोर्डले जारी गरेको धितोपत्रसम्बन्धी प्रकाशन गरेको वार्षिक समिक्षाले यो कुरा देखाएको हो।

समिक्षाले प्राथमिक बजारमार्फत भएको समग्र पुँजी परिचालनमा दुई गुणाभन्दा बढीले वृद्धि भएको पनि देखाएको छ। धितोपत्र बोर्डको अनुसार प्राथमिक बजारमा गत आव २ सय १२ दशमलव ७४ प्रतिशतले बढेको हो। अघिल्लो आवमा यो वृद्धिदर ३१ दशमलव ५१ प्रतिशत रहेको थियो।

शेयरको प्राथमिक बजारका परिसूचक हकप्रद, थप तथा सामूहिक लगानी कोष निष्काशनमा उल्लेखनीय वृद्धि भएका कारण पुँजी परिचालनमा वृद्धि भएको हो। त्यस्तै दोस्रो बजारतर्फ कारोबार, फ्लोट बजार पुँजीकरणमा वृद्धि भएको छ र अन्य परिसूचकमा सामान्य गिरावट आएको छ।

नेपालको धितोपत्र बजारमा विभिन्न उतारचढाव देखिए पनि बोर्डबाट भएको बजार सुधार तथा विकासका कारण सर्वसाधारणको सहभागितामा वृद्धि भई समग्रमा धितोपत्र बजार उत्साहजनक रहेको धितोपत्र बोर्डको भनाइ छ। वर्षभरिको समिक्षा गर्दा धितोपत्रको प्राथमिक तथा दोस्रो बजार परिसूचकको विश्लेषणले बजारको अवस्था मिश्रित देखाएको हो।

बोर्डले प्रकाशन गरेको तथ्यांक अनुसार गत आव ७६ वटा कम्पनीले ४५ अरब ६४ करोड रुपियाँ बराबरको हकप्रद निष्काशन गरेका थिए। त्यस्तै थप शेयर निष्काशन गर्ने कम्पनीको संख्या ४ रहेको थियो। ती कम्पनीले ७ अर्ब ९९ करोड रुपियाँ बराबरको थप शेयर निष्काशन गरेका हुन्। त्यसैगरी ४ कम्पनीले ४ अर्ब २५ करोड रुपियाँ बराबरको म्युचुअल फण्ड जारी भएको थियो। वर्षभरि कुनै सरकारी ऋणापत्र जारी भएनन्।

यस हिसाबमा हकप्रद निष्काशन रकम अघिल्लो आवको तुलनामा ३ सय ८५ प्रतिशतले बढेको देखिन्छ भने थप निष्काशन ३७ दशमलव शून्य ७ प्रतिशत बढी छ। त्यस्तै अघिल्लो वर्ष ५५ प्रतिशतले घटेको म्युचुअल फन्ड रकम गत वर्ष ३ सय २५ प्रतिशतले वृद्धि भएको छ।

त्यस्तै धितोपत्र बजारमा गत आवमा २०८ कम्पनी संगठित संस्था सूचीकृत भएका छन्।

धितोपत्र बोर्डले प्रकाशन गरेको वार्षिक समिक्षा अनुसार गत आवमा भएका प्रगतिमा विशेष व्यवस्थासहितको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ लागू रहेको छ। जसअनुसार अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न सक्ने व्यवस्था, थप निष्काशनको मूल्य निर्धारणको मापदण्ड, प्राथमिक निष्काशनमा सबै आवेदनकर्तालाई न्यूनतम १० कित्ता सेयर बाँडफाँड हुने व्यवस्था र प्राथमिक निष्काशनमा प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्ने व्यवस्था भएको छ।

त्यस्तै सार्वजनिक निष्काशनमा अनिवार्य आस्बा प्रणाली, धितोपत्र दलाल व्यवसायीको पुँजी बृद्धि तथा पूर्वाधार व्यवस्था तथा मर्चेन्ट बैंकको कार्यक्षेत्र विस्तार, पुँजी वृद्धि तथा संस्थागत सुशासनसम्बन्धी व्यवस्था पनि भएको छ। बोर्डका अनुसार प्रत्यक्ष नियमनकारी निकाय नभएका कम्पनीको हकप्रद तथा थप निष्काशन सम्बन्धमा नयाँ मापदण्ड बोर्डका कर्मचारीलाई आचारसंहिता २०७३ चैतदेखि लागू र आव २०७३/७४ मा तयार भएको बोर्ड सदस्यको आचारसंहिता २०७४ साउनदेखि लागू भएको छ।

# बुटवल उपमहानगरपालिकाको बजेट १ अर्ब ६३ करोड

यमलाल भुसाल, बुटवल

बुटवल उपमहानगरपालिकाको पहिलो नगरसभाबाट पारित बजेट, नीति तथा कार्यक्रम शुक्रबार सार्वजनिक भएको छ। उपमहानगरपालिकाका मेयर शिवराज सुवेदीले आव २०७४/७५ का लागि १ अर्ब ६३ करोड ३५ लाख ७८ हजार ८ सय ५ रुपियाँको स्वीकृत बजेट विनियोजन गर्नुभयो।

उक्त बजेटमध्ये उपभोग खर्चतर्फ १२ करोड ३ लाख, सेवा खर्च ३ करोड ६३ लाख क्षमता विकास कार्यक्रम ६० लाख, सामाजिक सुरक्षा भत्ता १३ करोड ६५ लाख क्रमागत योजना ३४ करोड १० लाख, नगरस्तरीय योजना तथा कार्यक्रम ३७ करोड ७१ लाख, प्रवर्द्धनात्मक कार्यक्रम ३ करोड २५ लाख, सामाजिक विकास कार्यक्रम २ करोड ८५ लाख रहेको छ।

त्यस्तै वडास्तरीय योजना तथा कार्यक्रममा ८ करोड ८ लाख, मझौला शहर एकीकृत वातावरणीय सुधार आयोजनातर्फ ३० करोड, विषयगत कार्यालयहरूको कार्यक्रममा १७ करोड ७३ लाख विनियोजन गरिएको मेयर सुवेदीले जानकारी गराउनुभयो।

उक्त बजेट परिपूर्तिका लागि स्थानीय करबाट १० करोड ७५ लाख, सेवा शुल्कवाट ४ करोड ६७ लाख, सेवा प्रवाह दस्तुरबाट ३ करोड ७२ लाख, बिक्री आयबाट ७ लाख, स्रोत परिचालनबाट १६ लाख, साँवा ब्याज लाभांश तथा बोनसबाट २३ लाख, अन्य आयबाट ४ करोड ११ लाख, सरकारबाट अनुदान ७२ करोड ५३ लाख, जिविस एवम् निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट ४ करोड ५८ लाख आम्दानी हुने बताइएको छ।

त्यसैगरी अन्य अनुदान तथा ऋणबाट २ करोड ८५ लाख, उपभोक्ता सहभागिताबाट ७ करोड २५ लाख, मझौला शहर एकीकृत वातावरणीय सुधार आयोजनाबाट ३० करोड, गत वर्षको मौजातबाट ३ करोड १० लाख र विभिन्न निकाय तथा दातृ संस्थाबाट १९ करोड ३० लाख रुपियाँ आम्दानी हुने अनुमान गरिएको छ। घोषित आय लक्ष्य प्राप्तिका लागि गत नगरपरिषद्‌बाट निर्णय गरिएका कर, शुल्क दस्तुरका दरबन्दीलाई यथावत राखी दायरा फराकिलो बनाउने र राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाउनुका साथै वडातहमै राजस्व संकलन गर्ने गरी प्रस्ताव गरिएका छ।

# नेपाल इन्फ्रास्ट्रक्चर बैंक खोल्न आवेदन

काठमाडा (नेस)

सरकारले सार्वजनिक निजी-साझेदारीको प्रारूप अनुरूप चालू आर्थिक वर्षभित्र पूर्वाधार विकास बैंक स्थापना गर्ने प्रतिबद्धता गरे अनुसार प्रस्तावित नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडका अध्यक्ष डा. विमल कोइराला नेतृत्वको समितिले नेपाल राष्ट्र बैंकसमक्ष बैंक स्थापना गर्नका लागि निवेदन दर्ता गरेको छ।

निवदेनअनुसार बैंकको चुक्ता पुँजी २० अर्ब रुपियाँ रहेको छ। बैंकमा सरकारको १० प्रतिशतसहित संस्थापक समूहमा ६० प्रतिशत र सर्वसाधारण समूहमा ४० प्रतिशत शेयर रहेको छ।

हाल संस्थापक समुहमा विभिन्न बैंक तथा बीमा कम्पनीलगायत उद्योगी व्यापारीको संलग्नता रहेको छ। विदेशी बैंक तथा वित्तीय संस्थालाई समेत लगानी गर्न अनुकुल हुने गरी बैंक स्थापनाको निवेदन दर्ता गरिएको छ।

प्रस्तावित बैंकको सञ्चालक समितिमा सरकार समेतको प्रतिनिधिसहित ७ जना सञ्चालक रहने व्यवस्था मिलाइएको छ।

प्रस्तावित नेपाल इन्फ्रास्ट्रक्चर बैंकले देशको पूर्वाधार विकाससम्बन्धी परियोजनाहरूमा कर्जा प्रवाह गर्ने, पूर्वाधार विकाससम्बन्धी परियोजना सञ्चालन गर्ने, कम्पनीहरूको धितोपत्रमा लगानी गर्ने, पूर्वाधार विकास सम्बन्धी परियोजना सञ्चालनको लागि प्रतितपत्र खोल्ने तथा जमानत पत्रहरू जारी गर्ने, राष्ट्र बैंकको स्वीकृति लिई पूर्वाधार विकाससम्बन्धी परियोजनामा लगानी गर्न आवश्यक रकम जुटाउनका लागि विभिन्न प्रकारका स्वदेशी तथा विदेशी मुद्रामा वित्तीय उपकरण जारी गर्ने तथा ऋण प्राप्त गर्ने, दीर्घकालीन प्रकृतिको निक्षेप स्वीकार गर्ने, डिवेञ्चर जारी गरी स्रोत परिचालन गर्ने, लिजिङ कारोबार गर्नेलगायतका उद्देश्य रहेका छन्।

# महिन्द्राको सुप्रो भ्यान आयो

काठमाडौं, (नेस)

महिन्द्रा ग्रपअन्तर्गतको प्रतिष्ठान महिन्द्रा एन्ड महिन्द्राले नेपालकै पहिलो डिजेल कार्गो भ्यान 'सुप्रो' नेपाली बजारमा ल्याएको छ। कम्पनीले राजधानीमा जारी नाडा अटो सोको अवसरमा उक्त भ्यान सार्वजनिक गरेको हो।

बोल्दै महिन्द्रा एन्ड महिन्द्राका भाइस प्रेसिडेन्ट सञ्जय जाधवले नेपालमा महिन्द्राका मोबिलिटी सलुसन्सका पूर्ण शृंखला सार्वजनिक गर्न पाउँदा गौरवान्वित भएको बताउनभयो। उहाँले भन्नभयो-'थ्री साइड लोडिङ, कम उचाइको लोडिङ र आरामदायी ड्राइभिङजस्ता विशेषताले सुसज्जित




सो अवसरमा सुप्रो कार्गो भ्यान एक टनभन्दा कम तौल ओसारपसार गर्न व्यावसायिक आवश्यकताको सम्बोधन गर्ने गरी डिजाइन गरिएको बाहन रहेको बताइयो। उच्च माइलेज, विश्वासिलो डिआई इन्जिन, क्लोज्ड बडी, यस वर्गकै उत्कृष्ट बे भोल्यूम-२३३० लिटर र इम्प्रेसिभ टप स्पिडका कारण यसले व्यावसायिक कार्य प्रदर्शनका लागि सहजता दिने कम्पनीको दाबी छ।

भ्यान सार्वजनिक कार्यक्रममा सुप्रो कार्गो भ्यानबाट उच्च मूल्यका वस्तु र एफएमसिजी, लौन्ड्री, कुरियर, ई-कमर्स डेलिभरी जस्ता व्यवसायको विस्तारमा साझेदारी गर्ने उद्देश्य लिएका छौं।'

उक्त कार्यक्रममा बोल्दै दुगड ब्रदर्स एन्ड सन्स प्रालिका भाइस चेयरम्यान विवेक दुगडले भ्यानले ४७ प्रतिशत पेलोड, २१ दशमलव ४६ मिलोमिटर प्रतिलिटरको अतुलनीय माइलेज दिने कारण सञ्चालन खर्च घटाउन सहयोग पुग्ने दाबी गर्नुभयो।

# बर्जरको म्याजिकल अफर

काठमाडौं, (नेस)




बर्जर पेन्ट्सले सिजनल उपहार योजना 'बर्जर रङ म्याजिकल अफर' ल्याएको छ। अभियानको लागि नायक अनुप विक्रम शाही तथा नायिका स्वस्तिमा खड्का सद्भावना दूत रहेको कम्पनीले जनाएको छ।

उपहार योजनामा बम्पर उपहारका एकजना भाग्यशाली विजेताले रेनल्ट क्वीड कार पुरस्कार प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। त्यस्तै १ सयभन्दा बढी विजेताले नगद २५ लाखसम्म जित्न सक्ने कम्पनीको भनाइ छ।

बर्जरका अनुसार चयन भएका ५ भिन्न क्षेत्रका उत्कृष्ट १० वटा रङ्गाइएका घरधनीले नगद १ लाखसम्म र साना शहरका २० घरधनीले नगद २० हजारसम्म पुरस्कार जित्न सक्ने छन्।

उपहार योजनामा सहभागी बन्न ग्राहकले आफ्नो घरको रङ रोगन कार्य अशु गर्नु अघि बर्जर टाइप गरी ३३३७७ मा एसएमएस पठाएर आफूलाई दर्ता गराउनुपर्नेछ।

एकपटक दर्ता कार्य पूरा भएपछि हरेक घरको लागि छुट्टाछुट्टै एक विशेष दर्ता कोड फोन सम्पर्कको समयमा वा स्वचालित एसएमएस प्रणालीमार्फत उपलब्ध गराइनेछ

दर्ता गर्ने अवधि भदौ १५ देखि मंसिर १५सम्म कायम गरिएको बर्जरले जनाएको छ।

# टेलिकमद्वारा निःशुल्क औषधि

काठमाडौं, (नेस)

नेपाल टेलिकमले बाढीबाट अति प्रभावित पूर्वाञ्चलका दुई जिल्लामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ। शिविरमा प्रभावितलाई निःशुल्क औषधि पनि उपलव्ध गराएको छ।

स्वास्थ्य शिविर महोत्तरीको लोहारपट्टीमा भदौ १२ गते र सप्तरीको भेडियामठमा १४ गते सञ्चालन गरिएको कम्पनीले जनाएको छ। लोहारपट्टीमा टेलिकम प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले सेवाग्राहीलाई औषधि वितरण गरेर निःशुल्क स्वास्थ्य शिविरको शुभारम्भ गर्नुभएको थियो।

सो अवसरमा राजभण्डारीले कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्रभावित क्षेत्रमा नै आएर निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको बताउनुभएको थियो।

निःशुल्क स्वास्थ्य शिविरमार्फत महोत्तरीको लोहारपट्टीमा ७ सय ३२ र सप्तरीको भेडियामठमा ४ सय २३ जनाले सेवा र निःशुल्क औषधिको लाभ लिएका थिए। शिविरमा चिकित्सक तथा स्वास्थ्यकर्मी गरी १३ जनाको टोलीले सेवा उपलब्ध गराएको थियो।

# नेपाल क्रेडिट एन्ड कमर्स बैंकले हकप्रद दिने

काठमाडौं, (नेस)

नेपाल क्रेडिट एन्ड कमर्स बैंकको १९औं वार्षिक साधारणसभा रूपन्देहीमा सम्पन्न भयो।

एनसीसी बैंक र चारवटा विकास बैंक मर्जर भई गत पुस १७ गतेदेखि एकीकृत कारोबार अशु गरेको बैंकले आव २०७२/७३ को सबै संस्थाको वित्तीय विवरण पारित गरेको छ।

त्यसैगरी ५० प्रतिशत हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव पारित गरेकाले नेपाल राष्ट्र बैंकले तोकेको पुँजी पुऱ्याउन बैंकले तत्कालै हकप्रद शेयर जारीको प्रक्रिया अगाडि बढाउने जनाएको छ।

# लुम्बिनी विकास बैंकको शाखा थप

काठमाडौं, (नेस)

लुम्बिनी विकास बैंकले काठमाडौंको गोकर्णेश्वर, कात्यायनी र पोखराको लामाचौरमा शाखा कार्यालय स्थापना गरी कारोबार अशु गरेको छ। उक्त शाखा कार्यालयमध्ये कात्यायनी शाखा, काठमाडौं र लामाचौर शाखाको उद्घाटन बैंक सञ्चालक समितिका अध्यक्ष सुशीलराज पराजुली र गोकर्णेश्वर शाखाको उद्घाटन सञ्चालक अशोकराज पाण्डेले उद्घाटन गर्नुभएको थियो।

ती शाखासहित कुल ५४ वटा शाखा सञ्जाल र १२ वटा एटीएमबाट बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

# पञ्चकन्या ग्रुपको ४५औं वार्षिकोत्सव मनाइयो




काठमाडौं, (नेस)

पञ्चकन्या ग्रुपले ४५औं वार्षिकोत्सव तथा ग्रुपका अध्यक्ष प्रेम बहादुर श्रेष्ठको ८६औं जन्मोत्सव मनाएको छ। उक्त कार्यक्रममा पञ्चकन्या समूहका सञ्चालक, कर्मचारी तथा डिलर र शुभ चिन्तकको उपस्थिति रहेको थियो।

कार्यक्रममा वर्षभरीमा बढी बिक्री गर्न सफल स्टील, प्लाष्टिक र एसएस वाटर ट्याङकीका डिलरलाई प्रशंसा-पत्र तथा उपहारबाट सम्मानित गरिएको थियो। साथै सर्वोत्कृष्ट कर्मचारी दीर्घकालीन सेवा अवधि पूरा गर्ने तथा सह्रानिय कार्य गर्ने कर्मचारीलाई सम्मान गरियो। कम्पनीले सामाजिक उत्तरदायित्वअन्तर्गत बाढीपीडितलाई राहतस्वरूप प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषमा जम्मा गर्ने गरी अर्थ राज्यमन्त्री उदय शम्शेर राणालाई २ लाख ५१ हजार रुपियाँ सहयोग गरिएको थियो। त्यस्तै किशोरीको स्वास्थ्य र अध्ययनलाई टेवा पुग्ने कार्य गर्दै आएको संस्था चाइल्ड रिच नेपाललाई सहयोग स्वरूप ४ लाख ५० हजार रुपियाँ पनि प्रदान गरियो।

कार्यक्रममा ग्रुपका अध्यक्ष प्रेमबहादुर श्रेष्ठ, उपाध्यक्ष ध्रुबकुमार श्रेष्ठ, प्रबन्ध निर्देशक प्रदीपकुमार श्रेष्ठ, कार्यकारी निर्देशकद्वय उज्ज्वलकुमार श्रेष्ठ तथा उदीप श्रेष्ठले पञ्चकन्याले हालसम्म प्राप्त गरेका सफलता, भावी नीति तथा कार्यक्रम र नयाँ उत्पादन तथा उद्योग सञ्चालन गर्न आइपरेका कठिनाईबारे मन्तव्य व्यक्त गर्नु भएको थियो।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" बर्गको इजाजतपत्र प्राप्त संस्था)

Special Deposit Offer!!!

13%

| Tenure | Interest Rate (p.a.) For Individual | Interest Rate (p.a.) For Institutions |
|---|---|---|
| 1 Month upto 6 Months | 12% | 11% |
| 6 Months upto 13 Months | 13% | 12% |
| Above 13 Months | 10% | 9% |
| Loan Against FD | | FD Rate + 2.00% |

*For limited period only

Branches

- Head Office: Omkar Building (Second Floor), Naya Baneshwor, Kathmandu, Tel: 01 - 4782517
- New Road Branch: Mahalaxmi Complex 2nd Floor, Khichapokhari, New Road- Nepal, Tel: 01 - 4222103
- Dhangadhi Branch: Chauraha,Dhangadhi,Kailali- Nepal, Tel: 091 - 526866
- Biratnagar Branch: MahendraChowk, Biratnagar, Morang- Nepal, Tel: 021 - 521194/95
- Dharan Branch: Mahendra Path, Dharan- Nepal, Tel: 025-530203/238
- Narayangarh Branch: ShahidChowk, Narayanghat, Chitwan-Nepal, Tel: 056 - 571203
- Butwal Branch: Palpa Road, Butwal, Rupendehi- Nepal, Tel: 071 - 545913,545914
- Itahari Branch: Dharanline,Itahari,Sunsari- Nepal, Tel: 025 - 584286
- Nepalgunj Branch: Surkhet Road, Nepalgunj, Banke- Nepal, Tel: 081 - 527508/509
- Pokhara Branch: Newroad, Pokhara- Nepal, Tel: 061-524213/214
- Birgunj Branch: Adarshanagar, Parsa, Tel: 051-418001






# पेलेलाई उछिने रोनाल्डोले



करिअरको ४८औं ह्याट्रिकपछि रोनाल्डोको अन्तर्राष्ट्रिय गोलसंख्या ७८ पुगेको हो। जसले पेलेले बनाएको ७७ अन्तर्राष्ट्रिय गोलको कीर्तिमानलाई तोड्न पर्याप्त बन्यो। राष्ट्रिय टोलीका लागि सर्वाधिक गोल गर्ने खेलाडी भने इरानका अलि दाइ (१०९ गोल) हुन्। अन्यमा जाम्बियाका गदफ्री चितालु (७९ गोल) र जापानका कुनिस्गे कामामोटो (८० गोल) रोनाल्डोभन्दा आगाडि छन्।

लन्डन, (एजेन्सी)

फिफा विश्वकप छनोटमा पोर्चुगलले फारोए आइल्यान्डलाई ५-१ ले हराउँदा क्रिस्टियानो रोनाल्डोले ह्याट्रिक गर्दै पेलेको गोलको कीर्तिमानलाई उछिनेका छन्।

बिहीबार भएको युरोपेली क्षेत्रको छनोटअन्तर्गत समूह 'बी' को खेलमा ह्याट्रिकसँगै रोनाल्डोले ब्राजिलियन महान् खेलाडी पेलेको अन्तर्राष्ट्रिय गोलको कीर्तिमानलाई तोडेका हुन्। रोनाल्डोले खेलको तेस्रो मिनेटमा नै गोल गर्दै पोर्चुगललाई सुरुआती अग्रता दिलाएका थिए। यस्तै खेलको २९औं मिनेटमा पेनाल्टीमार्फत् गोल गर्दै उनले अग्रता दोब्बर पारेका थिए। पहिलो हाफको अन्त्य अघि रोग्बी बाल्डीभिन्सनले गोल गर्दै भ्रमणकारी टोलीलाई खेलमा जीवितै राखे।

तर विलियम कार्भालोले ५८औं मिनेटमा गोल गरेपछि पोर्चुगलको गोलसंख्या चार पुग्यो। रोनाल्डोले खेलको ६५औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरे। पोर्चुगलका लागि पाँचौं गोल नर्विच सिटीका स्ट्राइकर नेल्सन ओलिभेराको नाममा रह्यो। उनले खेलको ८८औं मिनेटमा उक्त गोल गरेका थिए। यसै समूहको अन्य खेलहरूमा हंगेरीले लात्भियालाई ३-१ ले हराउँदा स्विट्जरल्यान्डले पनि एन्डोरालाई ३-० पराजित गरे।

### फ्रान्सद्वारा नेदरल्यान्ड्स पराजित

फिफा विश्वकप २०१७ अन्तर्गत युरोपेली छनोट चरणमा फ्रान्सद्वारा नेदरल्यान्ड्स ४-० गोल अन्तरले पराजित भएको छ। फ्रान्सको सानदार जितमा थोमस लेमारले दुई गोलको योगदान गरे। ग्रिजम्यानको गोलबाट १४औं मिनेटमा फ्रान्सले खेलमा गोलको खाता खोलेका थिए। पहिलो हाफसम्म एक गोलले अघि रहेको फ्रान्सका तर्फबाट लेमारले ७३औं र ८८औं मिनेटमा गरी दुई गोलको योगदान गरे। उनले यो आफ्नो दोस्रो अन्तर्राष्ट्रिय खेलमा दुई गोल गरेका हुन्।

उता नेदरल्यान्ड्सले भने दोस्रो हाफमा अधिकांश समय १० खेलाडीमा सीमित भएर खेल्नुपरेको थियो। चार मिनेटको फरकमा दुई पहेंलो कार्ड देखेपछि केभिन स्ट्रटम्यानले मैदान छोड्नुपरेका थिए। जसका कारण खेलको ६२औं मिनेटपछि नेदरल्यान्ड्स १० खेलाडीमा सीमित भएको थियो। यस्तै खेलको इन्ज्युरी समयको पहिलो मिनेटमा बाप्पेले एक गोल थपेपछि फ्रान्सको गोलसंख्या चार पुग्यो। उनको यो पहिलो अन्तर्राष्ट्रिय गोलसमेत हो।

समूह 'ए' कै अर्को खेलमा बुल्गेरियाले स्विडेनलाई ३-२ ले पराजित गरेपछि फ्रान्सको अग्रता थप फराकिलो भएको हो। शीर्ष स्थानमा रहेको फ्रान्सको १६ अंक भएको छ। यसै गरी समान खेल खेलेर दोस्रो स्थानको स्विडेनको १३ अंक छ भने तेस्रो स्थानमा उक्लेको बुल्गेरियाको १२ अंक छ। हारपछि १० अंकमा यथावत् चौथो स्थानमा रहेको डच टोलीको विश्वकपमा पुग्ने आशा क्षीण बन्दै गएको छ।

# शंखमूलको फराकिलो जित

काठमाडौं, (नेस)

रेडबुल एन्फा फुटसल लिगअन्तर्गत शुक्रबार शंखमूल फुटसलले फराकिलो जित हात पारेको छ। बौद्धको स्टुप फुटसलको मैदानमा शंखमूलले रजिनी फुटसललाई ९-२ गोलअन्तरले हराएको हो। यो टोलीको दोस्रो जित हो। यस्तै फुटसल भिलेजले ढुकु फुटसललाई ८-७ ले हराउँदा चौर रिक्रिएसनल सेन्टले रेभ फुटसल सेन्टरलाई ३-२ ले पराजित गऱ्यो। चौर रिक्रिएसनलले अर्को खेलमा हरिसिद्धिलाई ८-२ गोलअन्तरले पाखा लगायो।

जबकि आयोजक स्टुप भने सामाखुसीसँग ३-२ गोलले हार्न पुग्यो। यस्तै खुमलटार युवा क्लब पनि बीजी फुटसलसँग ६-१ ले पराजित हुँदा धनयन्त्रीले स्वयम्भु रिक्रिएसनललाई ७-२ ले पन्छाएको छ। खालीबारीले बीजी ब्रदरलाई ५-० ले हरायो।

## धरहरा

### कालै हो कि अलि अलि मात्रै



विद्युत् प्राधिकरणका कर्मचारीले कहिले के गरिदिएनन्, कहिले वास्तै गरेनन् वा कहिले घूस मागे भनेको धरहराले सुन्दै आएको हो। किन त्यसो भयो भन्ने कुरामा सबैभन्दा बढी जानकार त कि ती कर्मचारी नै हुन् कि त भुक्तभोगी ग्राहक नै। उनीहरूको चालढाल हेर्दा दालमा 'कुछ' कालो छ भन्ने धेरैले पहिला नै नसोचेका पनि होइनन्। अझ कतिले दालमा 'कुछ' मात्रै होइन पूरै दाल कालो छ समेत भन्ने गरेका हुन्।

तर, अब भने सरकारले एउटा काइदाको तयारी गरेको धरहराले चाल पाएको छ। नो लाइटका कर्मचारी वा कसैले ग्राहकलाई उपयुक्त सेवा उपयुक्त समयमा दिएनन् भने ग्राहकले फ्याट्टै ११५१ नम्बरमा डायल गरे हुने भएको छ। पैसा नलाग्ने त्यो नम्बरमा फोन गर्ने अनि गुनासो बिसाउने। के के हो उजुरी सबै त्यहाँ गरेपछि कर्मचारीहरू ठामका ठाम कारबाहीमा पर्ने छाँटकाँट देखिएको ऊर्जा मन्त्रालयतिर धरहराले हिजो दूरबीन घुमाउँदा थाहा पायो। प्राधिकरणका कर्मचारीले दुःख दिए, गुनासो सम्बोधन गरेनन् वा कुनै सेवा दिँदा घूस मागे भने अप्ठेरो पर्ने संकेत देखिएको छ।

ल है नानीदेखि लागेको बानी को सच्यारहन्छ भनेर पुरानै पारा देखाउनुभयो भने 'मामाघर' जानुपर्ने अवस्था पो सिर्जना होला जस्तो छ। जे गर्नुभयो गर्नुभयो अहिलेसम्मका लागि ग्राहकबाट माफी नै होला। तर, अब चाहिँ माफी नहोला जस्तो छ है। सतर्क रहनुस् नि। होइन त पाठकवृन्द ?

# पुष्पसदन विजेता



काठमाडौं, (नेस)

पाँचौं जेभियर कप यु-१९ बास्केटबल प्रतियोगितामा पुष्पसदन र साइपालले उपाधि जितेका छन्। शुक्रबार भएको पुरुषतर्फको फाइनल खेलमा पुष्पसदनले सीसीआरसीमाथि ६१-४६ को जित निकाल्यो।

टोलीको जितमा महत्त्वपूर्ण भूमिका निभाएका शशि पराजुलीले सर्वाधिक १५ स्कोर गरे। कालोपुलस्थित जेभियर इन्टरनेसनल कलेजको कोर्टमा सञ्चालन हुने यु-१९ महिलातर्फको फाइनल खेलमा साइपालले आयोजक जेभियर कलेजमाथि ३२-२९ को रोमाञ्चक जित निकाल्यो। टोलीको जितमा रोशनी श्रेष्ठले सर्वाधिक १४ स्कोर गरिन्।

# ओमेगा क्वार्टर फाइनलमा

काठमाडौं, (नेस)

गणेशबहादुर-प्राणमाया चित्रकार स्मृति कप यु-१९ ट्वेन्टी-२० क्रिकेट प्रतियोगितामा ओमेगा कलेजले एनसीएलाई तीन विकेटले पराजित गरेको छ। टुँडिखेलमा शुक्रबार उद्घाटन खेलमा जित्दै ओमेगा क्वार्टरफाइनलमा समेत पुग्यो।

त्यस्तै केसीटीसीले प्रहरी स्कुललाई ४६ रनले पराजित गरेर अन्तिम आठमा प्रवेश गऱ्यो। टस जितेर ब्याटिङ रोजेको आयोजक एनसीएले निर्धारित १५ ओभरमा ३ विकेटको क्षतिमा ६९ रन बनाएको थियो। जवाफमा ओमेगाले १२ दशमलव ४ ओभरमा लक्ष्य पूरा गरेको थियो। पराजित बाबजुद एनसीएका रिकेश ओझा म्यान अफ द म्याच घोषित भए।

# भ्याली पब्लिकलाई उपाधि

काठमाडौं, (नेस)

भ्याली पब्लिक र पुष्पसदनले चौथो बृहस्पति कप अन्तरविद्यालय मिनी बास्केटबल प्रतियोगिताको उपाधि शुक्रबार जितेका छन्। बृहस्पति विद्या सदनद्वारा आयोजित प्रतियोगिताको गर्ल्स फाइनलमा भ्याली पब्लिकले द चाँदबाग स्कुललाई १९-१७ को झिनो अन्तरले पराजित गऱ्यो।

टोलीको जितमा सुमिना तामाङको आठ अंक योगदान महत्त्वपूर्ण रह्यो। ब्वाइजको उपाधि भिडन्तमा पुष्पसदनले एन्जल्स हार्टलाई २१-१३ ले पाखा लगायो। दिल्सान महर्जनले टोलीको जितमा ८ स्कोर गरे। गर्ल्समा चाँदबागकी दिव्या गुरुङ तथा ब्वाइजमा एन्जल्स हार्टका सागर परियार 'मोस्ट भेलुएबल प्लेयर' चुनिए।



### बर्नहार्ट सेमिफाइनलमा

काठमाडौं, (नेस)। बर्नहार्ट र न्यु समिट आठौं बर्नहार्ट कप अन्तरकलेज बास्केटबल प्रतियोगिताको ब्वाइजमा शुक्रबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

बर्नहार्टले क्याम्पियनलाई ४७-३२ ले पराजित गऱ्यो। न्यु समिटले सीसीआरसीलाई ४८-३८ ले हरायो। ब्वाइजकै अन्य खेलमा गोल्डेनगेटले लिभरपुललाई ५१-४५, ग्रिनफिल्डले एन्जल्सलाई ४६-२७, मोर्गनले टाइम्सलाई ४५-२३ तथा जेभियरले ह्वाइटहाउसलाई ४९-३९ ले पाखा लगाउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरे।

### पिस प्वाइन्ट फाइनलमा

काठमाडौं, (नेस)। आयोजक पिस प्वाइन्ट र चार्ल्स डार्विन दोस्रो पिस प्वाइन्ट कप अन्तरविद्यालय फुटबल प्रतियोगिताको ब्वाइजमा शुक्रबार फाइनलमा प्रवेश गरेका छन्।

पिस प्वाइन्टले कमल नेत्र छुनामुनालाई ३-० गोलले पराजित गऱ्यो। विजयी टिमका लागि तेकिन लिम्बु, विशुराज गिरी र अनिल चौलागाईंले १-१ गोल गरे। चार्ल्सले ज्ञान निकेतनलाई टाइब्रेकरमा ४-१ गोलले हरायो। गर्ल्सतर्फ पनि आयोजक पिस प्वाइन्टसहित क्याम्ब्रिज यसअघि नै फाइनलमा पुगिसकेका छन्।

# फेडेररको अर्को पाँच सेटमा जित

न्युयोर्क, (एजेन्सी)

रोजर फेडेररले चिरपरिचित प्रतिद्वन्द्वी मिखाइल युजनीलाई पाँच सेटमा हराएर यूएस ओपनको तेस्रो चरणमा पुगेका छन्।

यी दुई खेलाडीले करिब २३ हजार दर्शकबीच आफ्नो पाको उमेरको छनक पनि हुन दिएनन्। ३६ वर्षीय स्विसले एक वर्ष कान्छो रसियन खेलाडी युजनीलाई ६-१, ६-७, ४-६, ६-४, ६-२ ले पन्छाएका हुन्। १९ ग्रान्डस्लाम उपाधि जितिसकेका फेडेररका लागि प्रतियोगितामा दोस्रोपटक पाँच सेटको सामना गर्नुपरेको थियो। यसअघि पहिलो चरणमा अमेरिकी युवा खेलाडी फ्रान्सेस टिआफोईलाई पनि उनले पाँच सेटमै हराएका थिए।

यो नतिजाले फेडेररको युजनीमाथि लगातार जितको क्रममा पनि ब्रेक लागेन। उनीहरू दुई जनाले सन् २००० देखि अहिलेसम्म १७ पटक एक अर्कासँग खेलिसके। तर अहिलेसम्म पनि युजनीले फेडेररलाई हराउने सपना साकार गर्न सकेका छैनन्।

फेडेररले तेस्रो चरणमा स्पेनका खेलाडी फेलिसियानो लोपेजसँग खेल्नेछन्।

यस्तै शीर्ष खेलाडी राफाल नाडाल पनि तेस्रो चरणमा पुगे। स्पेनका नाडालले जापानी खेलाडी टारो डेनिएलसँग पहिलो सेट हारेर पनि जित दर्ता गरेका थिए। उनले सो खेल ४-६, ६-३, ६-२, ६-२ ले जितेका थिए। यो नतिजाले नाडाल र फेडेररबीच सेमिफाइनल खेल हुने सम्भाव्यता पनि बन्दै गएको छ।



# ब्राजिलको लगातार नवौं जित

लन्डन, (एजेन्सी)

सन् २०१८ मा रसियामा आयोजना हुने फिफा विश्वकपअन्तर्गत दक्षिण अमेरिकी क्षेत्रको छनोट चरणको खेलमा इक्वेडरलाई २-० ले हराएपछि ब्राजिलले लगातार नवौं जित हात पारेको छ।

पाँचपटकको विश्व विजेता ब्राजिलको जितमा पाउलिन्हो र फिलिपे काउटिन्होले एक-एक गोलको योगदान गरे। ब्राजिलको घरेलु मैदान पोर्टो एलेग्रीमा भएको उक्त खेलको पहिलो हाफसम्म दुवै टोली गोलरहित बराबरीमा रोकिएका थिए। पहिलो हाफमा इक्वेडरलाई दवाबमा राखे पनि गोल गर्न नसकेको ब्राजिलले खेलको ७०औं मिनेटमा पहिलो गोल गऱ्यो। यसै सिजन चिनियाँ क्लबबाट स्पेनिस क्लब बार्सिलोना भित्रिएका पाउलिन्होले गोल गर्दै ब्राजिललाई सुरुआती अग्रता दिलाएका थिए।

पहिलो गोल भएको सात मिनेट नबित्दै ग्राबियल जिससको पासमा काउटिन्होले गोल गर्दै ब्राजिलको अग्रता दोब्बर पारे। उनी खेलको ५८औं मिनेटमा मात्र रेनाटो अगुस्टोलाई स्थापन्न गर्दै मैदान प्रवेश गरेका थिए। त्यसपछि खेलमा बाँकी रहेको समयमा पनि ब्राजिलले गोलसंख्या बढाउने थुप्रै अवसरहरू पाए पनि गोल थप्न सकेन।

यसअघि नै विश्वकपको यात्रा तय गरिसकेको ब्राजिल दक्षिण अमेरिकी छनोटमा १५ खेलबाट ३६ अंक जोड्दै शीर्ष स्थानमा यथावत् छ। दोस्रो स्थानमा रहेको कोलम्बिया ब्राजिलभन्दा ९ अंकले पछि रहेको छ। कोलम्बियाले बोलिभिया र चिलीसँग खेल्न बाँकी छ।

**अंकतालिका**

| टोली | खेल | अंक |
|---|---|---|
| ब्राजिल | १५ | ३६ |
| कोलम्बिया | १५ | २५ |
| उरुग्वे | १५ | २४ |
| चिली | १५ | २३ |
| अर्जेन्टिना | १५ | २३ |
| पेरु | १५ | २१ |

अर्जेन्टिनाले समूहमा ३ खेल खेल्न बाँकी छ। २३ अंकमा रहेको अर्जेन्टिनाले आगामी खेलहरूमा भेनेजुएला, पेरु र इक्वेडरसँग खेल्नेछ। यी तीनै टोली अर्जेन्टिनाभन्दा तल्लो स्थानमा रहेका छन्।

### अर्जेन्टिना कठिन मोडमा

शुक्रबार बिहान नै भएको दक्षिण अमेरिकी छनोटअन्तर्गत अर्जेन्टिनाले उरुग्वेसँग गोलरहित बराबरी खेलेपछि विश्वकपमा पुग्ने आशा झनै कठिन बनेको छ। अन्य खेलमा पाराग्वेले चिलीलाई ३-० ले र पेरूले बोलिभियामाथि २-१ को जित निकाल्दा पनि अर्जेन्टिनालाई अगाडि बढ्नेमा धक्का परेको छ। त्यस्तै कोलम्बियाले भेनेजुएलासँग गोलरहित बराबरी खेलेर एक अंक जोडेको थियो। एक अंक थप गरेको अर्जेन्टिना दक्षिण अमेरिकी छनोटमा पाँचौं स्थानमा रहेको छ।

अंक तालिकाको शीर्ष ४ मा रहने टोलीले अर्को वर्ष रसियामा हुने विश्वकपमा सोझै प्रवेश पाउनेछन् भने एक राष्ट्रले प्ले अफ खेल्नुपर्नेछ। जसअनुसार पाँचौं स्थानको टोलीले ओसियाना क्षेत्रको विजेतासँग प्ले अफमा भिड्नुपर्ने प्रावधान रहेको छ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ